# परिच्छेद-एक

# शोध परिचय

## १.१ विषय परिचय

रोल्पा जिल्ला नेपालको पाँच विकास क्षेत्र मध्येको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको राप्ती अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्ला लोकसाहित्यका विविध विधाहरूले भरिपूर्ण छ । लोकसाहित्यमा लोकगीतको स्थान पनि महत्त्वपूर्ण छ । लोकगीत मानव विकासका सँगसँगै उनीहरूका विविध पक्षहरू सामाजिक, साँस्कृतिक चाल-चलन, दुःख-सुख, हर्ष-पीडा, आशा-निराशा, उत्साह, उमङ्ग, प्रेमप्रसङ्ग, मनोविज्ञान आदिको अभिव्यक्त गर्ने सशक्त माध्यम हो । लोकगीतलाई लिखित साहित्य र लोकसाहित्यको पुरानो विधा र बलियो स्तम्भको रूपमा लिइन्छ । कुनैपनि समाजको विगतको इतिहास, त्यहाँको सामाजिक, आर्थिक, शैक्षिक अवस्था चेतना स्तर, समस्याहरू, व्यक्ति पक्षका प्रेम प्रसङ्ग र मनोविज्ञानका बारेमा जिज्ञासा हुन्छ भने सम्बन्धित समाजमा प्रचलित लोकगीतको अध्ययन गर्नु अति वाञ्छनीय हुन आउँछ किनभने लोकगीत लोकको विशुद्ध इतिहास, सिङ्गो वर्तमान र भविष्यको सूचक पनि हो ।

रोल्पा एक प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक, जातीय आदि विविधताले भरिएको जिल्ला हो । यहाँको समाजमा क्षत्री, मगर, बाहुन, ठकुरी, गुरुङ, कामी, सार्की, दमाई आदि जातका मानिसहरू बसोबास गर्छन् । त्यस्तै विभिन्न जात-जातिअनुसार भाषिक विविधता पनि पाइन्छ । जातीय र धार्मिक विविधता अनुसार तिनीहरूका चालचलन र परम्परामा पनि विविधता पाइन्छ । छैंटी, न्वारन, पास्नी, व्रतबन्ध, विवाह, चौरासी, मृत्यु जस्ता संस्कार कर्म र तीज, दशै, तिहार आदि चाडपर्वहरू मनाउँछन् । यी चाडपर्व र संस्कार कर्म मनाउँदा सम्बन्धित गीतहरू गाएर मनोरञ्जन गर्ने गरिन्छ । त्यसैले यहाँका चाडपर्व, संस्कार कर्म र लोकगीतको सम्बन्ध नङ र मासुको जस्तै रहेको छ । यहाँका लोकजीवनमा छैंटी, व्रतबन्ध र विवाह जस्ता संस्कार कर्ममा भजन गजल गीतहरू गाइन्छन् । रत्यौली विवाह संस्कारमा वरको घरमा गाइने गीत हो । यहाँ तीजमा तीजगीत, दशैंमा मालसिरी, तिहारमा भैलो, देउसिरे गीतहरू गाइन्छन् । धार्मिक अनुष्ठानका बेला भजन, कीर्तन जस्ता गीतहरू गाइन्छन् भने विभिन्न मेला जात्राहरूमा झ्याउरे गीतहरू त्यसैगरी रोपाइँ र दाइँ जस्ता विशेष कर्म गीतहरू गाइन्छन् ।

यसरी गाइने विभिन्न प्रकारका गीतहरूको मुख्य उद्देश्य मनोरञ्जन भए पनि फरक-फरक गीतहरूका विशेष रूपमा अध्ययन गर्दै जाँदा चरित्र निर्माण, समाजसुधारका लागि नैतिक उपदेश दिने रहेको पनि पाइन्छ । त्यस्ता गीतहरूमा मानसिक यथार्थ र व्यवहारिक जीवनसँग सम्बन्धित विविध पक्षहरूको यथार्थ चित्रण पाइन्छन् । अनपढ, अशिक्षित र ग्रामीण भुत्रेभाम्रे महिला पुरुषहरूबाट गाइने ती गीतहरूमा छन्द, अलङ्कार र रस जस्ता शास्त्रीय नियमका कुराहरू पनि स्वतः स्फूर्त रूपमै आएका हुन्छ । जसले गर्दा यहाँका लोकगीत साहित्यिक पाइन्छ । यस्तो परिस्थितिमा यहाँका लोकगीतको अध्ययन, अनुसन्धान र सम्बर्द्धन गरिनु आवश्यक छ । त्यसैले 'रोल्पा जिल्लाका लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण' विषयमा केन्द्रित रहेर यहाँका लोकगीतका विविध पक्षको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली लोकसाहित्यमा मात्र नभई लिखित साहित्यका समृद्धिका लागि लोकगीत बलियो स्तम्भका रूपमा रहेको छ । नेपाली लोकजीवनका आफ्ना अनुभूति, छटपटी, ढुकढुकी, सुस्केरा र सुसेली सबैथोक प्राकृतिक सौन्दर्यका प्रेरणाले लयात्मक रूपमा प्रस्फुटन हुने स्वरलहरीलाई लोकगीत भनिन्छ । नेपालमा विविध प्राकृतिक सौन्दर्य स्थलमध्ये रोल्पा पनि एक हो । त्यसैको फलस्वरूप यहाँ पनि लोकका अनुभूत, सुख-दुख, हर्ष आदि कुराको अभिव्यक्ति लोकगीतका माध्यमबाट धेरै पहिलेदेखि नै प्रस्तुत हुदै आएको पाइन्छ तर यहाँ गाइने लोकगीतका बारेमा हालसम्म अध्ययन अनुसन्धान नहुनु प्रस्तुत शोधपत्रको प्रमुख समस्या हो । यस मूल समस्याभित्र केन्द्रित रही निम्नलिखित समस्याहरूलाई समेटेर प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।

(क) रोल्पा जिल्लामा के कस्ता लोकगीतहरू प्रचलित छन् ?

(ख) रोल्पा जिल्लामा प्रचलित लोकगीतहरू के कति प्रकारका छन् ?

(ग) त्यहाँका लोकगीतहरूमा सामाजिक पक्ष र काव्यशास्त्रीय पक्ष के कस्तो रहेको छ ?

## १.३ शोधकार्यका उद्देश्यहरू

रोल्पा जिल्लामा प्रचलित लोकगीहरूको व्यवस्थित अध्ययन गर्नु नै यस शोधपत्रको मुख्य उद्देश्य हो । यस उद्देश्यसँग सम्बन्धित बुँदाहरू निम्न प्रकारका रहेका छन् -

(क) रोल्पा जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन गर्ने ।

(ख) रोल्पा जिल्लामा प्रचलित लोकगीतहरूको वर्गीकरण गर्ने ।

(ग) रोल्या जिल्लामा प्रचलित लोकगीतहरूको सामाजिक पक्ष र काव्यशास्त्रीय पक्षबाट विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यका अध्येताहरूबाट राष्ट्रिय स्तरमा लेखिएका केही पुस्तकहरूमा तथा लेखहरूमा रोल्पामा प्रचलित केही लोकगीतहरू सङ्कलित भएतापनि रोल्पामा मात्र केद्रित भएर यहाँको लोकगीतमा अध्ययन भएको छैन । नेपाली लोकगीतका निम्नलिखित अध्ययनहरू प्रस्तुत अध्ययनसँग सम्बन्धित छन्

(क) लक्ष्मीप्रसाद देवकोटाले **मुनामदन** (१९९२) खण्डकाव्यमा केवल झ्याउरे भनी नगरे हेला ! मेरा सज्जन भन्दै लोकगीलाई नेपाली गीत हो, यसमा नेपालीपन हुन्छ, त्यसैले हेला गर्नुहुदैन भन्ने सन्देश व्यक्त गरेका छन् ।

(ख) काजीमान कन्दङ्वाले जनताको घर आँगनमा मौलाएको गीतलाई लोकगीतका रूपमा चिनाएका छन् । नेपाली जनसाहित्य (२०२०) यिनले कुनैपनि क्षेत्र वा स्थान विशेषका लोकगीतका बारेमा चर्चा गरेको पाइँदैन् । लोकगीतको सिर्जनास्थल घर आँगन नै हो भनेका छन् ।

(ग) लोकसाहित्यका अध्येताहरू धर्मराज थापा र हंसपुरे सुवेदी **नेपाली लोकसाहित्यको विवेचना** (२०४१) नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यस पुस्तकमा पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका छरिएर रहेका लोकगीत, लोककथा, लोक नाटक, उखान-टुक्का र गाउँखाने कथाहरूको सङ्कलन र तिनीहरूका विषयमा विवेचना गरिएको छ । यसमा नेपाली लोकसाहित्यका विविध पक्षमा परिचयात्मक विवेचना प्रस्तुत गरिए तापनि रोल्पाली परम्परामा प्रयोग हुदैँ आएको लोकगीतका अध्ययन अनुसन्धान गरिएको छैन ।

(घ) कृष्णप्रसाद पराजुली **नेपाली लोकगीतको आलोक** (२०५७) नामक कृति नेपाली लोकगीतको अध्ययन-अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण कृति मानिन्छ । यस पुस्तकले नेपाली लोकसाहित्य भित्रको लोकगीतलाई राम्ररी परिभाषित गर्न मद्दत पुऱ्याएको छ ।

(ङ) चूडामणि बन्धुको **नेपाली लेकसाहित्य** (२०५८) नामक पुस्तकमा लोकसाहित्यमा रहेका विभिन्न विद्याहरूमध्ये लोकगीतको परिभाषालाई उजागर गरेको हुदाँ रोल्पामा

रहेका विभिन्न प्रकारका गीतलाई वर्गीकरण गरेर अध्ययन-अनुसन्धान गर्न सहज भएको देखिन्छ ।

(च) महेश कुमार आचार्यले **रोल्पा जिल्लाका खाम मगरहरूको सामाजिक संरचना** (२०५२) नामक शोधपत्र लेखेका छन् । प्रस्तुत शोधपत्रमा रोल्पा जिल्लाको उत्तरी भेगमा बस्ने खाम मगरहरूको सामाजिक संरचना, रहनसहन, संस्कृति र रीतिरिवाजकै बारेमा चर्चा गरिएतापनि सो मगर समाजमा प्रचलित लोकगीतको चर्चा गरिएको छैन ।

(छ) गोविन्द, आचार्यले **राप्ती अञ्चलका लोकगीतको विश्लेषण** (२०६०) शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा राप्तीका विभिन्न स्थानका गीतहरूलाई सङ्कलन गरी वर्गीकरण र विश्लेषण गरेका छन् । ठूलो क्षेत्रलाई केन्द्र बिन्दुमा राखेर गरिएको प्रस्तुत शोधपत्रले रोल्पा जिल्लाको सूक्ष्म, विश्लेषण गर्न बाँकी भएको हुँदा यहाँको शोध खोज गर्न उक्त शोधप्रबन्ध महत्त्वपूर्ण छ ।

(ज) **राप्तीका गीत** (२०६०) मा कतिपय रोल्पाली स्रष्टाको लोकगीतहरूको सङ्कलन गरिएको छ । यस सङ्कलनमा रोल्पामा परम्परादेखि मौखिक रूपमा प्रचलित रहेका नभएर केवल पाश्चात्य प्रभाव आत्मसात गरी सचेत रूपले लेखिएका आधुनिक पाराका गीत रहेका छन् । त्यसैले स्रष्टाका कोठेगीतबाट रोल्पाली लोकगीतको वास्तविक पहिचान हुन सकेको छैन ।

(झ) सरिता भारतीले **रोल्पा जिल्लाको साहित्यिक गीतविधिको सर्वेक्षणात्मक अध्ययन** (२०६२) शीर्षकमा एम.ए. शोधपत्र तयार पारेकी छिन् । उक्त शोधपत्रमा रोल्पा जिल्लाको लेख्य साहित्यको सृजना परम्परा, कविता, उपन्यास, निबन्ध, कथा, नाटक र समालोचना जस्ता विधाहरू तिनका स्रष्टाहरू र कृतिको सामान्य परिचय प्रस्तुत गरिएको छ तर त्यसमा लोकसाहित्यको विधा अन्तर्गत लोकगीतको अध्ययन भने भएको छैन ।

(ञ) मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले **नेपाली लोकसाहित्यको रूपरेखा** (२०६८) शीषर्कको पुस्तकमा लोकसाहित्यको ज्ञान आर्जन हुन सक्ने पक्षहरू समाहित भएको लोक साहित्यको सैद्धान्तिक अध्ययन तथा क्षेत्रको पहिचान र त्यसमा नवीनतम प्रवृतिहरूको परिचय प्रस्तुत गरिएको हुँदा यस शोधपत्र तयार पार्न महत्त्वपूर्ण सहयोग प्राप्त भएको छ ।

## १.५ शोधकार्यको औचित्य, महŒव र उपयोगिता

प्रस्तुत शोधकार्य रोल्पा जिल्लामा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यो काम प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण छ । रोल्पा जिल्लाका विभिन्न गाउँमा फैलिएर रहेका लोकगीतलाई एकै ठाउँमा समायोजन गरी व्यवस्थित रूपमा विभिन्न दृष्टिकोणबाट वर्गीकरण र विश्लेषण गर्ने उद्देश्य लिएको प्रस्तुत शोधकार्य महत्त्वपूर्ण छ । यस विषयमा हालसम्म कुनै कार्य नभएकोले यसको महत्त्व र औचित्य स्वतः स्पष्ट छ । रोल्पा जिल्लामा प्रचलित लोकगीतका सम्बन्धमा अध्ययन गर्ने र जानकारी लिन जिज्ञासा राख्ने पाठक वर्गका लागि प्रस्तुत शोधकार्य बढी लाभदायक हुनेछ ।

## १.६ शोध विधि

प्रस्तुत अध्ययनमा निम्नलिखित अध्ययन विधिहरूको प्रयोग गरिएको छ :

### १.६.१ सामग्री सङ्कलन विधि

**(क) प्राथमिक स्रोत**

यो शोधपत्रको विषय वा शीर्षक नै लोकगीत भएकोले उपयुर्क्त जिल्लाका स्थलगत अध्ययन अन्तर्गत सामग्री सङ्कलनको मुख्य विधि रहेको छ । यसमा रोल्पा जिल्लाको लिवाङ गा.वि.सं. निवासी ओमबहादुर सेन, बीर बहादु कवर, शर्मिला आचार्य आदिको गीतलाई प्राथमिक दिइएको छ । त्यसैगरी धवाङ गा.वि.सं. अन्तर्गत मनप्रसाद बुढा, भिमबहादुर वि.क. आदि त्यसैगरी ह्वामा गा.वि.सं. मा रामबहादुर डाँगी, चित्रबहादुर डाँगी, धना धर्ती आदिका गीतहरू बढी मात्रामा सङ्कलन गरिएको छ । यस क्रममा त्यहाँ प्रचलित पर्व, संस्कार, कर्म बाह्रमासे गीतहरू टिप्ने र रेकर्ड गर्ने गरिएको छ ।

**(ख) द्वितीयक स्रोत**

यस विधि अन्तर्गत सम्बन्धित पुस्तकहरूका साथ-साथै पत्रपत्रिकाहरू अध्ययनकाका लागि पुस्तकालयको पनि प्रयोग गरिएको छ । त्यसैले सामग्री सङ्कलन विधि अन्तर्गत क्षेत्रीय अध्ययन पद्धति र पुस्तकालय विधिलाई अवलम्बन गरिएको छ ।

### १.६.२ विश्लेषण विधि

लोकगीत एउटा सामाजिक र सामूहिक उत्पादन हो । लोकगीतको प्रयोग समाजकै विभिन्न सदस्यहरूले विभिन्न समय र परिस्थितिमा गर्छन् । प्रस्तुत अध्ययनमा निम्नलिखित अध्ययन विधिहरूको प्रयोग गरिएको छ-

**(क) सामाजिक**

समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न हरेक समाजमा आ-आफ्नो प्रकारको सामाजिक स्वरूप हुन्छ । एकातिर लोकगीत कुनै सामाजिक पृष्ठभूमिसँग गाँसिएको हुन्छ अर्कातिर लोकगीतले अनेक सामाजिक र साँस्कृतिक कार्यहरू सम्पादन गर्न केन्द्रीय भूमिका खेलेको हुन्छ ।

**(ख) काव्यशास्त्र**

लोकगीत साधारण जनताका भावुक हृदयको उद्गार र लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अधिव्यक्ति हो । यस अध्ययनमा विवेच्य क्षेत्रका लोकगीतमा पाइने काव्यतत्त्वको सर्वेक्षण अनुसार अलङ्कार र रसको सैद्धान्तिक पक्षबाट लोकगीतको विश्लेषण गरिएको छ । अलङ् कारले काव्यलाई अलङ्कृत तुल्याउँछ । त्यसैगरी काव्यमा विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ । सबै रसका छुट्टछुट्टै स्थायी भाव हुन्छन् । यसरी प्रस्तुत अध्ययनमा काव्यशास्त्रीय सिद्धान्तको आधारमा लोकगीतको विश्लेषण गरिएको छ ।

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्न छ परिच्छेदमा विभाजन गरिएको छ । सबै परिच्छेदका विभिन्न शीर्षक-उपशीर्षकहरूलाई दशमलव प्रणालीअनुसार व्यवस्थित गरिएको छ । यस अनुसारको शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : रोल्पा जिल्लाको सङ्क्षिप्त परिचय

परिच्छेद तीन : लोकगीतको परिचय र परिभाषा

परिच्छेद चार : रोल्पाका लोकगीतको परिचय र वर्गीकरण

परिच्छेद पाँच : रोल्पाका लोकगीतको विश्लेषण

परिच्छेद छ : उपसंहार

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

परिच्छेद-दुई

# रोल्पा जिल्लाको सङ्क्षित परिचय

## २.१ परिचय

रोल्पा जिल्ला नेपालको एक पहाडी जिल्ला हो । यो मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलमा पर्दछ । जिल्लाको पूर्वमा बाग्लुङ र प्यूठान जिल्ला, पश्चिममा सल्यान जिल्ला, उत्तरमा रुकुम जिल्ला र दक्षिणमा दाङ जिल्ला पर्दछ । यस जिल्लाको सदरमुकाम लिवाङमा रहेको छ । राजनीतिक तथा प्रशासनिक विभाजनको हिसाबले जिल्लालाई २ निर्वाचन क्षेत्र, ११ इलाका र ५१ गा. वि. स. रहेको छ । जसमा १ लाख २१ हजार ४ सय ६ जना महिला र १ लाख ३ हजार १ सय जना पुरुष रहेका छन् । यस जिल्लामा मगर जातिहरूको बाहुल्यता रहेको छ ।[१]

रोल्पा जिल्लाको सदरमुकाम लिवाङ हो । यस जिल्लाको जम्मा क्षेत्रफल १८९३ वर्ग कि. मी. छ भने गा. वि. स. ५१ छन् । संविधानसभा निर्वाचन क्षेत्र सङ्ख्या २ वटा छन् । यहाँको टलिफोन कोड ०८६ हो तर यहाँ भि-स्याट प्रविधिका फोनहरू पनि सुचारु छन्, जसको कोडनम्बर ०१९ हो तर अहिले सि. डि. एम. ए. र नमस्तेका सेवाहरू सुचारु छन् । हालै मात्रै स्काइ नेट वायरलेस प्रविधिको इन्टरनेट सेवा पनि सदरमुकाममा सञ्चालनमा ल्याएको छ ।[२]

यहाँ जलजला हिमाल (बराहक्षेत्र) राँकमा धुरी चुचुरो, सुनछहरी, जेदवाङ देउराली, जस्ता पर्यटकीय स्थलहरू छन् । त्यस्तै शिव पञ्चायन मन्दिर खुङ्ग्री, शिव गुफा जुगार, स्वर्गद्वारी प्रभुको जन्मस्थल रुन्टी (सखी), शिव मन्दिर गुम्चाल लगायतका धार्मिक स्थलहरू रहेका छन् ।

## २.२ नामकरण

रोल्पा भनेर चिनिने यो जिल्ला स्थान विशेष “रोल्पाथुम” को कारणले रोल्पा बनेको हो । तर अनौठो कुरा के छ भने अहिले ‘रोल्पा’ भन्ने स्थान रोल्पा जिल्लामा नपरी सल्यान जिल्लामा पर्दछ । सीमाना हेरफेर गर्ने क्रममा रोल्पाथुमको केही भाग रोल्पा जिल्लामा नपरी सल्यान जिल्लामा परेको छ । त्यही क्रममा रोल्पाथुमको केही भाग सल्यान जिल्लामा मिलाउदा ‘रोल्पा’ पनि सल्यानमै छुट्न गएको छ ।

---

[१] रोल्पा जिल्लाको वस्तुगत विवरण, (रोल्पा : जि. वि. स. कार्यालय, २०६९), पृ. १ ।
[२] रोल्पा जिल्लको वस्तुगत विवरण, पूर्ववत् ।

## २.३ इतिहास

नेपालको एकीकरण पछि प्युठान अन्तर्गत रहेका बाइँस, खुवा र कालाशेष तथा सल्यान अन्तर्गत रहेका दामाकोट र रोल्पासमेत चार थुमलाई समेटी वि. सं २०१८ सालदेखि बेग्लै जिल्लाका रूपमा रोल्पा जिल्लाको गठन भएको हो ।[३] यस जिल्लाको पनि आफ्नो छुट्टै ऐतिहासिक परिचय छ । रोल्पा जिल्लाको ऐतिहासिक सन्दर्भ केलाउँदा विक्रमको पन्ध्रौं शताब्दीतिररूले जस्तो प्रख्याति पाएनन् । गजुलकोटमा काठमा कुदिएको १७०५ को अभिलेख पाइएबाट त्यहाँ त्यसबेला राजदरबार रहेको प्रमाणित हुन्छ ।[५] गजुलकोटमा इँट र झिगटीले बनेको भव्य दरबार थियो तर गजुलकोट एउटा बेग्लै राज्य भए तापनि यहाँ सुरुदेखि नै राजाहरू बसको भने पाइँदैन । यस क्षेत्रमा प्रचलित जनश्रुतिअनुसार जाजरकोटमा राजा जक्ति सिंहका एक भाइ छोरा तुथा सिंह गजुलकोटका राजा थिए । उनले भुरे राजा डोर जैतामकी छोरी तुम्मावती मैयासँग विवाह गर्दा ती भुरे राजाले आफ्नी छोरीलाई दाइजोका रूपमा धवाङ, मिझिङ, फगाम, जेलवाङ, लिवाङ, रेउघा, जङकोट, कोटगाउँ, होमा, धाङसी, धवाङ, दाङ्ढुङ, खुमेल र त्यसबेला प्यूठान राज्य अन्तर्गतको खुङ्गी राज्य उपहार दिएका थिए ।[६] तुथा सेनका छ पुस्ता पछि धैर्यपाल गजुलमै राजा भए र उनका भाई कर्णपाल खड्ग्रीकोटका राजा भए ।[७] राज्य रजौटा उन्मुलनपश्चात् पनि भत्ता पाउँदै आएका अन्तिम राजा भने फत्तेप्रचण्ड बहादुर सिंह हुन् र उनको मृत्यु २०४९ सालमा भयो ।

गोरखाका राजा पृथ्वीनारायण शाहले सुरु गरेको नेपालको एकीकरण अभियान रणबहादुर शाहका शासनकालमा राजमाता राजेन्द्रलक्ष्मी र राजकुमार बहादुर शाहले नायवीकालमा अरु विस्तारित हुँदै गयो । नायब बहादुर शाहले पश्चिमका राज्यहरूमाथि विजय प्राप्त गर्न पाल्पाका राजा महादत्त सेनको सहायता लिएका थिए । यसै क्रममा हालको रोल्पा अन्तर्गत रहेका राज्यहरूमा पनि बहादुर शाहले विजय प्राप्त गरेका थिए ।[८]

---

[३] केशव सुवेदी, 'रापतीका कविता : पृष्ठभूमि र परम्पार' **मध्यपश्चिमका कविता** (काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३), पृ. १५२ ।

[५] भोजराज आचार्य (सम्पा.), **रोल्पाबिम्ब**, (काठमाडौं : रोल्पा विकास समाज, २९५७) पृ. ५३ ।

[६] श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत् ।

[७] रोल्पा जिल्लाको वस्तुगत विवरण, पूर्ववत् ।

[८] ऐजन, पृ. १०५ ।

## २.४ भौगोलिक-प्राकृति परिचय

हाम्रो देश नेपाललाई प्रशासनिक सुविधाका लागि पाँच विकासक्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । नेपालका पाँच विकासक्षेत्रहरू मध्ये मध्यपश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने राप्ती अञ्चलका पाँच जिल्लाहरूमध्येको एउटा जिल्ला रोल्पा हो । दहलेक, घिमिरे लेक, गुलुङ धुरी, थामको लेक, जङकोट, सनाही पोले लेक, धाम लेक आदि लेकैलेक, अग्ला डाँडा र पर्वतका शृङ्खलाहरूबाट बनेको यस जिल्लाको भू-भागलाई यहाँ बग्ने भेरी, शारदा नदी तथा माडी र लुङ्ग्री जस्ता नदी र खोलाहरूले बीचबीचबाट चिरेका छन् । नेपाल अधिराज्यको मध्यपहाडी क्षेत्रमा पने रोल्पा जिल्लाको भू धरातल समुद्रसतहबाट ७०१ मिटर देखि ३,६३९ मिटरसम्मको उचाइमा अवस्थित छ ।[९] यस जिल्लाको कुल क्षेत्रल १८९३ वर्ग कि. मी. (१८७१५० हेक्टर) छ ।[१०]

नेपालको मानचित्रमा हेर्दा सुन्तलो जथाकको लेक र उत्तरपूर्वमा बाग्लुङ जिल्लाको मकोटको लेकले रोल्पा जिल्लाको सिमानालाई छुट्याएका छन् । रापती अञ्चलको सबभन्दा ठूलो जिल्ला रोल्पालाई प्रशासनिक एवम् राजनैतिक प्रयोजनका लागि ५१ गा. वि. स., ११ स्थानीय इलाका र २ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जसमध्ये क्षेत्रनं. १ मा ५ इलाका, २५ गा. वि. स. र क्षेत्र नं. २ मा ६ इलाका , २६ गा. वि. स. पर्दछन् । राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार कुल जनसंख्या २२४५०६ छ जसमध्ये महिला १२१४०६ र पुरुष १०३१०० रहेका छन् ।[१३] यस जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर १.५६ प्रतिशत रहेको छ ।[१४]

भू-बनावटको आधारमा रोल्पा जिल्लालाई लेकाली भाग, पहाडी भाग र बेशी तथा टारहरू गरी तीन मुख्य प्राकृतिक स्वरूपमा विभाजन गर्न सकिन्छ ।[१५] लेकाली भाग अन्तर्गत पर्ने रोल्पा जिल्लाको सबभन्दा ठूलो अग्लो दुरी स्याउलाबाङको उचाइ समुद्र सतहबाट करिब ३,६३९ मिटर छ ।[१६] यस भागमा पर्ने दाह्रे गौंडा, गुलङधुरी, जथाकलेक जस्ता लेकहरूमा हिउँदको महिनामा हिउँ पर्ने भएकाले निकै जाडो हुन्छ । यसका उच्च भागहरू कोणधारी रुखहरूले ढाकिएका छन् । भने तल्लो भेगका पाखाहरूमा अधिकांश गाउँबस्तीहरू छन् । जिल्लाका धेरैजसो पाखोवाली लाग्ने जग्गाहरू पनि यसै क्षेत्रमा

---

[९] ऐजन ।
[१०] ऐजन, पृ. २ ।
[१३] ऐजन ।
[१४] ऐजन ।
[१५] ऐजन ।
[१६] ऐजन ।

पर्दछन् । उच्च भागका धूपीसल्ला, लालिगुराँस आदि बनास्पतिहरू पाइन्छन् । यसैगरी जिल्लाको पश्चिमोत्तर सिमानाका रूपमा रहेको भेरी नदी तथा जिल्ला भित्रै बग्ने माडी र लुङ्ग्री नदी तथा अन्य सहायक खोलाहरूले बेसी र टारहरू बनाएका छन् ।

यस जिल्लाको वरपरका लेक तथा डाँडाहरूबाट उत्पन्न भएका खोलानाहरूले बगाएर ल्याएको मलिलो माटोले बनेको यो प्रदेश उब्जनीका दृष्टिबाट निकै उर्वरशील छ । अर्ध-उष्णहावापानी पाइने यस प्रदेशमा साल, आँप, खयर, चिउरी तथा चिलाउने आदि वृदा-वनस्पतिहरू प्रचूर मात्रामा पाइन्छन् ।

रोल्पा जिल्ला भर बग्ने नदीनालाहरूमध्ये माडी र लुङ्ग्री नदी मुख्य हुन् । माडी नदी रोल्पा जिल्लाको करिब करिब बीच भागबाट जङ्कोट, कोटगाउँ, लिवाङ, करेटी, जेदबाङ, घोडागाउँ हुँदै बगेको छ र यो नदी खुङ्ग्रीको चतुर्भुज दोभानमा लुङ्गी नदीसँग मिसिन्छ । यसको पौराणिक नाम चित्रावती नदी हो । यसका सहायक नदीहरू गाडखोला, च्युरागाड खोला, धाङ्सी खोला र सिवाङ खोला हुन् । माडी नदीका वरपर बस्ने मानिसहरूलाई माडी खोले भन्दछन् । लुङ्ग्री नदी रोल्पा जिल्लाको पूर्वतर्फ जैमाकसला, हार्जङ, गुम्चाल, वडाचौर, मिभिङ हुँदै बगरे चतुर्भुज दो रापती नदी बन्दछ । चतुर्भुज दोभानमा माघेसङ्क्रान्तिका दिमा स्नान गरी पूजाआजा गर्नका लागि श्रद्धालु भक्तजनहरूको ठूलो भीड लाग्ने गर्दछ । यस ठाउँमा मरेका मानिसहरू जलाउने वा गाड्ने प्रचलन पनि छ । जिल्लाका अन्य स-साना खोलानदीहरू हुङ्ग्री, लहरी, बगाउने, चुनबाङ, वाफ्, केवरी, पुतली, आङ, बलाले, जङग्वार, राइबाङ, ताजरी परेमा, दहै, यौमा, फाल्जा आदि हुन् ।

रोल्पा जिल्लाको स्यूरीमा रहेको सुनछहरी यहाँको अत्यन्तै प्रसिद्ध झरना हो । सुनछहरीबाट बगेको खोला लुङ्ग्री नदीमा मिसिन्छ । लुङ्ग्री नदीमा सुनछहरीबाट बगेको खोला मिसिने भएकाले नै यस नदीको पौराणिक नाम सुवर्णवती नदी रहन गएको हो । सनछहरी भरनाका मूलमा सुनको खानी छ भन्ने भनाई छ । त्यसैले लुङ्ग्री नदीको वरपर बस्ने मानिसहरूले फुर्सदको समयमा त्यहाँको बालुवा चालेर सुन निकाल्ने काम गर्दै आएका छन् । बालुवामा सुन चाल्दा १ तोला सम्मको सुनको ढिक्का फेला पारेको कुरा यहाँका मानिसहरूको मुखबाट सुन्न पाइन्छ । अहिले यसरी सुन चाल्ने काम अति कम भएको छ । सुनछहरी बाहेक यहाँका अन्य सानातिना झनाहरूमा धागे छहरा, लहरी छहरा आदि पर्दछन् ।

यहाँको हावापनी समशीतोष्ण प्रकृतिको छ । उत्तरी लेकाली भागमा हिउँदको समयमा निकै जाडो हुन्छ । गर्मीको समयमा खोलानाला र नदीहरूले बनाएका टार र उपत्यकाहरूमा निकै गर्मी हुन्छ । सामान्यतया यस जिल्लाको तापक्रम अधिकतम ३१.२ डिग्री सेल्सियस र न्यूनतम ३.६ डिग्री सेल्सियस रहेको पाइन्छ भने वर्ष अधिकतम ४४१ कि. मि. र न्यूनतम १.४ मि. मि. रहेको पाइन्छ ।

रोल्पा जिल्लाको कुल भू-भागको दुई तिहाई भन्दा बढी क्षेत्र विभिन्न प्रकारका वनजङ्गलले ढाकेको पाइन्छ । यहाँ पाइने विभिन्न किसिमका वन्यजन्तुहरूमा विशेष गरी भालु, चितुवा, कस्तुरी, मृग, खरायो, बनेल, घोरल, थार, बानर, ब्वाँसो, ढेडुवा, मालसाप्रो, फ्याउरो प्रमुख छन् भने पंक्षीहरूमा डाँफे, मुनाल, मयूर, सुगा, कोइली, ढुकुर, कालिज, तित्रा, च्याखुरा, सारौं, कौवा, गिद्ध आदि प्रमुख छन् ।

रोल्पा जिल्लामा घरपालुवा जनावहरू पनि प्रशस्त मात्रामा पाइन्छन् । ती जनावरहरूमा गाई, भैंसी, भेडा, बाख्रा, सुँगुर आदि प्रमुख मानिन्छन् । त्यस्तै घरपालुवा पंक्षीहरूमा हाँस, कुखुरा, परेवाहरू नै अधिक मात्रामा पाइन्छन् ।

यहाँका पयर्टकीय स्थलहरूमा जलजला हिमाल (बराह क्षेत्र) शङकमाधुरी चुचुरो, सुन छहरी, जेदवाङ देउराली हुन् । यस जिल्लामा फलाम खानी, सुनखानी, कोइला खानी, चुन खानी, सिसा खानी र स्लेट खानी जस्ता खनिज पदार्थका स्रोतहरू छन् भनिन्छ तर भौगोलिक विकटता र प्रचार-प्रसारको कमीको कारणले गर्दा यी पर्यटकीय स्थलहरू र खानीहरू ओझेलमा परेका छन् ।

## २.५ सामजिक सांस्कृतिक परिचय

विभिन्न जातजाति र धार्मिक जनजाति सम्प्रदायहरूको संयोगबाट कुनै पनि समाजको निर्माण भएको हुन्छ । यिनै जातजाति आदिका परम्परागत संस्कार, धर्मको रहनसहन, सामाजिक प्रचलन आदिबाट सामाजिक जनजीवनको निर्माण भएको हुन्छ भने यसबाट सामाजिक-सांस्कृतिक परिचय पनि पाउन सकिन्छ । रोल्पा जिल्ला पनि विभिन्न जातजातिका मानिसहरूको बसोबास भएको जिल्ला हो ।[१७]

रोल्पा जिल्लाका विभिन्न जातिहरूमध्ये बहुसङ्ख्यक जाति मगर, क्षेत्री, कामी, दमाई, ब्राह्मण र ठकुरी छन् भने अन्य अल्पसङ्ख्यक जातिहरू जिल्लाको विभिन्न भागमा छरिएर बसको छन् । जिल्लाको उत्तरी भेगीतर बढी मात्रामा मगर जातिको बसोबास रहेको पाइन्छ

[१७] रोल्पा जिल्लाको वस्तुगतविवरण, पृ. ५, ६, ७ ।

भने दक्षिणी भेगीतर ब्राह्मण, क्षेत्री ठकुरी, कामी, दमाई, वादी र केही मात्रामा मगरहरूको बसोबास रहेको पाइन्छ ।

**क) धर्म**

यस जिल्लामा बसोबास गर्ने विभिन्न जाताजातिका मानिसहरू विभिन्न धर्म मान्ने गर्दछन् । रोल्पा जिल्लामा धार्मिक दृष्टिले हिन्दू, बौद्ध, इस्लाम, किराँत, जैन, क्रिश्चियन, शिख धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् ।[१८] ती मध्ये सबभन्दा बढी हिन्दूहरू रहेको पाइन्छ । यिनीहरूको सबभन्दा ठूला चाडहरू दसैं र तिहार हुन् । साथै यिनीहरूले माघेसङ्क्रान्ति, कृष्णाष्टमी, जैनैपूर्णिमा र चैत्राष्टमी जस्ता चाडहरू धूमधामसँग मनाउँछन् । ब्राम्हण र क्षेत्री जातिका प्रमुख चाड दसैं र तिहार हुन मगरजातिको प्रमुख चाड माघेसङ्क्रान्ति हो ।

बाहुन, क्षेत्री ठकुरी तथा सन्यासी जातिमा छोरा जन्मेको ६ दिनमा छैंटी र छोराछोरी दुवैको ११ औं दिमा न्वारन गरिन्छ । यो जातिहरूमा छोरा जन्मको ६ महिनामा र छोरी जन्मेको ५ महिनामा भातख्वाइ गर्ने चलन छ । ब्राह्मणहरूले ७ वर्षपछि छोराको उपनयन गर्ने चलन छ र क्षेत्र, ठकुरी, सन्यासी आदि जातिले प्रायः विवाहकै समयमा उपनयन संस्कार गर्दछन् । अधिकांश हिन्दू धर्मावलम्बीहरू हिन्दू परम्परा अनुसार विधिपूर्वक मागि विवाह गर्दछन् । भने कतिपय युवायुवतीहरूले प्रेमविवाह गरेको पनि देखिन्छ । उमेर नपुगेका नाबालहकको मृत्यु भएमा तीन दिन ठाडो किरिया बसी जुठो बार्ने चलन छ । भने उमेर पुगेका ठूला मान्छे मरेमा १३ दिन जुठोबार्ने चलन छ ।

रोल्पा जिल्लामा बसोबास गर्ने जातजातिहरू मध्ये बहुसङ्ख्यक मगर जातिमा बच्चा जन्मेर नाइटा झरेपछि ५ वा ७ दिनमा न्वारन गरिन्छ । यस जातिमा मागी विवाह र प्रेमविवाह गर्ने चलन छ । मामाकी छोरी र फुपूका छोराबीच मागी विवाह गर्ने परम्परा छ । विवाहको समयमा केटापक्षले केटी पक्षलाई आफ्नो हौसियत अनुसार साही दिने गर्दछ । मरेको लासलाई आफ्नो इष्टमित्रहरूले मुख हेरिसकेपछि उल्टो बाजा बजाउँदै वनमा लगेर अग्लो ठाउँमा गाड्ने वा जलाउने गर्दछन् । दुःख बोकेको छोराछोरीहरूले आफ्नो मान्यजनलाई ढोग गर्दछन् र ती मान्यजनहरूले दुःख गयो सुख आयो भनी आशीर्वाद दिएपछि शुद्ध भई कन्या, भान्जा भान्जीहरूलाई खुवाउने गर्दछन् । विशेषगरी उभेली र उधेली मगर जातिका प्रमुख चाडपर्व हुन् । माघेसङ्क्रान्तिलाई भूमिपर्व वा उधेली चाड

---

[१८] रोल्पा जिल्लाको वस्तुगत विवरण, पृ. ८

भनिन्छ । नेवार जातिका मानिसहरूले आफ्नै परम्परागत विधिहरू अङ्गाली कर्मकाण्ड गर्दछन् । कामी, सार्की, दमाई आदि जातिहरूमा भने आफ्ना भान्जा भान्जी, ज्वाइँहरूलाई टीका लगाई दक्षिणा समते दिई कुलधर्म अनुसार जुठो, सूतक र बराखी बार्ने र फुकाउने गर्दछन् । यस जिल्लामा धामी झाँक्रीको परम्परागत प्रभाव कायमै भए तापनि शिक्षा र जनचेतनाका कारण यस्ता रुढी र अन्धविश्वासहरू क्रमशः हराउँदै गएका छन् ।

**ख) भाषा**

रोल्पा जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने भएकाले यहाँ राष्ट्रभाषा नेपालीका साथै आ-आफ्ना मातृभाषा पनि बोल्ने गर्दछन् ।[१९]

## २.५ मठमिन्दर तथा तीर्थस्थलहरू

नेपाल एक हिन्दू अधिराज्य भएको हुनाले यहाँका मानिसहरू धर्मप्रति आस्था र विश्वास राख्दछन् । मन्दिरै मन्दिरको देश भनेर चिनिने नेपालमा परापूर्वकाल देखि नै हिन्दूहरूले ब्रम्मा, विष्णु, महेश्वर आदि देवताहरूको मूर्ति स्थापना गरी तिनलाई पुज्ने परम्परा यहाँ विद्यमान छ । यहाँका मानिसहरू मठमन्दिरमा गएर देवीदेवताको पूजा आजा गर्दछन् ।

स्वर्गद्वारी महाप्रभुले दैनिक रूपमा स्नान गर्ने ठाउँका रूपमा प्रसिद्ध माडी ( चित्रावती) र लुङ्ग्री (सुवर्णावती) नदीको सङ्गमस्थल चतुर्भुज दोभान रोल्पाका पवित्र तीर्थस्थलहरूमध्ये एक हो । यहाँ माघेसङ्क्रान्ति, वसन्तपञ्चमी तथा श्रीस्वस्थानी परमेश्वरीको शुभारम्भ र सङ्गेका अवसरमा रोल्पा र प्यूठान जिल्लाका साथै जिल्ला बाहिरका श्रद्धालु भक्तजनहरू आई स्नान गरी पुण्य कमाउने गर्दछन । वसन्तपञ्चमी र माघेसङ्क्रान्तिका दिनमा दोभान माथिको समथर भू-भागमा मेला पनि लग्ने गर्दछ । मेलामा धार्मिक कार्यका साथसाथै नाचगान एवम् कहिलेकाहीँ लडाइँ झगडा पनि हुने गर्दछ । माडी र लुङ्ग्रीको दोभानमाा पौराणिक कालमा ऋषिमुनिहरूले तपोभूमि बनाएका थिए भन्ने जन्मश्रुती पाइन्छ । रोल्पा रा सुन्दरीदेवीको मूर्ति र मन्दिरहरू रहेका छन् । पूजारी हर्कबहादुर गिरीबाट साँझ बिहान शङ्ख ध्वनिका साथ पूजा आजा गरिदै आएको यस मन्दिरमा बडादशैं, चैते दशैमा राँगा, बोका, परेवा, कुखुरा, हाँस कुभिण्डो आदिको पञ्चवलि दिइन्छ । खुङ्ग्रीकोट र गजुलकोटमा दरबारमा पनि वडा दशैको अष्टमीका दिनमा खड्गपूजा गरी पञ्चवलि दिने चलन छ । लिवाङको शिवमन्दिर, जिनावाङको शिवगुफा र गुञ्चालको

[१९] रो. जि. व. वि. ऐजन, पृ. ७, ८ ।

शिवमन्दिर जस्ता मन्दिरहरूमा पनि शिव रात्रीका दिनमा भव्य रूपमा पूजा आजा गरिन्छ । जलजलाको बराहक्षेत्र या थवाङको बज्यू र बराहक्षेत्र यो मगगर जातिका कुल देवता भएको वर्षको दुईपटक जेष्ठपूर्णिमा र साउनको जनैपूर्णिमामा यहाँ तीन दिनसम्म ठूलो मेला लाग्दछ ।[२०] उक्त मेलामा छिमेकी जिल्लाका मानिसहरू पनि पूजाआजाका लागि आउँछन् । बराह देवताको पूजामा हजारौं भेडा बोकाहरूको बलि दिइन्छ । ब्राह्मण, विष्णु, महेश्वरका तीनकुण्ड र कैले बराह, बज्युस्थान एवम् मालुङ बज्यूको देवस्थल भएको जलजला धुरीले रोल्पा जिल्लाको सौन्दर्य बढाउनमा पनि ठूलो भूमिका खेलेको छ ।

## २.८ आर्थिक अवस्था

रोल्पा जिल्लाको आर्थिक अवस्था निकै कमजोर छ । अधिराज्यका अन्य जिल्लाहरू जस्तै रोल्पा पनि कृषिमा नै निर्भर रहेको छ । प्रायः ग्रामीण परिवेशयुक्त रोल्पा जिल्लामा सहरीकरणको हावासमेत लाग्न सकेको छैन । जिल्लामा कुल भू-भागको ३६६९५ कृषि योग्य जमिन छ भने त्यसमध्ये ३०४३ हेक्टर जमिनमा खेती गरिएको छ ।[२१] पानीमो मुहान नहुनु, भएपनि सिंचाई सुविधा नहुनु पनि रोल्पाको अार्थिक विकासका चुनौतिहरू हुन् । यस जिल्लामा ठटुवाभाङ्ग्रो उद्योग, काष्ठ तथा फर्निचर उद्योग, पाउरोटी उद्योग, पानी मिल, निर्माण सेवा लगायतका २७१ वटा उद्योगहरू दर्ता भए तापनि उन्नत किसिमका उद्योग कलकारखानाहरूको स्थापना अझै हुन नसकेकोले आर्थिक आयआर्जनको मूल स्रोतको रूपमा परम्परागत कृषि व्यवसाय, पशुपालन आदि नै रहेका छन् । स्थानीय आयस्रोतबाट रोल्पालीहरूको दुई छाक हातमुख जोर्न नसके पनि गाउँबाट लाहुरे भइ मुग्लान (भारत, कतार, दुवई, मलेसिया, हङकङ आदि) पसेको युवाहरूले फर्केर आउदा कमाएर ल्याएको धन पनि रोल्पालीहरूको आय आर्जनको मूलस्रोत बनेको देखिन्छ ।

रोल्पाको उच्च पहाडी भू-भागमा बस्ने हरूले शिलाजित, खोटो, दालचिनी, टिम्बर चिराइतो मल्लागिरी, तारेफुल, घोरनासिंगेडा, पाँचऔंले आदि जडिबुटीहरू सङ्कलन गरेर तिनलाई स्थानीय बजार तथा छिमेकी जिल्ला दाङ, प्यूठानमा बेचबिखन गरी धेरैथोरै आयाआर्जनका स्रोतमा रूपमा रहेको देखिन्छ । यसैगरी स्थानीय स्रोतबाट राडीपाखी, कम्मल, ठेटुवा, भाङ्ग्रो, नाङ्लो, मान्द्रो, टोकरी, डोको आदि वस्तुहरू उत्पादन गरी स्थानीय बजार तथा जिल्लाबाहिर घोराही, प्यूठान, कृष्णनगर, बुटवल, नेपालगञ्ज आदिजस्ता बजारमा निर्यात गरेर पनि केही आय आर्जन गरेको देखिन्छ ।

---

[२०] श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृ.१०७ ।
[२१] **रोल्पा जिल्लाको वस्तुगत विवरण**, पूर्ववत्, पृ ११ ।

रोल्पा जिल्लामा व्यापार गर्ने प्रमुख बजारहरू लिवाङ, सुलिचौर, होलेरी र जुगार आदि हुन् । स्थानीय मानिसहरूले यी बजाहरूमा माल सामान लगी बिक्री गरी केही आर्जन गर्दछन् । यसैगरी रोल्पा जिल्लामा भएका तामाखानी, सुनखानी, ढुङ्गाखानी आदिबाट पनि केही आयआर्जन गर्दछन् । सङ्क्षेपमा शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदिका सुविधा उपलब्ध हुननसकेको नेपाल अधिराज्यको दुर्गम जिल्लामा मध्येको एक रोल्पा जिल्लाको आर्थिक दुरावस्था खेप्दै आइरहेको देखिन्छ ।

## २.९ शैक्षिक अवस्था र विकास

रोल्पा जिल्ला, भौगोलिक हिसाबले विकट र विकासका दृष्टिले पिछडिएको जिल्ला हो । राप्ती अञ्चलका अन्य जिल्लाहरूको तुलनामा यहाँ शिक्षाको विकास त्यति हुन सकेको छैन । यहाँको बाहुन समाज र कर्मकाण्डका निम्ति संस्कृत पढ्ने परम्परा निकै पुरानो भए तापनि त्यसबाट खासै शैक्षिक जागरण र विकास हुन सकेको देखिँदैन । यसरी रोल्पा जिल्लामा पाठशालाहरूको स्थापना हुनु भन्दा अगाडि कतिपय बाहुनसमाजमा बाहेक क्षेत्री, मगर, कामी, दमाई लगायतका अन्य जातिहरूले शिक्षाको अवसर प्राप्त गर्न नस की अशिक्षा र रुढिग्रस्त जीवनयापन गर्दै आएको पाइन्छ । यस जिल्लामा शिक्षादीक्षाका निम्ति विद्यालय, महाविद्यालय नखुलेका कारण शिक्षको खासै प्रचारप्रसार हुन सकेको छैन ।

नेपाल अधिराज्यका अन्य पहाडी जिल्लाहरूमा जस्तै रोल्पा जिल्लामा पनि चन्द्रशमशेरका शासनकालका अन्त्यतिर दुईवटा संस्कृत पाठशाला खोलिएका थिए । यो रोल्पाको शैक्षिक जागरणका लागि पहिलो पाइलो थियो । ती दुई पाठशाला सिर्प र खुङ्ग्रीमा अवस्थित थिए । रोल्पा जिल्लाको सिर्पमा 'आधार संस्कृत पाठशाला' र वर्तमान रोल्पा जिल्लाको खुङ्ग्रीमा 'श्री त्रिपुरेश्वरी आधार संस्कृत पाठशाला' छन् ।[२२] यसपछि २००८ सालमा ओविराम सुवेदीको अध्यक्षयतामा गजुलकोटमा श्री जनउद्धार पाटेश्वरी प्राइमरी स्कुल स्थापना भयो ।[२३] यो जनस्तरबाट स्थापना भएको पहिलो विद्यालय हो । यसको एक दशक पछि २०२३ सालमा रोल्पा जिल्लाको लिवाङमा मात्र सीमित भएका कारण यहाँका पायक पर्ने ठाउँका मानिसहरू आई शिक्षा आर्जन गर्न थालेको देखिन्छ । यसबहेक २००७ सालपछि कतिपय रोल्पाली युवाहरू भारतको वनारसमा गएर पनि शिक्षा आर्जन गर्न थालेको देखिन्छ । बालकल्याण मा. वि. पछि रोल्पामा क्रमशः श्री जनज्याती मा. वि. गजुल, श्री बीरबलभद्र मा. वि. थवाङ, श्री महेन्द्र मा. वि. जुँगार, श्री वीरेन्द्र मा. वि. नाउँली

[२२] सरिता भारतीबाट प्राप्त जानकारी अनुसार ।
[२३] रमेश सुवेदीबाट प्राप्त जानकारी अनुसरा ।

जिनावाङ, श्री जनसेवा मा. वि. राङ्सी, श्री अरनिको मा. वि. नुवागाउँ, श्री बरहक्षेत्र मा. वि. बडाचैर लगायतका विद्यालयहरू स्थापित र सञ्चालित हुँदै गए । हालसम्म रोल्पा जिल्लामा सरकारी र गैर सरकारी विद्यालयहरूको सङ्ख्या जम्मा ४२६ रहेको छ जसमध्ये प्रा. वि. २८०, नि. मा. वि. ८६, मा. वि. ४८, उ. मा. वि. १० र क्याम्पस २ वटा सञ्चालन भइसकेका छन् ।[२४]

यसै गरी रोल्पा जिल्लाको सदरमुकाम लिवाङ्मा २०४८ सालमा नेपाली साहित्यका प्रतिष्ठित निबन्धकार तथा समालोचक राममणि रिसाल प्रमुख जिल्ला अधिकारी (सी. डि. ओ.) भएर गएको अवसरमा जिल्लामा एउटा क्याम्पसको आवश्यकता महसुस गरी उहाँकै विशेष सक्रियता र रोल्पाका समाजसेवी चिन्तामणी आचार्यको संयोजकत्वमा रोल्पा क्याम्पस स्थापनाका लागि तदर्थ समितिको गठन भएको थियो ।[२५] यस समितिमा वर्मन बुढा, कृष्णबहादुर महरा लगायतका शिक्षाप्रेमी, स्थानीय व्यक्तित्वहरू, सदस्यका रूपमा रहेका थिए । राममणि रिसालले दुईलाख पचासहजार रोल्पाली जनतासँग एक-एक रूपैंया चन्दा उठाउने उद्देश्यले प्रथमतः आफ्नै टोपी थापेर चन्दा अभियान सुरु गर्नु भएको थियो । यता त्रिभुवन विश्वविद्यालयसँग से पवित्र उद्देश्यले त्यतिखेर स्थापित हुन सकेन । रिसालको सक्रियतामा शुभारम्भ गरिएको रोल्पा क्याम्पस पछि २०६१ सालमा जलजला क्याम्पसको नाममा रोल्पामा पहिलो क्याम्पस स्थापना भएको हो । हाल यस क्याम्पसमा स्नातक तहसम्मको पढाइ सञ्चालन हुँदै आएको छ । यसरी राममणि रिसालले थोरै समयमा पनि रोल्पा जिल्लाको शैक्षिक विकासमा उल्लेखनीय योगदान दिएको पाइन्छ ।

जिल्लाभरि नै क्रमशः विद्यालयहरू खुलेका कारण रोल्पाली समाजमा शिक्षाको प्रभाव पर्दै जानु स्वाभाविकै थियो । यही शैक्षिक प्रसार र जनजागृतिका कारण वर्तमान अवस्थामा रोल्पा जिल्लाका कुनाकुनामा विद्यालयहरू स्थापना भएका, हुँदै आएका छन् । विगतका दिनहरूमा शिक्षाको समुचित अवसर पाउन नसकी घाँस दाउरा र कुटोकोदालोमा सिमित भएका रोल्पालीहरूले प्राथमिक शिक्षादेखि लिएर उच्च शिक्षासम्मको अध्यापनको अवसर पाउन थालेका छन् । यसले गर्दा रोल्पा जिल्लाको शैक्षिक जागरण र विकासमा थप टेवा पुगेको छ । यसरी राप्ती अञ्चलमा अन्य जिल्लाहरूको तुलनामा यस जिल्लामा शिक्षाको

[२४] **रोल्पा जिल्लाको वस्तुगत विवरण**, पूर्ववत, पृ. २३ ।
[२५] चिन्तामणि आचार्यबाट प्राप्त जानकारी अनुसार ।
[२५] चिन्तामणि आचार्यबाट प्राप्त जानकारी अनुसार ।

चहलपहल धेरै पछिमात्र सुरु भएका कारण शैक्षिक जागरणको अभावमा यहाँका साहित्यिक तथा सिर्जनात्मक गीतविधिहरू त्यति समृद्ध भएको देखिँदैन ।

रोल्पा जिल्लाको शैक्षिक जागरण र विकासमा रोल्पा जिल्लाको रुन्टीमा जन्मिएका नारायण क्षेत्रीको ठूलो योगदान छ । क्षेत्रले बाल्यावस्थामै योगमार्गमा लागेर बीसौं शताब्दिको पाँचौ दशकदेखि स्वर्गद्वारीमा स्वर्गद्वारी आश्रमको स्थापना गरी अखण्ड यज्ञको सङ्कल्प र सञ्चालन गर्न थाले भने अर्कोतिर स्वर्गद्वारीमै पाठशाला चलाई संस्कृत पठनपाठनको प्राथमिक सिलसिला पनि सुरु गरे ।[२६] उनी बाल्यवस्थामै घर छाडी आध्यात्मसाधनामा लागेका थिए । १९५० का आसपासदेखि नारायण क्षेत्री प्यूठान जिल्लाको स्वर्गद्वारी लेकमा बसी विश्वशान्तिका लागि अखण्ड यज्ञको थालनी गरेको थिए । यसरी अखण्ड यज्ञको थालनी गरी क्षेत्रीले समाजमा एकातिर आध्यत्मिक चेतनाको प्रचारप्रसार गरे भने अर्कोतिर स्वर्गद्वारीलाई पठनपाठको केन्द्र पनि बनाए । यी बाहेक सिर्जनात्मक गीतविधिमा संलग्न भई रापती क्षेत्रमा सिर्जनाको प्रथम उद्बोधन गर्ने र पठनपाठनमा संलग्न रापती पूर्व र पश्चिमका पण्डित प्रतिमाहरूलाई सिर्जनात्मक कममा उत्प्रेरित गर्ने पवित्र कार्यलाई पनि उनले थालनी गरे ।[२७] १९७२ तिर स्वर्गद्वारी प्रभुका प्रसिद्धिबाट प्रभावित भई योगदीक्षा प्राप्त गर्न आधुनिक नेपाली कविताका प्रवर्तक कविशिरोमणि लेखनाथ पौड्याल पनि स्वर्गद्वारी पुगेका थिए र उनी केही समय त्यहाँ बसेका पनि थिए । उनको उपस्थितिले पनि त्यसबेला स्वर्गद्वारी अखण्ड यत्र तथा पठनपाठनसँग सम्बद्धपण्डित समाजमा सिर्जनाको प्रारम्भिक चहलपहल पैदा भएको थियो ।[२८]

नारायण क्षेत्री पाछि राजनैतिक, बौद्धक र सिर्जनात्मक क्रियाकलापमा संलग्न हुने व्यक्तित्व गजुलमा खडानन्द शर्मा सुवेदी हुन् । निरङ्कुश राणाशासनका विरुद्ध २००७ सालको क्रान्तिमा सक्रियतापूर्वक लागेका सुवेदीले २००७ सालको राजनैतिक परिवर्तन पश्चात् रोल्पा जिल्लामा विद्यालय स्थापना गर्नका लागि जिल्लादेखि राजधानीसम्म पैदलयात्रा गरेका थिए । जीवनभर समाज सेवा, साहित्य र साधनामा लागेका खडानन्द शर्मा सुवेदीले रोल्पा साहित्यिक गीतविधि सिर्जना गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छन् । यसरी उत्तवर्ती चरणमा रोल्पा जिल्लामा शैक्षिक गीतविधि विस्तारित हुँदै गएका कारण यहाँको साहित्यिक जागरणमा पनि उत्तरोत्तर प्रभाव पार्दै आएको पाइन्छ ।

---

[२६] रमेश सुवेदी “राप्तीका कविता : पृष्ठभूमि र परम्परा”, पूर्ववत्, पृ. १३२ ।
[२७] ऐजन ।
[२७] ऐजन ।
[२८] केशव सुवेदी, पूर्ववत् पृ. १३३ ।

निष्कर्षमा रोल्पा जिल्लाको शैक्षिक अवस्थालाई तालिकामा यसरी देखाउन सकिन्छ ।[२९] रोल्पा जिल्लाको शैक्षिक अवस्थाः

साक्षरता दर, ३७.५% (अधिकतम लिवाङ ६०.५% सबभन्दा कम हार्जङ १३.४%)

| विद्यालयको किसिम | प्रा. वि. १-५ | नि. मा. वि. १-८ | मा. वि. १-१० | उ. मा. वि. १-१२ | क्या. | जम्मा |
|---|---|---|---|---|---|---|
| सामुदायिक स्वीकृति प्राप्त | १९५ | १९ | १७ | ० | ० | २३१ |
| सामुदायिक अनुमति प्राप्त | ६२ | ६६ | २८ | १० | २ | १६८ |
| संस्थागत | २३ | १ | ३ | ० | ० | २७ |
| कूल जम्मा | २८० | ८६ | ४८ | १० | २ | ४२६ |

## २.१० निष्कर्ष

रोल्पा जिल्ला विकट पहाडी जिल्ला हो । यस जिल्लामा खास विकास निर्माणका कामहरू हुन सकेका छैनन् । तापनि ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पौराणिक दृष्टिले यस जिल्लालाई महत्त्वपूर्ण रूपले हेरिन्छ । विभिन्न प्रभाव, तानव र छटपटीमा बाँच्नु परेको वर्तमान अवस्थामा पनि लोकसाहित्यका माध्यमबाट यहाँका जनताहरूले आफ्नो मनभित्र गुम्सेका हजारौं तीता मीठा अनुभूतिहरूलाई आवश्यक पर्दा व्यक्त गर्ने कार्य भने गरिरहेका छन् । यस्ता अनुभूतिलाई समय मै संरक्षण र सम्बर्द्धन भने गर्नु पर्ने हुन्छ । साथै यस्ता विविध विषयवस्तुलाई समेटेर वर्गीकरण गर्नु र विश्लेषण गर्न पनि जरुरी देखिन्छ । यस जिल्लामा अधिकांश मानिसहरू कृषि पेशामा संलग्न छन् । यसरी रोल्पा जिल्ला पाँच विकास क्षेत्र मध्ये मध्यपश्चिम विकासक्षेत्र अन्तर्गत पर्ने रापती अञ्चलको एक पहाडी जिल्ला हो ।

[२९] रोल्पाली शैक्षिक मञ्जरी २०६९, पृ. १२, जि. शि. का., रोल्पा ।

# परिच्छेद-तीन

# लोकगीतको परिचय र परिभाषा

## ३.१ विषय प्रवेश

लोकसाहित्य लोकजीवनका मौखिक परम्परामा हुर्केको साहित्य हो । 'लोक' शब्द अङ्ग्रेजीको 'फोक' (Flok) शब्दको समानार्थी रूपमा प्रयोग गरेको पाइन्छ । प्राचीन समयदेखि नै यस शब्दको प्रयोग भएको देखिन्छ । ऋग्वेद, उपनिषद, ब्रह्मणग्रन्थ एवम् संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्त्वको रूपमा स्वीकार गरिएको पाइन्छ । यगौं-युगदेखि मौखिक परम्परा तथा श्रुतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तमा सर्दै जाने अलिखित साहित्य नै लोक साहित्य हो । यो व्यक्ति विशेषको रचना भएर पनि सामूहिक हुन्छ अनि अलिखित भएर पनि जनमानसमा रहिरहन्छ ।[१] यो लोकजीवनका विविध पक्षको चित्रण गर्ने साहित्य हो । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थबोध गर्ने भए तापनि लोकसाहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवत रहने वर्गलाई बुझाउँछ ।[२]

यसरी हेर्दा 'लोक' संस्कृत शब्द हो र वैदिक अर्थ विशेष रूपमा बुझिन थालिएको छ । त्यो हो संवेदनशील र अनुभूतिशील जनसमुदाय ।[३] हाल आएर 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकांश विद्वानहरू यसलाई साधारण जनसमाजको अर्थको रूपमा लिन्छन् जसभित्र जाति, वर्ग, धर्म, संस्कृति आदि समेटिएको हुन्छ । लोक साहित्य 'लोक र साहित्य' को समासबाट बनेको शब्द हो । 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ भने 'साहित्य' शब्दले जनताको हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ प्रकट गर्दछ । यसरी हेर्दा लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति नै लोक साहित्य हो भन्ने अर्थ बुझिन आउँछ ।

कतिपयले लोकसाहित्यलाई ग्रामीण साहित्य, अशिष्ट साहित्य आदिको संज्ञा पनि दिएको पाइन्छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ । लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ । लोक साहित्यले शिक्षित झण्डा अशिक्षित व्यक्तिको माझमा व्यप्तिले पाएको हुन्छ । लोक साहित्यमा लोकतत्त्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयता चाहिं गौण रूपमा रहेको हुन्छ । लोकसाहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति

---

[१] कृष्णप्रसाद पराजुली, **नेपालीलोकगीतको आलोक,** काठमाडौं वीणा प्रकाशन प्रा. लि., २०५७), पृ. २६ ।
[२] ईशवर बराल र अन्य, (सम्पा), **नेपाली साहित्यकोश,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ४३१ ।
[३] धर्मराज थापा, **गण्डकीका सुसेली,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०), पृ. १३ ।

हो । मौखिक रूपमा व्यक्त हुने र तत्कालै सुनेर ज्ञान र अनुभव गरिने हुँदा यसमा सरलताको मात्रा बढी हुन्छ । लोकसाहित्यमा नवनिर्माण प्रक्रिया, नयाँ-नयाँ शब्दको प्रयोग, आलङ्कारिक अभिव्यक्ति आदि कुराहरू पाइन्छ तापनि लिखित साहित्य जस्तो कृत्रिम र दुरुह हुँदैन । मौखिक रूपमा तत्कालै रचना गरी व्यक्त हुने भएकाले लोकसाहित्यमा पटक-पटक संशोधन र परिमार्जन गर्ने अवसर पनि हुँदै । यसकारण लिखित साहित्य जस्तो कलात्मक र गहन विचारहरूले र कलात्मक अभिव्यक्तिलाई बुझाउँछ । यसमा महाकवि देवकोटा देखि सामान्य लोकगायकसम्मका अभिव्यक्ति अटाउँछन् ।

साहित्यले मौखिक र लिखित भेदभाव पनि गर्दैन र शिष्ट, परिष्कृत वालोकस्तरीय मध्ये कुनै एकको मात्र माग पनि गर्दैन । लोक साहित्यले भने लोकस्तरीय अभिव्यक्तिको माग गर्दछ । साहित्यिक विधा भएकाले यसमा साहित्यिक विशेषता र अवश्य नै रहन्छ तर लौकिक पक्षको उपस्थिति र मौखिक अभिव्यक्ति अनिवार्य मानिन्छन् ।[५] लोकासाहित्य मौखिक परम्परामा हुर्कने हुनाले कुन बेला कसले सिर्जना गर्ने भन्ने कुरा यसमा हुँदैन । लोकसाहित्य लोकको साहित्य अर्थात् लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसमा समस्त क्रिया प्रतिक्रया गुञ्जन्छन् लोकको आत्मजीवन बोल्छ ।[६] लोक साहित्यको इतिहासलाई भाषाको इतिहाससँग गाँस्न सकिन्छ । लोक साहित्य लोकको सहज र स्वच्छन्द भभिव्यक्ति हो । जुन लोकले सरल र स्वच्छन्दरूपले ग्रहण गर्दछ ।

लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो र आकर्षकमय मौखिक साहित्य नै लोक साहित्य हो ।[७] त्यसैले भन्न सकिन्छ लोकसाहित्य लोकजीवनमा कहिल्यै नहराउने अजरामर साझा सम्पत्ति हो । लोकसाहित्यको अध्ययन गर्दै जाँदा यसमा जाति, संस्कृति, रहन-सहन, भेष भूषा, समाज, परम्परा एवम् समग्र देशको छवि झल्केको देख्न सकिन्छ । यसरी लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकनुभूतिको सरल वाणीगत अभिव्यक्ति भएको अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय बन्धनबाट मुक्त रहेर कममर्यादामा आधारित मानवजीवनका

---

[५] जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन,** (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. १९ ।

[६] कृष्णप्रसाद पराजुली, "लोकसाहित्य, परिभाषा र लोक साहित्यलाई छुट्याउने आधार", **कुञ्जिनी,** (वर्ष ५, अङ्क ३, २०५४), पृ. १०१ ।

[७] धर्मराज थापा र हंसपुरे सेवेदी, **नेपाली लोकसाहित्यको विवचेना,** (काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र २०४१) पृ. ३ ।

घाम-छायाँलाई दुरुस्तै बोकेको, सहानुभूतिले युक्त मौखिक साहित्य नै लोकसाहित्य हो । यसलाई जनजीवनको वास्तविक दर्पण पनि भन्न सकिन्छ ।

लोक साहित्यका सर्जक वा संवाहकहरूले लोक साहित्यलाई आफ्नै तरिकाले वर्गीकरण गरेका हुन्छन्, यस्तो वर्गीकरणलाई यथार्थ वर्गीकरण भनिन्छ । लोकले लोक साहित्यका विभिन्न विधालाई स्थूल रूपमा विभाजन गरेको हुन्छ । यस्तो वर्गीकरणमा स्थानीयताको प्रभाव रहन्छ अनि सबै ठाउँका विधाहरू छुट्टाउन कठिन हुन्छ । लोकले लोक प्रचलित विधालाई निम्नानुसार प्रस्तुत गरेको पाइन्छ ।

गीत - गीत, घरगीत, दोहोरे गीत, जुहारी गीत, मागल, फाग, भजन आदि ।

लोकगाथा - गाथा, कर्खा, जेठेगीत, गोडेलो, सवाई, भारत, भँडाग, चैत, चाँचरी, धमारी, पैकेलो, ढुस्को, ओहाली आदि ।

कथा - कथा, दन्तेकथा, बात, आहान, भन्नेकथा, कथाकुथुङ्ग्री, सास्तर आदि ।

सिलोक - सिलोक, कवित्त, दोहा, कूटपद्य, खाँडो ।

नाच - नाच, नचरी, लीला, चरित्र, खेल, भैनी, भारत, हुडकेली, बालन आदि ।

उखान - आहान, उखान ।

टुक्का - तुक्का, टुक्का, मुहावर ।

गाउँखाने कथा - पहेली, अढड्को, गैंडेगीत, झ्याँगा, झिट्टा, घाउटा, गाउँखाने कथा ।

माथि प्रस्तुत गरिएका विधाहरूलाई खास पारिभाषिक शब्दहरू प्रयोग गरिएको छैन र नामहरू पृथक-पृथक रहेका हुँदा स्थानीयताको प्रभाव परेको देखिन्छ । यी शब्दहरू र तीसँग सम्बन्धित विधा स्थानीय मानिसहरूले मात्र बुझ्न सक्दछन् ।

## ३.२ लोकगीतको परिचय

'लोकगीत' 'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट बनेको छ । लोकले स्वतः स्फूर्त रूपमा असचेत रूपमा लयात्मक पाराले गाउने गीत नै लोक गीत हुन् । यसमा लोकमानसका रागात्मक अभिव्यक्तिहरू सहज रूपमा उरालिएका हुन्छन् । लोक गीतले लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चलाचलन, विधि-व्यवहार, अवस्था र मान्यताहरूलाई बहन गरेको हुन्छ । अङ्ग्रेजीको फोकसङ (Folk Song) को पर्यावाची शब्दको रूपमा देखिने लोकगीत जाति, समाज र ठाउँ अनुसार फरक-फरक रूपमा देखा पर्दै त्यस समाजको दुःख-सुखको साथी बनेको हुन्छ । लोकगीत सचेत रूपमा गरिएका चिन्तन मननका उपज होइनन् । लोक मानसका स्वतः स्फूर्त अभिव्यक्ति लयात्मक

ढङ्गले भाषामा प्रकट हुँदा लोकगीतको रूप धारण गर्दछन् । लोकगीतहरू समाजमा हस्तान्तरित हुँदै आएका हुन्छन् । तर कुनै पनि व्यक्तिले कुनै लोकगीत गाउँदा त्यसलाई आफ्नो ठानेर अनि त्यसमा मौलिकता समेत थपेर अभिव्यक्त गर्दछ ।[८] लोकगीत लोक जनसाधारणको समष्टि हो सिङ्गो रूप हो ।[९]

यसले लोकजीवनको गेय अभिव्यक्तिको प्रतिनिधित्व गरेको हुन्छ । लोकगीतको प्रमुख स्रोत थलो गाउँलाई ठानिन्छ तापनि शहरी क्षेत्रलाई पनि यसले त्यतिकै अङ्गालेको हुन्छ ।

लोकगीतको अर्थ विद्वानहरूले आ-आफ्नै तरिकाले दिएका छन् । हिन्दी साहित्यकोशमा लोकगीतका तीन अर्थ लगाइएको छ । ती हुन्- (१) लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत र (३) लोकविषयक गीत ।[१०] नेपाली शब्दसागरले लोकगीलाई जनतामा परम्परादेखि गाउँदै चल्दै आएको मधुर गीत भनेर अर्थ्याएको छ ।[११] यसरी लोकगीत समाजमा बसोबास गर्ने जनताले निर्माण गरेको र परम्परादेखि चल्दै आएको लोक जीवनको लयात्मक अभिव्यक्ति हो भन्न सकिन्छ । नेपाली साहित्यकोशमा उल्लेख भए अनुसार लोकगीत लोकसाहित्यको एक प्रमुख अङ्ग हो जसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैंले जन्माउँछ । यो सरल हुन्छ, सुबोध हुन्छ र लोकप्रिय हुन्छ यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोगीत भनेको समष्टिको मनबाट जन्मने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविहरूको नाम उल्लेख भएको पाइँदैन । यसको संरचनामा कुनै पूर्व योजना पनि हुँदैन ।[१२]

त्यसैगरी भारतीय लोकसाहित्यका विद्वान् परमारले लोकगीत परम्पराको त्यो महानदी हो, जुन स-साना नदी मिलेर बनेको हुन्छ भनेका छन् ।[१३] महाकवि देवकोटाले मुनामदनमा सज्जनवर्गप्रती भन्ने उपशीर्षकमा झ्याउरे भनी नगरे हेला हे ! प्यारा सज्जन भण्डै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् ।[१४] यसरी हेर्दा भाव र लयले पूर्ण भएको मानव अन्तष्करणबाट बाहिर उद्धिप्त भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो ।

---

[८] चूडामणि बन्दु, **पूर्ववत,** पृ. ११५ ।
[९] कृष्णप्रसाद पराजुली, **पूवर्ववत,** पृ. १० ।
[१०] धीरेन्द्र वर्मा, **हिन्दी साहित्यकोश,** भाग १, दो. सं., (वाराणासी ज्ञानमण्डल लिमिटेड, २०२०), पृ. ७५० ।
[११] बसन्तकुमार शर्मा नेपाल, **नेपाली शब्दसागर,** (काठमाडौं : मामा पुस्तक भण्डार, २०५८), पृ. ७५० ।
[१२] ईशवर बराल र अन्य, (सम्पा.) **पूर्ववत्** (ने. रा. प्र. प्र., २०५५), पृ. ४३ ।
[१३] श्याम परमार, **भारतीय लोकसाहित्य,** (दिल्ली : राजकमल प्रकाशन लिमिटेड, ई. १९५४), पृ. ५३ ।
[१४] लक्ष्मीप्रसाद देवकोटा, **मुनामदन,** तेस्रो संस्क., (काठमाडौं : साझा प्रकाशन, २०५४), भूमिका खण्ड ।

नेपाली लोगीतका अध्येता सत्यमोहन जोशी भन्छन् - "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा मातृभाषाको नाता ले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया, माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयंमेव उदागारको रूपमा लयदार तरजमा काव्यमय शैली झैं निस्कन्छ ।"[१५]

अर्का अध्येता धर्मराज थापा भन्छन्- लोक-अनुभूति नै लोकगीत हो, जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थरूपमा प्रस्तुत गर्दछ । सुख-दुःखमा अलापिएका अभिव्यक्ति लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो । लोकगीतको माध्यमबाट नै मानव सङ्गीत प्रेमीलाई सङ्गीतको भावना जागृत गराउन सकिन्छ ।[१६] नेपाली लोकसाहित्यका अर्का अध्येता काजीमान कन्दङ्वा भन्दछन् - जनसमूहका दैनन्दिनका भावनाहरूलाई लयदार भाषामा बगाएमा लोकगीत बन्छ ।[१७] कालिभक्त पन्तले नेपाली लोकगीतलाई दबाब र प्रलोभनमा नपरी स्वयं एउटै परिभाषामा समेट्न सम्भव हुँदैन । उपयुर्क्त विद्वानहरूका परिभाषामा पनि एकरूपता आउन सकेको छैन । कसैले लयपक्षलाई, कसैले भावपक्षलाई त कसैले अर्थपक्षलाई जोड दिएका छन् । वास्तवमा लोकगीत आफ्नो साँस्कृति परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्त हो ।

परम्परादेखि अलिखित रूपमा श्रुतिपरम्पराबाटै आफ्नो जीवन्तता देखाउने यी लोकगीतहरूमा ग्रामीण अशिक्षित जनताका आडम्बर बिहीन स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति पाइन्छन् । लोकगीतको विगतका मानव परिस्थितिहरूलाई इतिहासका पुस्तकहरूमा भन्दा सत्य र यथार्थ रूपमा बगाउँदै ल्याएको हुन्छ । बौद्धिकताको सञ्जालबाट टाढै देखिने यी लोकगीतमा हार्दिकताको वर्चश्व रहेको हुन्छ । यसमा भाषा लयात्मकता हुनको साथै भावना र सङ्गीतात्मकताो राम्रो तालमेल भेटिन्छ ।

छोटा-छरिता आकार-प्रकारमा देखिने यी लोकगीतहरूमा सरलता, तीव्रता, निर्वैयक्तिकता, गेयात्मकता, मार्मिकता, रागात्मकता, विश्वव्यापकता, अतिकल्पना आदि विशेषत भेटिन्छन् । समालोचक दयाराम श्रेष्ठले पनि लोकगीतहरू आकारमा छोटा गाउन र कथ्न सजिल्ला मनोरञ्जन तथा तुरुन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यो लोकप्रिय बनेका छन् ।[२०] यी विभिन्न विद्वानहरूको

---

[१५] सत्यमोहन जोशी, "लोकगीतको केही झल्का", **प्रगति,** (वर्ष ३, अङ्क २, २०१२), पृ. १४५ ।
[१६] धर्मराज थापा, **पूर्ववत्,** ।
[१७] काजीमान कान्दङ्वा, **नेपाली जनसाहित्य,** (काठमाडौ : रोयल नेपाल एकेडेमी, २०२०), पृ. १० ।
[२०] दयाराम श्रेष्ठ 'सम्भाव', **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** (काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, २०२८), पृ. १५ ।

परिभाषामा आफ्नो पनको चुरो भटिए तापनि लोकगीतका सबै पक्षलाई समेट्न सकिएको छैन । यति हुँदा हुँदै पनि सबै विद्वानहरूका आशयलाई समेटेर भन्नु पर्दा लोकगीत त्यस्तो असचेत सरल उद्‌गार हो जो लिखित नभएर पनि जीवित हुन्छ, लोमो नभए पनि जीवन घटाउँछ र बौद्धिकता नभएपनि हार्दिकता हुन्छ । यसमा ्रस, अलङ्कार, छन्द आदि कुराहरूको नियोजित संयोजन नभएपनि यी तत्त्वहरू स्वाभाविक किसिमले आएका हुन्छन् । वास्तवमा समाजको सत्य र यथार्थ बुभ्नु छ भने इतिहासका पुस्तकमा होइन, लोकगीतका टुक्कामा घोत्लिनु बढी फलदायी हुन्छ । लोकगितको सम्बन्ध जीवनका हरेक पक्षसँग भएकाले नै यो समाजमा सर्वाधिक लोकप्रिय बन्न पुगेको छ ।

## ३.३ लोकगीतको संरचना

हरेक विधाहरूमा आ-आफ्ना संरचना एवम् प्रस्तुतिगत तत्त्वहरू हुन्छन् । लोकगीत लोककला हो त्यसैले यसमा लोककलाका विभिन्न तत्त्वहरू समाविष्ट हुन्छन् । लोकगीतका तत्त्वहरू के-के हुन र कुन-कुन तत्त्वको संयोजनद्वारा लोकगीतको निर्माण हुन्छ भन्ने बारेमा केही विद्वानहरूले आ-आफ्नै विचार अगाडि सारेका छन् ।

चूडामणि बन्धुका विचारमा लोकगीतको संरचनामा ६ वटा तत्त्वहरूको संयोजन गरिएको हुन्छ - कथ्य, भाषा, चरण वा पद स्थायी वा अन्तरा, रहनी-वथन र थेगो, लय र भाका ।[२१] अर्का अध्यता मोतीलाल पराजुलीले कथ्य विषयवस्तु वा भाव, भाषा, स्थायी, अन्तरा, थेगो, लय वा भाका र सङ्गीत गरी पाँचवटा तत्त्वको चर्चा गरेका छन् ।[२२] त्यसैगरी राप्तीका लोकगीतमा विद्यावारिधि गर्ने नेपाली लोकगीतका विश्लेषक गोविन्द आचार्यले भाषा, भाव, काव्यात्मकता, सङ्गीतात्मकता र संरचनालाई लोकगीतका तत्त्वको रूपमा उल्लेख गरेका छन् ।[२३] नेपाली लोकगीतको अध्ययनबाट आएको निचोड र सङ्गीत शास्त्रीय तत्त्वका आधारमा लोकगीतलाई अनिवार्य तत्त्व-विषय, भाव, लय, उद्देश्य, अन्तरा र भाषाको रूपमा रहेको पाइन्छ । त्यसैगरी ऐच्छिक तत्त्वको रूपमा सङ्गीत, अभिनय, अलङ्कार, रस, विम्ब प्रतिकको रूपमा रहेको छ । जसलाई निम्नानुसार वर्णन गर्न सकिन्छः

### १) कथ्य/भाव वा विषयवस्तु

लोकगीतमा भनिने केन्द्रीय कुरा नै कथ्य हो र त्यस कथ्यलाई श्रोताले बुभ्दछ । लोकगीतमा कुनै न कुनै सन्देश वा कथ्य रहेको हुन्छ जसलाई व्यक्त गर्नेले कलात्मक

---

[२१] भूडामणी बन्धु, **पूर्ववत्,** पृ. ११७ ।
[२२] मोतीलाल पराजुली,, "लोकगीतको संरचना", **कुञ्जिनी,** (कीर्तिपुर : वर्ष ११, अङ्क ८, त्रि. वि. २०६०), पृ. २१ ।
[२३] गोविन्द आचार्य, (सम्पा.) **रापतीका गीत,** (नेपाल : अतिरिक्त प्रकाशन, २०६०), पृ. २ ।
[२३] गोविन्द आचार्य, (सम्पा.) **रापतीका गीत,** (नेपाल : अतिरिक्त प्रकाशन, २०६०), पृ. २ ।

ढङ्गमा केही न केही भनेको हुन्छ । यो कथ्य सङ्गीत तत्त्वको बढ्दो आकर्षणले गर्दा कहिलेकाहीं नबुझिन पनि सक्छ । मनका भावनालई कुनै विषयसँग गाँसेर ठोस रूप दिने हुँदा लोकगीतको मुख्य तत्त्वको रूपमा कथ्य रहेको हुन्छ ।

**२) स्थायी र अन्तरा**

लोकगीतमा पटक-पटक दोहोरिने मूल अंशलाई स्थायी भनिन्छ । यसले गीतको भाका र लय निर्धारण गर्ने काम गर्दछ । यसलाई छोपुवा, दुआ, टेको, रिटक, ध्रवपद आदि पनि भन्ने गरिन्छ । स्थायी पदपछि गाइने मूल कथ्य अन्तरा हो । गायकले भन्न खोजेको मुख्य कुरा यस खण्डमा रहन्छ । यसलाई फल, गेडा वा चरण पनि भन्ने गरिन्छ । प्रकृति, सामाजिक जनजीवन, धर्म नीति, रीतिरिवाज आदि गायकद्वारा प्रस्तुत गर्न खोजिएका अनुभूतिजन्य विषयहरू अन्तरामा प्रस्तुत गरिन्छ । पहिलो पङ्क्तिमा विभिन्न उदाहरण वा सम्बद्ध विषयको वर्णन गरी दोस्रो वा अन्तिम चरणमा मूल सन्देश प्रस्तुत गरिएको हुन्छ । कुनै गीतका दुवै पङ्क्तिमा सम्बद्ध विषय हुन्छन भने कुनैमा पहिलो असम्बद्ध र पछिल्लोमा सम्बद्ध विषयवस्तु हुनछन् ।

**३) लय वा भाका (छन्द)**

भाका लाकगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । एउटै गीतलाई विभिन्न भाकामा गाउन सकिन्छ । भाकागत भिन्नताकै कारणले विभिन्न लोकगीतहरू छुट्टिन्छन् । जस्तै पूर्वेली भाका, देउडा भाका, पश्चिमी भाका, काँठे भाका आदि लयगत विविधताकै कारण छुट्टिन सकेका हुन् । यस्ता लयहरूले निश्चित भूगोलमा बढी प्रभाव पार्ने गर्छन् । लयगत भिन्नताकै आधारमा ठाडो भाका, तेस्रो भाका भनी विश्लेषण गर्ने गरिन्छ । भाकाले ध्वनिहरूको मात्रा र क्रम निर्धारण गर्ने, आन्तरिक सङ्गीत निर्माण गर्ने तथा गीतको शैली निर्धारण गर्ने कार्य गर्दछ । लय वा भाका निर्धारण गर्दा गीत मा यति र गीतको संयुक्त स्वरूप सम्मलित हुन्छ । गीतगायनमा ध्वनिहरूको निश्चित समूहलाई मात्रा भनिन्छ । सामान्यतया एक अक्षरको उच्चारण बराबरको समय एक मात्रा हो । यस्तो मात्रा लेख्य लिपिको ह्रस्वदीर्घसँग सम्बन्धित नभई वर्ण वा अक्षरको उच्चारणमा यसको स्वरूप निर्धारित हुन्छ । कतिपय अवस्थामा भने दुई वर्णहरूको उच्चारण एक मात्रा बराबर हुन सक्छ । दुई भाका बढी वर्ण वा ध्वनिहरू एउटै मात्रामा बदलिनु ध्वनि सङ्कोच हो भने एउटै ध्वनि बिस्तार भएर दुईतीन मात्रा बराबर उच्चारित हुनु ध्वनि बिस्तार हो । ध्वनि बिस्तारको

यस्तो प्रक्रियालाई सङ्गीतशास्त्रमा अलाप भन्ने गरिन्छ । लोकगीतमा ध्वनि विस्तार एवम् ध्वनिसङ्कोचद्वारा आवश्यक लयको पूर्ति गर्ने गरिन्छ ।

**४) भाषा**

मानव अन्तर्मनका भावनालाई आपसमा आदान-प्रदान गर्नको निम्ति प्रयोग गरिने मानव उच्चारण अवयवद्वारा उच्चारित यादृच्छिक सार्थक ध्वनिहरूको समूह नै भाषा हो । भाषाकै माध्यमद्वारा लोकगीतहरू मूर्तरूपमा प्रकट हुन्छन् । लोकगीतमा भाषाको सुन्दर रूपको प्रयोग हुन्छ । यसमा कोमल पदपदावली, लयात्मक तथा लोकप्रचलित कथ्य भाषाको प्रयोग हुन्छ । लोकगीतमा कर्णप्रिय स्वरुहरूको प्रयोग छानी छानी गरिन्छ भने ट, ठ, ड, ढ जस्ता कर्णकट ध्वनिको प्रयोग निपद्ध मानिन्छ । श्रोताहरूलाई मन्त्रमुग्ध पार्ने ललित एवम् सरल भाषाको प्रयोग लोकगीतमा उपयुक्त मानिन्छ । भाषाले नै तरल भावनालाई मूर्तरूप दिने हुनाले यो लोकगीतको अनिवार्य तत्त्वको रूपमा रहेको हुन्छ ।

**५) सङ्गीत**

ध्वनिहरूको सङ्गठित तरङ्गबाट उत्पन्ने हुन लय र आनन्ददायक स्वरहरूको संयुक्त अभिव्यक्ति सङ्गीत हो । यस्तो सङ्गीत लोकगीतमा आन्तरिक र बाह्य गरी दुई प्रकरको देखिन्छ ॥ बाद्यहरूको प्रयोग नगरी गाइने गीतहरूमा आन्तरिक सङ्गीत मात्र हुन्छन् । लोकगीतमा ध्वनितरङ्गबाट निस्कने आन्तरिक सङ्गीतका अतिरिक्त बाद्यहरूबाट निस्कने ध्वनितरङ्गको समष्टिरूप बाहय सङ्गीत हो । बाध्य सङ्गीतले लोकगीतमा निहित आन्तरिक सङ्गीतलाई उद्धीप्त पार्दछ । लोकगीतलाई बढी भन्दा बढी प्रभावकारी बनाउने, श्रुतिमधुरता दिने, भावगत परिवेश तयार गर्ने, चरम रोमाञ्च पैदा गर्ने जस्ता कामबाह्य सङ्गीतले गर्दछ । आन्तरिक सङ्गीत र बाहय सङ्गीतको संयोजनबाट लोकगीत बढी प्रभावकारी बन्दछ । सङ्गीत बिना लोकगीतको कल्पना नै गर्न सकिँदैन । अतः यो लोकगीतको महत्त्वपूर्ण तत्त्व हो ।

**६) थेगो**

लोकगीतलाई आकर्षक बनाउन, ध्वन्यात्मकता ल्याउन, आलङ्कारिकता थप्न तथा लयलाई गीत प्रदान गर्नका लागि बीच-बीचमा विभिन्न वर्ण, पद, पदावलीलाई दोहोऱ्याउने, तेहेऱ्याउने गरिन्छ । यस्ता बीच-बीचमा आउने शब्दलाई नै थेगो भनिन्नछ । थेगोलाई रहनी, बथन आदि पनि भन्ने गरिन्छ । यस्ता थगोहरू कतिपय सार्थक हुन्छन् भने कतिको शब्दार्थ खुट्याउन गाह्रो पर्छ । यस्ता थेगोले गीतको प्रवाह र छन्दनिर्माणमा महत्त्वपूर्ण

भूमिका खेल्दछन् । यी थेगोहरू केही सम्बोधनका रूपमा देखिन्छन् भने केही अनुकरणात्मक एवम् उद्‌गारबोधक शब्दका रूपमा देखिन्छन् । उदाहरणका निम्ति ए साइँला, ए कान्छी, नानीलै, निर्माया, सालैज्यू, लालीमै, साइली जस्ता शब्दहरू सम्बोधनका र ए बरै, बरिलै, ए दैव, नारान आदि उद्‌गार बोधक एवम् हुर्, च्याट्ट, ठ्याम्मै, किर्किट्पाक्क, लरि-लरि लै, ठ्याम्मै जस्ता अनुकरणात्मक शब्दलाई लिन सकिन्छ ।

**७) चरण वा पाउ**

चरण वा पाउ लोकगीतमा पाइने अर्को महत्त्वपूर्ण तत्त्व हो । लोकगीतको एक चरण नै एक पाउने हो र यो लोकगीतको स्वरूप अनुसार छोटो वा लामो हुन सक्छ । प्रायः एउटा चरणसँग अर्को चरणको तुक मिलाइएको हुन्छ । यी दुई चरणमा पनि पहिलोलाई फेद र दोस्रो चरणलाई टुप्पो भनिन्छ ।[२५] केही गीतहरूमा दुवै चरण प्रासङ्गिक रूपले सम्बद्ध देखिन्छन् भने केही गीतमा असम्बद्ध देखिन्छन् ।

यी माथि उल्लिखित सातवटा तत्त्वहरू लोकगीतका लागि आवश्यक मानिन्छन् । यी तत्त्वहरूमध्ये कुनै एक तत्त्व कमजोर हुन गयो या पुगेन भने राम्रो लोगीत बन्न सक्दैन । 'कथ्य' लोकगीतको प्रमुख महत्त्व राख्ने तत्त्वको हो । यसबाट गायकको भित्र आशय अभिव्यक्त हुन्छ । लयले माधुर्य एवम् मनोरञ्जकता ल्याउँछ भने सरल तथा मधुर भाषाले श्रुतिमधुरता ल्याउँछ । आन्तरिक र बाहय सङ्गीतको संयोजनले श्रोतालाई मन्त्रमुग्ध पार्दछ । चरण तथा अन्तराहरूले भावलाई क्रमबद्ध राख्ने श्रुतिमधुरता दिने एवम् सन्देश प्रस्तुत गर्ने काम गर्दछन् । लयको साधना, सङ्गीतको उपयुक्त तालमेल र शब्दचयनमा सन्तुलन हुन सकेन भने स्तरीय लोकगीत बन्न सक्दैन । अतः उल्लिखित यी सातवटा तत्त्वहरू लोकगीतका लागि अनिवार्य छन् ।

## ३.४ नेपाली लोकगीतको वर्गीकरण

युगौंदेखि मौखिक परम्रामा हुर्कँदै र समाजमा नजिकको नाता गाँस्दै अगाडि बढेको देखिने लोकगीतले व्यापक क्षेत्र ओगटेको छ । लोकसाहित्यका विभिन्न विधाहरू मध्ये सबैभन्दा बढी सम्पन्न विधा मानिने लोकगीत विधालाई निश्चित मापदण्डको आधारमा वर्गीकरण गरेर विभाजन गर्ने अठोट गर्नु निश्चय नै कठिन छ । यति हुँदा हुँदै पनि लोकगीतका अध्येताहरूले आ-आफ्नै दृष्टिकोणका साथ वर्गीकरण गर्ने प्रयास गरेका छन् । अन्य कतिपय देशमा लोकगीतको वैज्ञानिक अध्ययन धेरै भए तापनि नेपालमा भने खासै हुन

[२५] मोतीलाल पराजुली, **पूर्ववत्,** पृ. २३ ।

सकेको छैन । नेपाली लोकगीतको वैज्ञानिक अध्ययन त्यति हुन नसकेपनि वर्गीकरणका प्रयास भने प्रयाप्त मात्रामा भएका छन् । लोकगीतमा विविधता, बहुरूपता, वस्तुसत्यता क्रमिक नवीनता आदि कुरा पाइनाले वर्गीकरण गर्ने क्रम केही विद्वानहरूले आफू भन्दा पहिलेका लोकगीतका अध्यताले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणा अनुसार नयाँ-नयाँ वर्गीकरण पेस गरेका छन् तर कुनै पनि विद्वानले गरेको वर्गीकरणलाई सर्वसम्मत र वैज्ञानिक भने मान्न सकिने स्थिति छैन । यस सन्दर्भमा स्वदेशी तथा विदेशी विद्वानहरूले गरेको लोकगीतका वर्गीकरणलाई छोटकरीमै भए पनि उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

भारतीय लोकसाहित्यका विद्वान सत्यन्द्रले लोकगीतको वर्गीकरण (१) साधारण (२) अनुष्ठानिक (३) याचना सम्बन्धी र (४) खेल सम्बन्धी गरी चार किसिमले वर्गीकरण गरेका छन् ।[२६] अर्का अध्यता कृष्णदेव उपाध्यायले ६ वटा आधारमा लोकगीतको वर्गीकरण गरेका छन् । उनका अनुसार (१) संस्कार सम्बन्धी गीत (२) ऋतुसम्बन्धी गीत, (३) ब्रतसम्बन्धी गीत (४) जातिसम्बन्धी गीत (५) खेलसम्बन्धी गीत र (६) विविध गीत गरी लोक गीतको वर्गीकरण गरेका छन् ।[२७] सन्तराम अनिलले रस, राग, कथावस्तु र अवसरको अनुकूलता गरी चार भागमा वर्गीकरण गरेका छन् ।[२८] अर्का भारतीय लोकगीतका अध्यता स्वर्णलताले विषयवस्तुलाई आधार बनाएर चार भागमा वर्गीकरण गरेकी छिन् ति हुन् - (१) संस्कार गीत, (२) व्यवासायिक गीत, (३) आवासारिक गीत र (४) वैलासिक वा मनोरञ्जन सम्बन्धी गीत ।[२९] यस वर्गीकरणमा भने सैद्धान्तिक आधार देखिन्छ किन भने यसमा प्रायः सबैजसो प्रचलित लोकगीतहरू समावेश भएका छन् । यसरी भारतीय विद्वानहरूले विभिन्न आधारमा लाकगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् ।

कतिपय नेपाली लोकगीतका अध्यताले पनि आ-आफ्नै धारणा अनुरूप वर्गीकरण गरेका छन् । काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतिकरणलाई आधार मानेर सकर्मक र अकर्मक गरी दुई भागमा बाडेका छन् ।[३०] टेक बहादुर खत्रीले लोकगीतलाई गाउने समय, पर्व, रस, आदिका आधारमा निम्नानुसार सात वर्गमा बाँडेका छन्-

१. वीर रस र करुण रसका लोकगीत-कर्खा

[२६] सत्येन्द्र, **लोकसाहित्य विज्ञान,** दोसं., (आगरा : सन् १९७१), पृ. ३३५ ।
[२७] कृष्णदेव उपाध्याय, **लोक साहित्यको भूमिका,** सा. सं., (प्रयागः साहित्य भवन लि.) ।
[२८] सन्तराम अनिल, **कन्नोज साहित्य,** (दिल्ली : अभिनय प्रकाशन, ई १९७७) ।
[२९] स्वर्णलता, **लोकसाहित्य विमर्श,** (विकानेर : एन स्मृति प्रकाशन, ई. १९७९), पृ. ४५ ।
[३०] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य,** (काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२०), पृ. १० ।

२. घटना प्रधान लोकगीत - सवाई

३. चाडपर्वका लोकगीत - भैलो, देउसी

४. विवाह पर्वमा गाइने लोकगीत - खाँडो, रत्यौली

५. नृत्य लोकगीतहरू - देउडा, घाटु

६. भजनका रूपमा लोकगीत - बालन, सँगिनी

७. दोहोरी लोकगीत - घाँसे, असारे इत्यादि ।[३१]

लोकगीतको वर्गीकरण गर्ने क्रममा पूर्णप्रकाश नेपाल 'यात्री' ले लोकसिर्जित गीत, लोकरचित गीत र लोकविषयक गीत भनी उल्लेख गरेका छन् ।[३२] नेपाली साहित्यका समालोचक ईश्वर बरालले अवस्था अनुरूप ऋतु परिस्थितिलाई आधार मानेर लोकगीतलाई अठार भागमा वर्गीकरा गरेका छन् । मादले, रोदी, छोकडा, टप्पा, लवरी, मालश्री, सिलोक, संगिनी, गाइने, वारी, सवाई, बालन, भैलो, देउसी, रत्यौली, बाह्रमासे, प्रभाती, निर्गुण र भ्याउरे ।[३३] यस वर्गीकरणले विस्तृत आकार लिएको छ । यिनको यो वर्गीकरणलाई वर्गीकरण भन्नु भन्दा सङ्कलित लोकगीतको टिपोट भन्नु युक्तिपूर्ण देखिन्छ । अर्का अध्यता सत्यमोहन जोशी ले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई सामयिक लोकगीत (ऋतु मौसम वा चाड अनुसार गाइने) र सामान्य (जहिले पनि गाउन सकिने) गरी दुई भागमा वर्गीकरण गरेका छन् ।[३४]

यसैगरी समालोचक दायराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् ती हुन् (१) संस्कारसम्बन्धी लोकगीत (२) ऋतुकालीन लोकगीत, (३) क्रिया सम्बन्धी लोकगीत र (४) विविध लोकगीत ।[३५] अर्का नेपाली लोकगीतका अध्यता कृष्णप्रसाद पराजुलीले लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्रका र जीवनचक्रसम्बन्धी लोकगीत गरी दुई किसिमका लोकगीतको बारेमा चर्चा गरेका छन् । वर्षचक्राका लोकगीतलाई बाह्रमासे लोकगीत र ऋतुकालीनलोकगीत गरीदुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीतलाई पनि पर्वगीत र कर्मगीत गरी विभाजन गरेका छन् भने अर्कोतिर जीवनचक्रसम्बन्धी लोकगीतलाई संस्कारगीत, उमेर अवस्था सम्बन्धि गीत र नृत्यगीत गरी

---

[३१] टेक बहादुर खत्री, "लोकसाहित्य लोकसंस्कृतिको आधार" **नेपाली लोक संस्कृति संगोष्ठी,** प्र. सं. (काठमाडौं : ने. रा. प्र. प्र., २०३५), पृ. १७ ।

[३२] पूर्णप्रकाश नेपाल 'यात्री', "नेपाली लोकगीत", (विचार मञ्च) **मधुपर्क,** (वर्ष १५, अङ्क ८, २०३९), पृ. ३३ ।

[३३] ईश्वर बराल, "नेपाली लोकगीतका विषयमा", **प्रगति,** (वर्ष १, अङ्क ५, २०१०), पृ. ९७-१०१ ।

[३४] सत्यमोहन जोशी, **पूर्ववत्,** पृ. १४५ ।

[३५] दयाराम श्रेष्ठ, 'सम्भव', **पूर्ववत्,** पृ. १५ ।

ती भेद देखाएका छन् ।[३६] चूडामणि बन्धुले नेपाली लोकगीतलाई निम्नानुसार तीन आधारमा वर्गीकरण गरेका छन् ।[३७]

१. सहभागिताका आधारमा : (क) एकल गीत, (ख) दोहोरी गीत र (ग) समूह गीत

२. लय वा भाकाका आधारमा : (क) स्थानका आधारमा (ख) जातका आधारमा

३. प्रकार्यका आधारमा : (क) धार्मिक गीतहरू (ख) अनुष्ठानमूलक तथा संस्कार गीत (ग) ऋतुगीत तथा पर्वगीत (घ) श्रमगीत

लोकगीतका अर्का विश्लेषक गोविन्द आचार्यले रापती अञ्चलका गीतमा सीमित रहेर पनि त्यहाँका गीतमा पाइने विशेषता संसरका गीतमा भेटिन्छ भन्ने ठोकुवा गर्दै नेपाली लोकगीतको वर्गीकरण प्रस्तुतिकरण, सहभागी, लिङ्ग उमेर आख्यान, रस स्थान जाति र छन्द एवम् सङ्गीतयोजना गरी नौ वटा आधारमा गरेका छन् ।[३८] आचार्यलेयो वर्गीकरणमा पूर्ववर्ती विद्वाहरूले नऔल्याएका अनिवार्य पक्ष हुन एवम् सङ्गीतयोजना, बाद्यसामग्री र अभिनय समावेश भएका छन् ।

यस प्रकार विभिन्न विद्वानहरूद्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिल्लो भएको छ । यिनै वर्गीकरणको ढाँचााई हेरेर नेपाली लोकगीतको वर्गीकरण निम्नलिखति आधारमा गर्नु सान्दर्भिक देखिन्छ ।

### ३.४.१ प्रस्तुतिका आधारमा

लोकगीतको आफ्नै ढाँचाको प्रस्तुति हुन्छ । कुनै गीत बाद्यवादनको आवश्यकता पर्दैन । घाँसेगीत बाद्यवादन विना नै गाउने गरिन्छ । भने झ्याउरे गीत, भलपूजा गीत आदि मादल, दमाहा आदिका साथमा गाइन्छ र नाचिन्छ पनि त्यस्तै भजन खैंजेडी मुजुरा, मादल र मुरलीका साथमा गाउने गरिन्छ ।

### ३.४.२ विषयवस्तुका आधारमा

लाकगीतको विषयवस्तु समाज समय, प्रसङ्ग आदि विविध कुराले गर्दा फरक-फरक हुन्छ । नेपाली लोकगीतलाई हेर्दा खाँडो, कर्खा, भजन, धार्मिक तथा ऐतिहासिक विषयवस्तुमा आधारित हुन्छन् । भैलो, देउसी, रत्यौली, तीजेगीत, झ्याउरे, ख्याली आदिमा सामाजिक विषयवस्तु बढी हुन्छ भने बालन, घाटु, सोरठी आदि पौराणिक विषयवस्तुमा आधारित हुन्छन् ।

[३६] कृष्णप्रसाद पराजुली, "नेपाली लोकगतिको वर्गीकरण", **ओलन,** (काठमाडौं : काभ्रेली परिवार, २०५१), पृ. १६ ।
[३७] चूडामणि बन्धु, **पूर्ववत्,** पृ. १२१-१२२ ।
[३८] गोविन्द आचार्य,"रापती अञ्चलका लोकगीतको विश्लेषण", (विद्यावारिधि, शोधप्रबन्ध त्रि. वि. २०६१), पृ. ३६ ।

### ३.४.३ स्वरूपका आधारमा

स्वरूपका आधारमा लोकगीतलाई धेरै प्रकारका मानिने गरिए तापनि मुख्य रूपमा तीन प्रकारका मान्न उपयुक्त देखिन्छ । लोकगीतमा प्रयुक्त आख्यानलाई आधार मानेर हेर्दा (१) आख्यानयुक्त, (२) आख्यानमुक्त र (३) फुटकर गरी तीन प्रकारका देखिन्छन् । त्यसैगरी आकारका आधारमा हेर्दा मध्यआकार, लघुआकार र लघुत्तम आकारका गरी तीनै आकारका लोकगीतहरू पाइन्छन् ।

### ३.४.४ कार्यका आधारमा

कतिपय लोकगीतहरू कामविशेषमा गाउने गरिन्छ । विभिन्न काम गर्ने क्रममा भिन्दा-भिन्दै भाका भएका लोकगीत गाउने प्रचलन छ । जस्तै- असारमा रोपाइँ गर्दा असारे, साउनमा कोदो रोप्दा साउने, माघमा तारो खेल्दा माघे, दाइँ गर्दा दाइँगीत वन पाखामा घाँसकाट्न जाँदा गाइने घाँसेगीत आदि लोकगीतहरू काम विशेषले गाउने गरिन्छ ।

### ३.४.५ उमेर, लिङ्ग र जातिका आधारमा

बाल्यकालदेखि वृद्धकालसम्मका विभिन्न उतारचढावमा भिन्दा भिन्दै भाव भूमि भएका लोकगीत गाउने गरिन्छ । बालहरू बालगीत गाउँछन् भने युवायुवतीले मिलन, विछोड, विरह-वेदना, माया-प्रीति, उत्साह, उमङ्ग आदि विषयवस्तु भएका गीत गाउछन् । युवायुवतीले गाउने लोकगीतमा शृङ्गारिक भावधारा बढीमात्रामा पाइन्छ । त्यस्तै वृद्धवृद्धाहरूले सुधार्न चिन्ता कम गर्न, थकाई मेटन विशेष गरेर भजन, घाटु, बालन, सोरठी, सिलोक आदि गीत गाउँछन् ।

कतिपय लोकगीतहरू लिङ्ग विशेषमा भर पर्दछन् । कुनै गीत महिलाहरूले मात्र गाउँछन् भने केही पुरुषले मात्र गाउँछन् त केही महिला पुरुष दुवैले गाउँछन् । विवाहमा गाइने रत्यौली, तीजमा गाउने तीजेगीत, असारमा धानरोप्दा गाइने असारे गीत आदि महिलाहरूमा मात्र सीमित गीत हुन् । त्यस्तै खाँडो, मालश्री, श्याम्भो दाई, सराएँ आदि गीतमा प्राय, पुरुषहरूको मात्र सहभागिता हुने गर्दछ ।

यसैगरी जातिको आधारमा पनि लोकगीत गाउने गरिन्छ । सिलोक, चुड्का, भजन आदि ब्राह्मण, क्षेत्रीले गाउने गर्दछन् सोरठी, घाटु आदि मगर, गुरुङ जातिले गाउँछन् भने गाथा र कर्खा विशेष गरेर गन्धर्वहरूले गाउने गर्दछन् । झ्याउरे लोक गीत भने सबै जातिले गाउने गर्दछन् ।

### ३.४.६ गायन सहभागिताका आधारमा

प्रतयेक लोकगीत आ-आफ्नै प्रकृतिको हुन्छ । कुनै लोकगीत एक जनाले मात्र गाउने गरिन्छ भने कुनै युगल अथवा समूह मिलेर गाइन्छ । यसरी लोकगीतलाई गायनमा देखिने सहभागीताका आधारमा एकल र युगल गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.७ रसभावका आधारमा

लोकगीत विशेष गरी मनोरञ्जनका लागि गाउने गरिन्छ । तापनि कतिपय अवस्थामा विरह-वेदनाले आक्रान्त बनेको बेलामा मन शान्त पार्नका लागि गाइन्छ । यसरी हेर्दा लोकगीतलाई शृङ्गार, वीर, शान्त, करुण, हास्य हादि रसभावका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.८ स्थानका आधारमा

विभिन्न स्थानमा विभिन्न स्वरूप भएका लोकगीत गाइन्छन् । विविधतामय भौगोलिक क्षेत्र भएको नेपालका लोकगीतलाई स्थानका आधारमा पूर्वेली लोक गीत, पश्चिमेली लोकगीत, काँठे लोकगीत, देउडा लोकगीत आदि गरेर वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.९ छन्द एवम् सङ्गीत योजनाका आधारमा

लोकगीतका श्लोकमा पाइने पङ्क्ति सङ्ख्याका आधारमा दुई पङ्क्तिका गीत, तीन पङ्क्तिका गीत, चार पङ्क्तिका गीत आदि गरेर वर्गीकरण गर्न सकिन्छ । श्लोकमा निहित अक्षरका आधारमा सम, अर्धसम र विषम गरेर पनि हेर्न सकिन्छ । त्यसैगरी स्वरका आधारमा शुद्ध स्वरमा गीत र विकृत स्वमा मिसिएका गीत गरी वर्गिकरण गर्न सकिन्छ । लोकगीत गाउने क्रममा विभिन्न गीतको प्रयोग गरिन्छ ।

यिनै माथिका विभिन्न आधारमा नेपाली लोकगीतको वर्गीकरण गरेर पहिचान गर्न सकिन्छ ।

## ३.५ लोकगीतको विशेषता

लोकगीत लोकसाहित्यका विभिन् विधामध्ये सार्वधिक चर्चित विधा हो । समाजमा घटने विभिन्न घटनाहरू, जीवन भोगाइका अनुभवहरू, मानिसहरूका चाल-चलन, रहन-सहन, रीतिरिवाज आदिको जीवनन्त चित्रण लोकगीतमा गरिएको हुन्छ । सरल तथा जटिल जीवनयापनका क्रममा देखापर्ने कल्पना र यथार्थका विविध पक्षलाई लोकगीतले समेटेको हुन्छ । नेपाली लोकगीत नेपालको विविध प्राकृतिक स्वरूप, सामाजिक अवस्था र मनमा उठेका सुख-दुःखको अभव्यिक्ति गर्ने सशक्त माध्यम भएकाले यसका प्रकृति र विशेषताहरू

पनि विविध हुन सक्छन् । लोकगीतको क्षेत्र व्यापक छ । यसले मेलादेखि भेलासम्म, लेकदेखि बेसीसम्म, पूर्वदेखि पश्चिमसम्म, ओगटेको छ । मानवसमाताको विकाससँगसागै अस्तित्त्वमा आई सुख-दुःखको माध्यम बनेर हालसम्म यसरी विस्तृत रूपमा फैलिएको लोकगीतलाई विभिन्न परिप्रेक्ष्यमा हेर्नु आवश्यक छ ।

आदिकालदेखि प्रचलनमा फैलिदै आएका लोकगीतको क्षेत्र व्यापक भएकाले यसमा विशेषता यनि नै हुन्छन् भनि ठोकुवा गर्न सकिँदैन तापनि केही प्रमुख विशेषताहरूको उल्लेख गर्नु आवश्यक देखिन्छ । नेपालका विभिन्न भू-भागमा प्रचलित लोकगीतमा जुन-जुन विशेषता पाइन्छन् ती विषेशताबाट रोल्पा जिल्लाका लोकगीत पनि कदापि टाढा छैनन् । बरु स्थान र भाषिकाको प्रभाव जस्ता विशेषता थप हुन आएका छन् । ती विशेषताहरू निम्न छन्:

### ३.५.१ अज्ञात रचयिता

'लोकगीत' आदिम मानवदेखि नै जीवनका उकाली-ओराली, सुख-दुःख, हर्ष, उल्लास, आदिलाई आत्मसात गरी सहज रूपमा पुस्तौं पुस्तादेखि आजसम्म र धेरै पछिसम्म झाँगिने विधा हो । यसको रचना कसले गरेको हो भन्ने कुनै निश्चितता हुँदैन । लोकगीतको स्रष्टा पार्श्वभूमिमा छिपेको हुन्छ त्यसैले यो कुन व्यक्तिको रचना नभई लोकको रचना हो । समयको गीतसँगै एक पुस्ताबाट अर्को पुस्ता र एक ठाउँबाट अर्को ठाउँमा सर्दै जाँदा यसले आफूमा पनि लगातार परिवर्तन ल्याएको हुन्छ । परिवर्तन हुँदै आए तापनि मूल भावनामा खासै परिवर्तन हुँदेन । त्यसैले लोकगीतको रचयिता अज्ञात हुन्छ र प्रत्येक पुस्ता र भेगमा सर्दा यसको बाहय र आन्तरिक कलवेरमा समेत सुक्ष्म रूपले पविर्तन देखा पर्दछ । लोकगीत मौखिक परम्परामा हुर्कने हुँदा यसमा रचनाकार लुप्त रहन्छ । यसरी रचनाकार अज्ञत रहनु लोकगीतको मुख्य विशेषता हो ।

### ३.५.२ मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल र सरस हुन्छ । यदि यसो हुदैनथ्यो भने लोकमानसले सहज रूपमा पचाउन सक्दैनथ्यो । लोकगीतमा प्रयुक्त भाषामा आफ्नैपन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्गार एवम् झङ्कार व्यक्त गर्न पर्याप्त सक्षम रहेको हुन्छ । लोकगीतमा व्यक्त हुने लयले सहजै हृदयलाई छुन सकेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएर रहेको हुन्छ । यसमा पूर्वनिश्चित बनावटी सिद्धान्त रहेको हुँदैन । जस्तो परिवेश र अवस्था छ, त्यस्तै प्रकारका लोकगीत

प्रस्फुटित हुने गर्दछन् । यही विशेषताले लोकगीतका भाव सजिलैसँग बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### ३.५.३ मौखिक परम्परा र गीतशीलता

लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिबद्ध गरेर सङ्कलन गर्न सकिए तापनि रचयिता अदृश्य नै हुने गर्दछन् । लोकगीत एक पिढीबाट अर्को पिंढी, एक जिब्रोबाट अर्को जिब्रोमा एक गाउँबाट अर्को गाउँमा, एक ऋतुबाट अर्को ऋतुमा मौखिक रूपमा प्रवाहित हुँदै अगाडि बढ्छ । त्यसैले लोकगीत गीतशिल एवम् परिवर्तनशील हुन्छ । मौखिक परम्परामा फैलिदै जानु र समयको अन्तरालमा परिवर्तनशील देखिनु लोकगीतको अर्को प्रमुख विशेषता हो ।

### ३.५.४ स्वच्छन्दता

लोकगीतको सिर्जना गण र छन्दको शास्त्रीय नियमानुसार गरिएको हुँदैन । समय र परिस्थितिअनुसार लोकका अनुभूति जे-जस्तो भाकामा प्रस्फुटन हुन पाउँछन् । शास्त्रीय नियम र अनुशास निर्वाध रूपमा बाहिर आएका हुन्छन् । विविध वातावरण अनुसार सहज र सरल रूपमा आएका हृदयका उद्‌गारले अर्को हृदयलाई सजिलै चिमोट्छन् । अतः स्वच्छन्दता पाइनु नेपाली लोकगीतको अर्को विशेषता हो ।

### ३.५.५ सामूहिक भावभूमि

कुनै व्यक्ति रचनाकारले लोकगीतको निर्माण गरे पनि यसमा निर्वैयक्तिबाट माथि उठेर सामूहिकतालाई ग्रहण गर्दछ । यसमा कुनै किसिमको सीमाबन्ध हुँदैन् । एक ठाउँमा चलेको लोकगीत एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पत्ति ठहर्छ । कुनै एक व्यक्तिले गाए पनि अभिव्यक्ति पीडा एवम् उल्लासले भने सामूहिक रूपमा प्रभाव पार्दछ । लोकगीत सामूहिक मानवीय भावनालाई अभिव्यक्त गर्ने सशक्त मध्यम हो । बौद्धिकता भन्दा हार्दिक पक्षलाई बढी जोड दिने हुनाले लोकगीत निकै लयदार हुन्छ । यसरी लोकगीत कुनै एक व्यक्तिको पेवा नभई समूहको वा समूहले आत्मसात गरेको हुन्छ र समूह वा समाजबाटै यसको सिर्जना पनि हुन्छ । अतः सामूहिक भावभूमि पाइनु लोकगीतको अर्को विशेषता हो ।

### ३.५.६ कथन विविधता

जुन समय, परिस्थिति एवम् अवसरमा जे-जस्तो लय र भावको आवश्यकता पर्दछ सोही अनुरूप विभिन्न स्वरूपका लोकगीत गाउन सकिन्छ । लोकजीवनका विभिन्न पक्षहरू

जस्तै- संस्कार, चाडवाड, मेलापात, प्रेम-प्रसङ्ग र अन्य अवसरमा गाइने लोकगीतका स्वरूप र लय पनि अनेक किसिमका हुन्छन् । जस्तै दोहोरी, एकोहोरी, घाँसे, तीजे, मालश्री, असारे, मागल, फाग इत्यादिका कथनपद्धति फरक-फरक हुन्छन् । त्यसैले नेपाली लोकगीतको कथनपद्धतिमा विविधता पाइन्छ ।

### ३.५.७ सहजता र स्वाभाविकता

लोकगीत लोकसमाजका दुःख-सुख, उकाली-ओराली, हर्ष-विस्मात् आदि अभिव्यक्त गर्ने लोकमानसको उपज हो । लोकजीवन सामान्य हुन्छ, त्यसैले लोकलाई जटिलता र दुरुहता मन पर्दैन । लोकगीत पनि सहज र हार्दिक हुन्छ । लोकलाई कृतिमता मन पर्दैन । लोकगीत स्वतःस्फूर्त रूपमा आँसु प्रवाहको रूपमा आए आउँछ नत्र कुनै बाधयता र सीमा हुँदैन । यो बेला र परिस्थिति अनुसार आफै सिर्जना हुन्छ । आफूले जानेको भाकामा मात्र स्वरलहरीहरूमा भावना समेटी सहज रूपमा गाउन सकिन्छ । त्यसैले सहजता र स्वाभाविकता लोकगीतमा पाइने अर्को महत्त्वपूर्ण विशेषता हो ।

### ३.५.८ प्रकृति चित्रण

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्धी राख्दछ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थतात्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यिलाई लोक गीतमा वर्णन गरिएको हुन्छ । वसवन्तको हरियाली, वर्षाको झरी, बादल, कुहिरो, बिजुली खोला, भिरपाखा, आदिको वर्णन लोकगीतमा गरिएको हुन्छ । प्रकृतिसँग तादाम्य भई हार्दिक अभिव्यक्त पोख्ने क्रममा आफ्ना आँखाले देखेका र जीवनमा भोगेका कुरालाई लोकजीवनले टपक्क टिपेर गेयात्मक रूपमा प्रकट गर्दछ । यसरी लोकगीतमा प्रकृतिको चित्रण व्यापक भेटिनु यसको अर्को विशेषता हो ।

### ३.५.९ प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । यस्तो प्रवृत्ति प्रायः युगलरूपमा गाइने दोहोरी एवम् झ्याउरे गीतमा बढी पाइन्छ । सहभागी दुई पक्षका बीचमा चर्को प्रश्नोत्तरात्मक सवाल जवाफ पाइने यस्ता दोहोरी गीतले श्रोता एवम् गायक दुवैलाई अब के उत्तर आउँछ ? को जिज्ञासाले बारम्बार कुत्कुत्याई रहन्छ । दोहोरी गीतमा प्रयोग हुने टुक्काहरू सरल एवम् रागात्मक रूपमा अभिव्यक्त भए पनि कतिपय टुक्काहरूमा वक्रोक्ति

युक्त साहित्यिक कुराहरू पनि आएका हुन्छन् । यस्ता गीत गाउँदा जतिसक्यो छिटो जवाफ निर्माण गर्नु पर्ने भएकाले गायकमा विशेष क्षमता हुनु आवश्यक हुन्छ ।

### ३.५.१० स्थान र भाषिकाको प्रयोग

विभिन्न क्षेत्रअनुसार त्यहाँको भौगोलिक र प्राकृति बनोटको स्थान अनुसार नाम र त्यहाँ प्रचलित भाषा तथा भाषिका फरक-फरक हुने गर्दछन् । त्यसै अनुसार लोकगीतमा अर्थ सर्वग्राही ए पनि शब्दहरू फरक पर्न सक्छन् । लोकले शिष्ट मानक नेपाली भाषा भन्दा त्यहाँको भाषिक प्रयोग गर्नु स्वभाविक नै हो । त्यसैले लोकले गाउने गीतमा त्यहाँको सरोफेरो र भाषिकाको प्रयोग भएको पाइन्छ । भाषिकाको आधारमा कुन लोकगीत कुन भाषिकाको गायकले गाएको हो र कहाँबाट आएको हो सो कुरा सर्लक्क छुट्याउन सकिन्छ । यसरी स्थानको नाम र त्यस क्षेत्रका भाषिकाहरू पाइनु लोकगीतको आफ्नै निजी विशेषता हो ।

## ३.६ निष्कर्ष

यसरी हेर्दा सम्पूर्ण लोकगीतका विशेषता जे जस्ता छन् रोल्पाका लोकगीतका विशेषता पनि त्यस्तै छन् । यहाँ गाइने लोकगीतका रचनाकार कसै कसैलाई मानिए तापनि ती गीतले रचनाकारलाई भन्दा लोकका हृदयका भावलाई प्रकाश पारेका छन् । त्यसैले रचनाकार ज्ञात भएपनि गौण नै छन् । अरू गीतहरू लोकजीवनसँग सहज र स्वभाविक भएका हुन्छन् । त्यसैले ती गीतलाई सम्झनाका लागि लिखित रूपमा खासै राखेको पाइँदैन । लोकजीवनको चित्रण गर्ने भए पनि विभिन्न अवस्था र समय अनुसार फरक-फरक लय र भाकाले गाउने गरिन्छ । त्यस्ता गीतमा मौलिकता र स्वच्छन्दता बढी पाइन्छन् ।

## परिच्छेद-चार

# रोल्पाली लोकगीतको परिचय र वर्गीकरण

### ४.१ विषय प्रवेश

रोल्पा जिल्लाका लोकले विभिन्न संस्कार, चाडपर्व र कर्मका बेलामा भिन्न-भिन्न लय एवम् प्रस्तुति भएका लोकगीतहरू गाउने गर्दछन् । कतिपय संस्कार र अवसरहरूमा गीतको सम्बन्ध अपरिहार्य हुन्छ । गीतबिनाका ती खास खास अवसर र संस्कारहरू व्यर्थ ठानिन्छन् । विशेष अवसर बाहेक अन्य बेलामा पनि गीतहरू गाएर सुख-दुःख आदनप्रदान गर्ने तथा मनोरञ्जन गर्ने गरिन्छ । जुनसुकै बेला र अवसरमा जोसुकैले गाउन मिल्ने गीतहरू पनि छन् । त्यसैले रोल्पाली सङ्कलित लोकगीतका प्रवृत्ति एवम् स्वरूपलाई केलाउँदा र विभिन्न विद्वानहरूले गरेका लोकगीतका वर्गीकरणलाई आधार मान्दा यहाँका लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । वर्गीकरण गरेर अध्ययन गर्न सकिने त्यस्ता केही प्रमुख आधारहरू निम्नअनुसार प्रस्तुत गरिएका छन्:

१. सहभागिको उमेरको आधारमा : (क) वृद्धका गीत (ख) प्रौढका गीत (ग) युवा-युवतीका गीत (घ) बालबालिकाका गीत

२. सहभागीको लिङ्गको आधारमा : (क) नारी स्वरका गीत (ख) पुरुष स्वरका गीत (ग) मिश्रित स्वरका गीत (घ) जसले गाए पनि हुने गीत

३. गायन अवसरका आधारमा : (क) संस्कार गीत (ख) ऋतुकालीन पर्व गीत (ग) कर्म गीत (घ) बाह्रमासे गीत

४. आख्यान प्रयोगका आधारमा : (क) आख्यान युक्त गीत (ख) आख्यानमुक्त गीत

५. जातिका आधारमा : (क) गाइने गीत (ख) मगर जातिका गीत (ग) अन्य जातिका ( नेपाली भाषी) गीत

६. स्वरका आधारमा : (क) शुद्ध स्वरका गीत (ख) विकृत स्वारका गीत

७. गीतका आधारमा : (क) मध्यगतिका गीत (ख) द्रुत गीतका गीत (ग) विलम्बित गीतका गीत (घ) मिश्रित गीतका गीत


८. रसका आधारमा : (क) शृङ्गार रसका गीत (ख) करुण रसका गीत (ग) शान्तरसका गीत (घ) हास्यरसका गीत (ङ) बात्सल्य रसका गीत (च) भक्तिरसका गीत

९. अभिनयका आधारमा : (क) अभिनययुक्त गीत (ख) अभिनयमुक्त गीत

१०. बाद्यप्रयोगका आधारमा : (क) बाद्यसहितका गीत (ख) बाद्यरहितका गीत

११. नृत्यका आधारमा : (क) नृत्यसहित गीत (ख) नृत्यरहति गीत

यी माथि उल्लेखित विभिन्न आधारमा रोल्पाली लोकगीतलाई वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ तर यस शोधपत्रमा गायन अवसरलाई मात्र आधार मानेर सङ्कलित लोकगीतको वर्गीकरण एवम् विश्लेषण निम्नानुसार गरिएको छ :




## ४.२ संस्कार गीत

मानवजातिको गर्भाधानदेखि मृत्युपर्यन्त गरिने संस्कारमा गाइने गीत नै संस्कार गीत हुन् । संस्कारको अर्थ स्वच्छता शुद्धता लिन अँगाल्ने प्रक्रिया भन्ने बुझिन्छ । संस्कृतिले मानवीय विचारमा रहेका कमजोरी, अवगुण र दोषलाई हटाएर परिष्कार वा शुद्ध पार्ने काम गर्दछ । त्यसैले मानिसहरूले आ-आफ्नो धर्म र संस्कृतिको आधारमा जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका संस्कारहरू गरिरहेको पाइन्छ कतिपय व्यक्तिले आफूलाई अनुकूल हुनेगरी नयाँ-नयाँ संस्कारको निर्माण पनि गरेको देखिन्छ । यिनै विविध संस्कारका क्रममा गाइने गीत नै संस्कार गीत हुन् ।[1] रोल्पा जिल्लामा दुना-टपरी लगाउँदा गाइने मागल, विवाहका

[1] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. १७४ ।

समयमा गाइने रत्यौली आदि संस्कार गीतको रूपमा देखा पर्छन् । यी संस्कार सम्बन्धी गीतहरूको चर्चा निम्नानुसार गरिएको छ ।

### ४.२.१ मागल गीत

मागललाई कतै कतै माहल, सगुन आदि पनि भन्ने गरिन्छ । वास्तवमा मङ्गलकामना गरी गाइने गीत नै मागल गीत हुन् । यी मागल गीतहरू प्रायः महिलाहरूले गाउने गर्दछन् । विवाह, ब्रतबन्ध, छौटी न्वारन आदि आनुष्ठानिक कार्यमा गाइने यी मागल गीतमा कुनै बाजाहरूको आवश्यकता पर्दैन । रोल्पाली लोकजीवनमा विवाहको समयमा दुना-टपरी गाँस्दा देखि दुलहीलाई घरमा पठाउँदा एवम् दुलाहाको घरमा दुलही भित्र्याउँदासम्म विभिन्न मागलहरू गाइन्छन् जस्तैः

दुलहीलाई घरमा पठाउँदा गाइने मागल

पञ्चै बाजा साइत गरौं
अछीता कलश साइत गरौं
डोली-पाल्की साइत गरौं
दुलाहा-दुलही साइत गरौं

विवाहको अवसरमा गाइने मागलहरू दुलहीका घरमा दुलहीका तर्फबाट गाइन्छन् भने दुलाहाका घरमा दुलाहाका तर्फबाट गाइन्छन् । दुलाहाका तर्फबाट गाइए पनि मागल गायक भने महिलावर्ग नै हुन्छन् । जस्तैः

दलहीलाई दुलाहाको घरमा भित्र्याउँदा गाइने मागल

दुलाहा-दुली भित्र्याउँ
भारी-भरिया भित्र्याउँ

विवाह, व्रतबन्ध, न्वारन, पास्नी, छौंटी आदि मङ्गल कार्यका लागी वनपाखाबाट चौडा पात लिएर दुना-टपरी गाँस्ने गरिन्छ । यस्ता दुना टपरी गाँस्ने काम नारीहरूले मात्र गर्दछन् । टपरी गाँस्दै गर्दा पनि केही मागलहरू गाइन्छन् । नारीहरू झम्म परेर काम गर्दै गाइने मागलले एकातिर वातावरण नै सङ्गीतमय बनाएर मनोरञ्जन प्रदान गर्दछ भने अर्कोतर्फ काम पनि विनाथकान, विना रोकावट सुचारु रूपमा सञ्चालन भएको हुन्छ, जस्तैः

पात टिप्दा गाइने मागल

टिप रे टिप रे हरिया पात टिप रे
जुरी-जुरी आयो भन्छन् शुभ लगन

खुट रे खुट रे हरिया पाट खुट रे
जुरी-जुरी आयो भन्छन् शुभ लगन
यिनै पात हरिया पात, यिनै पात पहेंला
सोही पात सिन्दूरैका वान
दुलाहाका पुफाजूका बीजैसरे दन्त
सोही दन्त सुहाइजाला पान

### ४.२.२ रत्यौली/रतेली गीत

रातमा गरिने मनोरञ्जनप्रधान उत्सवमा गाइने गीत भएकै कारण यसको नाम रत्यौली हुन गएको हो । रत्यौली गीतलाई कतै कतै रतेली पनि भन्ने गरिएको पाइन्छ । रत्यौलीको सही अर्थ 'रात' मूल शब्दमा 'एली' प्रत्यय लागेर रतेली, 'एउली' प्रत्यय लागेर रतेउली र 'यौली' प्रत्ययय लागेर रत्यौली शब्को निर्माण भएको देखिन्छ ।[२] यी सबैको अर्थ रातको समयमा मनोरञ्जनका लागि गाइने गीत भन्ने बुझिन्छ । महिलाहरूसँग मात्र सम्बन्ध राख्ने यो रत्यौली गीतले आफ्नै खाले विशिष्ट महत्त्व बोकेको छ । विवाहका दिन पुरुषहरू दुलही लिन गएपछि छिमेकी टोलका आइमाईहरू जम्मा भएर रातभरी गरिने स्त्रीपुरुषका बीचको प्रेमलीलामा आधारित नाचगान, अभिनय आदि नै रत्यौली हो । यस गीतमा दुलहीका घरमा जन्ती पुगिसकेपछि यतिबेला दुलही के गर्दै होलिन् भन्ने अनुमान गर्दै गीत गाउने गरिन्छ, जस्तैः

आधार सगर कालो मैलो आधार सागर जून
यतिबेला दुलैनीले सिन्दूर पैरी हुन्
आधार सागर कालो मैलो आधार सगर जून
यतिबेला दुलैनीले औंठी पैरी हुन् ।

रत्यौली गीतमा चरम शृङ्गार भेटिन्छ । छरछिमेकमा उमेर पुगेका प्रायः लोग्ने मानिसहरू विवाहमा जन्ती जाने हुनाले दुलाहको घरमा महिलाहरूले मनमर्जी रामराज्य गर्ने मौका भेटाउँछन् । निर्भय रूपमा स्वच्छन्दपाराले जिस्कँदा जिस्कँदै उग्र अश्लील शृङ्गारिकतामा पुगेको रत्यौली गायिकाहरू पत्तो नै पाउँदेनन् । पुरुषहरूलाई निषेध गरेर ढोकामा अगोलो ठोकी घरभित्र स्वैच्छिक रूपमा चिउँदो मुसार्ने, अङ्गालो मार्ने, स्तनस्पर्श गर्ने, कूचमर्दन गर्ने जस्ता काम पनि आइमाईहरू बीचमै हुने गर्दछन् । महिलाहरू नै

[२] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने. रा. प्र. प्र., २०४०), पृ. ११२२-२३ ।

काल्पनिक पोइ बनेर यौनजन्य कामकुराहरू गर्ने र आत्मसन्तुष्टि ग्रहण गर्ने काम रत्यौली गीतमा गरिन्छ, जस्तैः

दुलाको धुरीम फुर्चे कपिन्नो
दुलाकी आमालाई पार उभिन्नो
दुलाको धुरीमा फुर्चे कुपन्नो
दुलाकी दिदीलाई पार उभिन्नो
दुलाको धुरीमा फुर्चे कुपिन्नो
दुलाकी फुपूलाई पार उभिन्नो

रत्यौली खेल्दा दुलाहाकी आमा, भाउजू, दिदी, बहिनी आदि नारीहरू प्रमुख रूपमा सरिक हुन्छन् । गाउँका नारीहरू भेला भएर खानपिन गरी रातभरि गीत गाउँदै, नाच्दै मनोरञ्जनात्मक वातावरणमा बेहुलीको प्रतिक्षा गर्ने गरिन्छ । नारीहरू पुरुषले लगाउने पोशाक दौरा, सुरुवाल, कोट, टोपी लगाएर मोसोको जुँघा रेखी बनाई पुरुष बनेर नाच्छन् । यसरी पुरुष भेषभूषा पहिरिएर नाच्ने नारीपात्रलाई जोगी भनिन्छ । यस्ता जोगीहरूले आफ्ना हाउभाउद्वारा विभिन्न अश्लील क्रियाकलाप गरी रत्यौलीमा मनोरञ्जन प्रदान गर्दछन् । सवभावतः मानिसलाई जुन कार्य गर्न प्रतिबन्ध लगाइएको हुन्छ, उसमा त्यही कार्य गर्ने ईच्छा जागृत हुन्छ । त्यसैले पुरुषहरूको उपस्थिति बर्जित गरिए पनि रत्यौलीमा लुकीछिपी हेर्ने पुरुषहरूको कमी भने हुँदैन । यस्ता परुषहरूलाई भगाउने कार्यमा जोगी सक्रिय रूपमा लागेको हुन्छ । यसरी पुरुषहरूको उपस्थिति बिनाको महिला मण्डलीमा आफ्नो घरका पुरुषहरूको नक्कल गर्दै नाच्ने र गीत गाउने गरिन्छ । पहिले पहिले रत्यौली गीतको परम्परा रोल्पा जिल्लामा व्यापक रहेको बुझिए पनि हाल लोपोन्मुख अवस्थामा रहेको छ । वर्तमान समयमा रोल्पा जिल्लाको लिवाङ, धवाङ, खुमेल, मिझङ आदि भू-भागमा मात्र क्षीण रूपमा रत्यौली गीतको परम्परा पाइन्छ ।

## ४.३ ऋतुकालीन पर्व गीत

प्राकृतिक अवस्था अनुसार वर्षभरिको वातावरणमा देखिने परिवर्तन र तदनुसार हुने समय विभाजनलाई ऋतु भनिन्छ । धार्मिक, सांस्कृतिक वा सामाजिक दृष्टिले महत्त्वपूर्ण मानिने समय वा दिनलाई उत्सव, पर्व वा चडपर्व भनिन्छ । यिनै ऋतुअनुसारका चाडपर्वहरूमा गाइने लोकगीतहरूलाई ऋतुकालीन पर्वगीत भनिन्छ । बसन्तमा शुभ मङ्गल चाहनु, वर्षमा विपत्तिबाट पार पाउने आकाङ्क्षा राख्नु, शरदमा खुसीयाली मनाउनु, हेमन्तमा

सङ्घर्ष गर्न सिक्नु, शिशिरको परिवर्तन पछि जीवनसुखको प्रेरणा लिनु आदि यसका उदाहरण हुन् ।[३] नेपालमा विभिन्न जनजातिहरूका आ-आफ्नै प्रकारका संस्कृति छन् । तिनीहरूले आ-आफ्ना धार्मिक तथा सांस्कृतिक श्रद्धा, विश्वास र धारणाका आधारमा वर्षको निश्चित तिथिमितिमा आफ्नै प्रकारका मनोरञ्जनपूर्ण चाडपर्वहरू मनाउने गर्छन् । प्राचीन नेपाली समाजका अनेकौं उद्देश्यहरू परिपूर्तिका साधनहरमध्ये चाडपर्वहरू पनि एक हुन् । आफ्नै किसिमको मौलिक सांस्कृतिक विशेषता भएको स्वतन्त्र हिन्दू अधिराज्य नेपालमा दशैं तिहार, तीज, भलपूजा, फागु आदि निश्चित प्रकारका चाडपर्वहरू छन् । सबै जाति र जनजातिहरूले आ-आफ्ना संस्कृति र परम्परा अनुसार चाडपर्वहरू पनि मनाउने गर्दछन् । यी चाडपर्वहरूमा आफ्नै प्रकारका भेषभूषा, लोकबाद्य र लोकनृत्यको प्रयोग गरी पर्वगीतहरू गाइने गरिन्छन् ।

समाजमा हरेक जातिले आफ्नो जीवन सङ्घर्षलाई हलुको पारी पीर व्यथा र वेदनाका भारीहरू विसाई एकैछिन भएपनि रमाउन विभिन्न विश्रान्तिका क्षणहरूको व्यवस्था गरेको हुन्छ । जसलाई हामी पर्व भन्दछौं । हामी नेपाली वर्षभरिमा क-कति पर्व मनाउँछौं, त्यसको लेखाजोखा छैन । रोल्पा जिल्लामा ऋतुकालीन रूपमा देखापर्ने विभिन्न पर्वहरूमा विशेष प्रकारका पर्वगीतहरू गाउने परम्परा छ । भाद्र महिनामा तीजको गीत, असारमा मलपूजा गीत र दसैं एवम् तिहारमा भैलो, देउसी, ख्याली, मालसिरी, माघमा श्याम्भो गीत आदि गाइन्छन् । यी गीतहरू चाडपर्वका समयमा मात्र गाइन्छन् र चाड पर्वहरू ऋतु अनुसार मनाइने हुँदा यी गीतहरूलाई ऋतुकालीन पर्वगीत अन्तर्गत राखिएको हो । यी पर्व गीतहरूको चर्चा निम्नानुसार गरिएको छ ।

### ४.३.१ तिजका गीत

वर्षयाममा पर्ने नेपाली नारी जातिको महान् पर्व हरितालिका तीजको अवसरमा गाइने गीत नै तिजका गीत हुन् । यी गीतहरू वर्षैपिच्छे खास गरी भाद्र शुक्ल द्वितीया देखि पञ्चमी सम्म गाइन्छन् । नारीहरूले सौभाग्य समृद्धिका निमित्त धार्मिक परम्परा अनुसार शिव-पार्वतीको उपासना र पूजा गर्ने भाद्र शुक्ल तृतीयको दिनलाई तिज (हरितालिका) भनिन्छ । विशेष गरी हिन्दू नारीले आफ्ना पतिको दीर्घायुको कामना गर्दै ब्रत बसी पूजा आजा गरेर तीजपर्व मनाउने गर्छन् । तिजको ब्रत बस्नाले लोग्नेको आयु बढ्छ र पति नहुनेले पनि महादेव जस्तै पनि पाउँछन् भन्ने जनविश्वास यहाँका समाजमा पाइन्छ ।

[३] कृष्णप्रसाद पराजुली, **पूर्ववत्**, पृ. १७४ ।

तिजका दिन महिलाहरूले सकेसम्म राम्रा कपडा लगाउने गर्दछन् । गर-गहनामा सधैं लगाउने गहनाका अतिरक्त विवाह हुँदा प्रयोग भएका सौभाग्यका सामानहरू पनि लगाउने प्रचलन छ । तिजका दिन चौतारी, खुला मैदान, मन्दिरको वरिपरि, घरको आँगन, स्कुलको चहुर आदि जस्ता ठाउँमा सबै महिलाहर मिली नाचगान गर्ने गर्दछन् । साँझपख पूजापाठ गरिसकेपछि केही निराहार बस्नछन् भने कोहीले फलफूल खाने गर्दछन् । तिजको भोलि वा पर्सिपल्ट पर्ने ऋषिपञ्चमीको ब्रत भने महिनावरी भइसकेका महिलाहरूले मात्र लिने गर्दछन् ।

यस पर्वमा विवाह भइसकेका छोरी, चेलीलाई माइतीबाट लिन जाने गरिन्छ । तिजको अघिल्लो दिन सबै बसेर मीठा-मीठा परिकारहरू 'दर' खाने र भालिपल्ट निराहार बसी ब्रतगर्ने प् । आफ्नो घरको पीडा र व्यथाहरू माइतीमा गएर साथी-साथी जम्मा भई थपडी बजाएर मादलको तालमा गाउने र कम्मर मर्काई-मर्काई घुमी-घुमी नाचिने यस पर्वले नारी जातिलाई ठूलो स्वतन्त्रता प्रदान गरेको महसुस हुन्छ ।

रोल्पा जिल्लाका अधिकांश मानिसहरू मध्यमवर्गीय र निम्नवर्गीय भएकाले यहाँका नारीहरूमा अनगिन्ती पीडा र व्यथाका कथाहरू छन् । घरमा सासूले बुहारीलाई गर्ने व्यवहार नन्द-भाउजूका बीचको द्वन्द्व, पति-पत्नीका बीच असमानताका पीडा, राम्रो लगाउन नपााएको पीडा, कान्छी आमाले गर्ने व्यवहार आदिको अभिव्यक्ति तीजका गीतमा भेटिन्छन्, जस्तैः

तीज आयो राजै रमाउँदै झमाउँदै
छैन राजै मेरो हातै लाउनी चुरिया
पख-पख रानी नेपालबाट ल्याइदिउँला
तब यो लाउली रानी हातै लाउनी चरिया
घरभरि ढलीमली कान्छी आमा गर्दछिन्
मै टुहुरी चेली भनी गाली गर्दछिन्
आकासैमा मण्डल मार्ने काली काग खरर
मेरी आमा सुरजेलाई दख्यौ देखिनौं ?
देख्न पनि देखेथें, खबर पनि पाएथें
तिम्री आमा सुरजे त बैकुण्ठमा छिन् ।

वर्तमान समयमा यस क्षत्रका नारीहरू पनि केही शिक्षित र सचेत बनेकाले उनीहरूका गीतहरूमा परिवर्तनको स्वर पनि भेट्न सकिन्छ । यस क्षेत्रमा हुने विभिन्न प्रतियोगिताहरूले तीज सम्बन्धी गीतहरूमा विविधता नै ल्याइदिएको छ । नारी जातिको मुक्तिका गीतहरू वर्तमान समयमा प्रशस्त सन्न पाइन्छन्, जस्तैः

कन्यादान ठूलो दान होइन आमा तिमीलाई
दान दिन्छौं भने देऊ शिक्षा हामीलाई
अंश पनि चाहिँदैन दाइजो पनि चाहिँदैन
छोरा जस्तै शिक्षा देउन अब छोरीलाई

युद्धको विषम परिस्थितिले रोल्पा जिल्लालाई नराम्रो सँग गाँजेको छ । गाउँघरमा बस्न नसकेपछि पलायन भएका आफ्ना श्रीमान् घर फर्कन्छन् या फर्कदैनन् भन्ने चिन्ता श्रीमान्को अभावमा वर्षदिनको तीजमा रमाउन नसकेको पीडा, अब देश कुन हालतमा पुग्ला भन्ने आशङ्का जस्ता कुराहरू पनि तीजका गीतमा छयाप्छ्याप्ती भेटिन्छन् । तीजका गीत नारीले मात्र गाउने गीत हुन् तापनि वर्तमान समयमा पुरुष पनि सहभागी भएको र उनीहरूले तीजकै लयलाई अँगाली दोहोरी रूपमा दुःख पीडाका अभिव्यक्ति व्यक्त गरेर गाएको पाइन्छन् जस्तैः

श्रीमती - हामी जस्ता चेलीका कति सिन्दुर पुछियो
रगतले आफ्नै देशको माटो मुछियो
आमाका काख रित्तिएर भइराछ बेहाल
कुन हालतमा पुगने होला हाम्रो नेपाल

श्रीमान् - सबैका छन् छोरा-छोरी बाबा र आमा
भाइ-भाइमा लड्नु पऱ्यो हाम्रो नेपालमा
हामी जस्ता युवाको कति गयो ज्यान
बाँच्न पनि गाह्रो भयो दुःखी जीवन

### ४.३.२ नवदुर्गा/मालसिरी गीत

हिन्दूहरूको सबैभन्दा ठूलो चाड बडादशैंको नवदुर्गामा विभिन्न कोटहरूमा देवदेवीलाई पुकारा गरेर गाइने भजन जस्तै गीतलाई मालश्री भन्ने गरिन्छ । रोल्पा जिल्लामा आश्विन शुक्ल प्रतिपदादेखि नौ दिनसम्म वनदुर्गाको पूजा गर्ने र दसौं दिनलाई वडादशैं पर्वको रूपमा मनाउने प्रचलन छ । यहाँ नवदुर्गाका नौ रातमा देवीका नौ रूपको उपासना

गरी दशमीका दिन नवदुर्गाको प्रसादस्वरूप मान्यजनबाट टीका-जमरा लगाउने चलन छ । खास गरेर बाहुन क्षेत्री जातिका घरमा नवरात्रीभरि बिहान-बिहान 'दुर्गा सप्तशती' र 'मालसिरी' पाठ गर्ने गरिन्छ । विभिन्न कोट, मन्दिर र घर-घरमा गाइने जातिका पुरुषहरूले मालसिरी गाउने गर्दछन् ।

देब्योयासना गर्नु नवदुर्गा पूजाको मुख्य उद्देश्य भएको हुँदा यस अवसरमा गाइने मालसिरी गीतमा देवीस्तुतीकै सन्दर्भ पाइन्छ । रोल्पा जिल्लामा लोकगीत प्रचलनका दृष्टिले नवदुर्गा त्यति महत्त्वपूर्ण मानिदैन । यस अवसमा गाइने जातिका पुरुषहरूले कोटहरू र घर-घरमा गएर मालसिरी गाउने चलन छ । यसबावत उनीहरूलाई चाडको अन्त्यमा आफ्नो भाग स्वरूप रूपैयाँ, पैसा, चामल पीठो, घिउ, तरकारी दिइन्छ । नवरात्रिमा गाइनेहरूले गाउने मालसिरी गीतमा एकरूपता पाइँदैन । गायक र स्थान अनुसार कथ्यवस्तु सङ्गीतात्मकता भिन्नता पाइन्छ रोल्पा जिल्लामा प्रचलित मालसिरी गीतमा शक्तिको उपासना र देवीका वन्दना पाइन्छ, जस्तैः

माइको मुला सितान दखिन खण्डमा
त्यहाँ देखी जोत्देगरी आएँ उत्तर खण्डमा
बीसासय बली चढेका तिम्रा थानामा
साँझेली उदायो साइकुमारीमा
जयदेवी माइ तिमी भवानी
जगतको हौ तिमी दायना रे
परेवाको घटस्थापना
दुजको दुजै पूजा
तीजको पनि तीजै पूजा
पञ्चमीको पञ्चबल
षष्टीको षष्टी पूजा
सप्तमीको फूलपाती
अष्टमीको अष्टमी पूजा
नवमीको कालरात्री
दशमीको तिलकपाती रे

'मालसिरी' शास्त्रीय सङ्गीतमा पाइने 'मालश्री' रागसँग सम्बन्धित देवीस्तुती गीत हो । रोल्पा जिल्लामा प्रचलित मालसिरी गीतले स्थानीय भाषिका, लोकसङ्गीत र लोक भावनाको प्रयोगबाट मौलिक स्वरूप पाइएको छ । मालसिरी गीत गायनै पुरुषहरूले मात्र गाउने हुनाले र गाइनेहरूको बसोबास रोल्पा जिल्लामा कम भएकाले आजभोलि यो गीत कम मात्रामा गाउन थालिएको छ । मालसिरी गाउनेहरूको अभावमा सङ्कलन पनि धेरै गर्न सकिएन ।

### ४.३.३ भैली/ध्याँउसिरे गीत

तिहारमा लक्ष्मीपूजाको दिन देखि विभिन्न समूह मिलेर मादल, बाँसुरी, झ्याली, पैंचन आदको साथमा घर-घर भैली गाउँदै हिड्नलाई रोल्पामा भैली खेल्नु भन्दछन् । शरद ऋतुमा पर्ने तिहार पर्वमा गाइने हुनाले यसलाई ऋतुकालीन पर्वगीतको क्रममा राखिएको हो । भैली खेल्ने परम्परा कहिलेदेखि शुरु भएको हो भन्ने कुरामा किटान गर्न नसकिए तापनि लोकसमाजमा प्रचलित किंवदन्ती अनुसार प्राचीनकालमा देवता र असुरहरू बीच सङ्ग्राम हुँदा विष्णुले तारकारसुर दैत्यलाई बध गरेर देवतालाई सुख-शान्ति दिएको दानी बलिले पातालको राज्य पाएको, राम वनवासबाट फिर्ता आउँदा अयषेध्याबासीले स्वागत गरेको र उनी राजगद्दीमा चढ्दा जनता उल्लासित भएको उपलक्ष्यदेखि यो उत्सव मनाइने गरिएको हो भनिन्छ । विद्वानहरूका भनाइलाई हेर्दा जुम्लाका खस रजा बलिराजले वि. सं. १४५०-१४६० अर्थात पन्धौं शताब्दीतिर भैली र देउसी खेल्ने चलन चलाएका हुन् भन्ने उल्लेख पाइन्छ ।[४] अर्कातिर धर्मराज थापा र हंसपुरे सुवेदीले भने कर्णाली प्रदेशमा सामन्त बहादुर थापाका छोरा बलिराज थापाउर्फ काशिराम थापाले सोह्रौ शताब्दीको अधाआधीबाट चलाएका हुन् भन्दछन् ।[५] यी भनाइहरू जे भए पनि रोल्पा तिहारको समयमा हर्षोल्लासका साथ भैली खेल्ने परम्परा ज्यादै पुरानो देखिन्छ ।

लक्ष्मीपूजादेखि थालनी गरिने यो भैलीगीत भाइटिकाको दिनसम्म चल्छ । यो एक किसिमको टुक्का गीत हो यसमा कथानक हुन पनि सक्छ नहुन पनि सक्छ । यो समूहगीत भएकाले समूहमध्ये एक जनाले टुक्का भट्याउँछ र बाँकीले स्वरमा स्वर मिलाएर टुक्काको अन्त्यमा भैलो भन्ने थेगो दोहोऱ्याउँछन् । रोल्पा जिल्लामा नारी-पुरुष दुवैले भैली खेल्ने चलन छ । वर्तमान समयमा प्रगीतशीलताको नाममा देउसिरे । भैलीको सट्ट सिज (सिस्ने जलजला □ सिज) भन्ने प्रचलन भित्रिएको छ । यस्ता नयाँ नयाँ प्रयोगले प्राचीन संस्कार

[४] बालकृष्ण पोखरेल, **पाँचसय वर्ष,** (ललितपुर : जगदम्बा प्रकाशन, २०२०), पृ. ७९ ।
[५] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** (काठमाडौं: पा. वि. के. त्रि. वि., २०४१) पृ. १६८ ।

एवम् चाडपर्वमाथि ठूलो प्रश्चचिन्ह खडा गरेका छन् । यति भएर पनि अधिकांश रोल्पाबासीहरूले भैली नै भन्ने गर्दछन्, जस्तैः

| भट्याउने | समूह |
|---|---|
| लौ- भन-भन साथी | भैली |
| लौ - स्वर मिलाइ भन | भैली |
| लौ - वर्ष दिनको | भैली |
| लौ - तिहारमैमा | भैली |
| लौ - काग तिहार | भैली |
| लौ - कुकुर तिहार | भैली |
| लौ - लक्ष्मी पुजा | भैली |
| लौ - गाई तिहार | भैली |
| लौ - गोवर्द्धन पूजा | भैली |
| लौ - भाइ टीका | भैली |
| लौ - रातामाटो | भैली |
| लौ - चिप्लो बाटो | भैली |
| लौ - अँधेरी रातमा | भैली |
| लौ - लोड्दै पर्दै | भैली |
| ला - आयौं हामी | भैली |

तिहारमा भाइटीकाको दिन बेुलकी घर-आँगनमा सुख-समृद्धिको कामना गर्दै गाइने एक प्रकारको सामुहिक गीत नै देउसी गीत हो । तिहारमा देउसी खेल्दा एकजनाले भट्याउने र समूहका अन्यले देउसिरे भन्ने गर्दछन् । देउसी खेल्न आएको समूहलाई देवताको रूपमा मानिन्छ । देउसेले घरघरमा डुली सबैलाई आर्शीवाद र सम्पन्नताको कामना गर्दछन् । रोल्पा जिल्ला आफैंमा भौगोलिक विविधता भएको जिल्ला हुनुको साथै विभिन्न भाषा-भाषी र जात-जातिका मानिसहरूको बसोबास भएकाले देउसी खेल्दा ध्याउँसिरे, देउसरे, देउसीरे, ढ्याउँसिरे, र देउसरी पनि भन्ने गरिन्छ । देउसी उच्चारणका विविध रूप देखिए तापनि बहुसङ्ख्यक रोल्पाबासीहरू ध्याउँसिरे भन्ने गर्दछन्, जस्तैः

| **भट्याउने (टुक्का)** | **समूह** |
| --- | --- |
| आहै काग तिहार | ध्याउँसिरे |
| आहै कुकुर तिहार | ध्याउँसिरे |
| आहै गोवर्धन पूजा | ध्याउँसिरे |
| आहै बल्ल तिहार | ध्याउँसिरे |
| आहै भाइतिहार | ध्याउँसिरे |
| आहै भनभन भाइ हो | ध्याउँसिरे |
| आहै भन सङ्गी | ध्याउँसिरे |
| आहै निधारैमा | ध्याउँसिरे |
| आहै टीका लाउने | ध्याउँसिरे |

### ४.३.४ भलपूजा गीत

भलपूजा गीत रोल्पा जिल्लामा बसोबास गर्ने मगर जातिमा प्रचलित वर्षा ऋतुको गीत हो । यो गीत विशेष गरेर रोल्पा जिल्लाको, उत्तरी भेगीतर असारे सङ्क्रान्तिको मौका पारी गाइन्छ । सबै उमेर समूहका महिला पुरुषहरू मिलेर गाउँको नजिकैमा रहेका खुला चहुर एवम् डाँडामा गई हातमा हात समाएर वा नसमाएर गाइने भलपूजा गीतले पर्याप्त लोकविश्वास बोकेको छ ।

भलपूजा गीतलाई स्थानीय भाषामा भूमेगीत, बलपूजा गीत आदि पनि भन्ने गरिन्छ । भूमि देवताको नाममा बली दिइने हुनाले बलपूजा गीत भनिएको बुझिन्छ । यो पूजा वर्ष ऋतुमा पर्ने असार महिनाको एक गते गरिन्छ । भलपूजाको मुख्य उद्देश्य देवतालाई खुसी तुल्याई वर्षा ऋतुमा आइलाग्ने बाढी (भल) पहिरो आदि प्राकृतिक दुर्घटना नपरुन् र मानिसलाई क्षति नपुगोस् भन्ने हो । असार-साउनमा हुने अध्यधिक वर्षाका कारण खोला-नाला, खोल्सा-खोल्सीबाट हलक्क खहरे भेल बढेर आई ठूलो धनजनको क्षति पुग्ने हुनाले यस्ता विनाशकारी भेलहरू नआउन् भन्ने कामना गरी पूजा गरिने र यस अवसरमा गीत पनि गाइने भएकाले भलपूजा गीतको नामाकरण गरिएको देखिन आउँछ । रोल्पामा वर्षा ऋतुमा एक्कासी बढेर आउने अस्थायी भेललाई ‘भल’ भन्ने गरिन्छ ।

एकोहोरी र दोहोरी दुवै रूपमा गाइने यस गीतमा सामूहिक नृत्य गरिन्छ । यो बाद्य सहित गीत हो । दमाहा, झ्याली, पैंजन, मादल, सनाही, बाँसुरी आदि वाद्यका साथमा खिरिला टुक्काहरू उरालेर गाइने भलपूजा गीतले उच्च आनन्द प्रदान गर्छ । दमाहाको

तालसँग छिटो-छिटो लय अड्गालेर गाइने यी गीतमा प्रकृतिका विविध छटाहरूको चित्रण, मानव जीनवको क्षणिकता सम्बन्धी चिन्तन, जीवन भोगाइका तीता-मीठा अनुभव एवम् प्रेम प्रणयका कुराहरू अभिव्यक्त भएको पाइन्छन् । भलपूजा गीत गाइने प्रमुख दिन असारको एक गते भए पनि कतै कतै तीन चार दिनसम्म त कतै महिनाभरी पनि गाउने गरिएको पाइन्छ । भलपूजाको दिन नाचगानकै थलोमा भोजभतेर खाने चलन छ । सबै उमेर समूहका महिला र पुरुषहरू मिलेर सामूहिक नृत्य गर्दै गाइने भलपूजा गीतका केही एकोहोरी र दोहोरी गीतका नमूना यसप्रकार छन्:

सुनारैकी छोरी राम्री सुनका गहनाले, सुनका गहनाले
जीउत मेरो सुकिसक्यो, मनका लहनाले, मनका लहनाले
सिकारी अल्मलै पऱ्यो, लेक काट्यो चौकाले लेक काट्यो चौकाले
गाउँ त गीत लाउँ त माया, भेट भयौ मौकाले भेट भयो मौकाले
चन्द्रमाको जीवन थियो, थियो झलमल थियो झलमल
मैले माया लाउँदै थिए, काँ पऱ्यो अलमल, काँ पऱ्यो अलमल
फर्की फर्की चर्न लायो झुले बहर झुले बहर
वर्ष दिनको भलपूजैमा, फेरौं लहर फेरौं लहर
दमाई दाइले सिउन लाग्यो छेउ-छेऊ लामजनी, छेउःछेऊ लामजनी
क्वै मोरम्ला क्वै बाँचम्ला फरेम सम्झनी फरेम सम्झनी

केटा : हे - सुरवसँग तिमीलाई राख्ने छु
गहनाले शिरपाऊ ढाक्ने छु
नेपाललैमा, होइ आमा
तिमीलाई राख्ने छु
गहनाले शिरपाऊ ढाक्ने छु
नेपालैमा होइ आमा
आउँ पानी खलल, फूल टिमी
देउतालाई झलल, नेपालैमा होई आमा

केटी : हे - मनको ढोका था नदिई खोलेर
दुई दिन बसी जान्चौ कि छोडेर
नेपालैमा...

केटा : हे - तिम्रै देख्नु दिन-रातै सपना

दुइँ दिन बस्ने होइन म पाहुना

नेपालैमा...

केटी : हे - सपना त दिनदिनै बदलिन्छ

जता न्याने मन उतै पल्किन्छ

नेपालैमा...

## ४.३.५ श्याम्भो गीत

माघेसङ्क्रान्तिको अवसर पारेर गाइने रोल्पा जिल्लाको उत्तरी भेग तिर अत्यन्त प्रचलित गीत हो, श्याम्भो गीत । यो गीत आनन्दमुद्रामा लामो लेघ्रो तानेर केवल वृद्ध पुरुषहरूद्वारा मात्र गाइन्छ । मगरहरूको घना बस्ती भएको थवाङ, उवा, जलेवाङ, आदि भू-भागहरूमा माघ महिनाको शुरुका तीन दिनदेखि पाँच दिनसम्म चल्ने यो श्याम्भो गीतले आफ्नै मौलिक विशेषता बोकेको छ ।

यो गीत श्याम्भो राजा र श्याम्भो रानीले बनाइदिएका हुन् भन्ने लोकविश्वास पाइन्छ । यसै आधारमा नै 'श्याम्भो' गीतका नामले पुकार्ने गरिन्छ । यति भएर पनि यस गीतमा कहीं कतै आख्यान भेटिंदैन केवल उठानको क्रममा थोरै मात्रामा उनीहरूले बनाइदिएका तारो खेलमा प्रयोग गरिने धनषवाण, जरमुठाको (निगालोका) तीर एवम् तानको चर्चा गरिन्छ । प्रसङ्ग अनुकूल एकोहोरी र दोहोरी रूपमा श्याम्भो गीत गाइन्छ । स्थानीय भाषामा बेजाबलका नामले चिनिने तारो हान्ने खेललाई माइती र इष्टका बीचमा भाग्य विचार्ने कसीका रूपमा हेरिन्छ । माघ महिनाको शुरुका तीन दिनदेखि पाँच दिनसम्म चल्ने यस खेलमा माइती पक्षले तारो (निशाना) थाप्छन् भने इष्टपक्षले ताकी ताकी हान्छन् । काठको फल्याकमा कुनै चिन्ह लगाएर निशाना बनाइएको हुन्छ । कतिपय अवस्थामा माइती पक्षले आफ्नो शिरको टोपीपसमे निशाना राख्न पछि पर्दैनन् । उक्त निशानामा हान्ने मौका इष्टपक्षका प्रति व्यक्तिलाई तीनपटक सम्म दिइन्छ । लगाउन सफल भएमा इष्टपक्षको र नलाएमा माइती पक्षके भाग्य बलियो भएको मानिन्छ । यस क्षेत्रमा माइती र इष्ट मिलेर रसरङ्ग गर्ने खेलको रूपमा बेजोखेल, चाडको रूपमा माघेसंक्रान्ति र गीतका रूपमा श्याम्भो गीतलाई अँगालिन्छ, जस्तैः

उई माघ जान्च उई माघ आउँछ

जीवन आउँदैन[२] श्याम्भो

माइती र भाञ्ज सुख सफल गरौं

बारम्बार पाउँदैन[२] श्याम्भो

एSS श्याम्भो बारम्बार पाउँदैन

खुला चहुरका एक किनारामा तारो हान्ने खेल चलिरहेको बेलामा छेउछाउको अर्को किनारामा वृद्धपुरुषहरू श्याम्भो गीत गाउँछन् । यो गीत एकहोरी र दोहोरी दुवै रूपमा गाउने गरिन्छ । एकोहोरी रूपमा गाउँदा बेजोखेलमा सहभागी युवाहरूको प्रशंसा गर्दै सकेसम्म जोश पाउने काम गरिन्छ, जस्तैः

बाँया र हातमा धनुष समाई

दायाँ हातमा तीर[२] श्याम्भो

साँच्चै रामजाली पुन रै'छौ भने

ताराको धर्सा छिर[२] श्याम्भो

एSS श्याम्भो ताराको धर्सा छिर

## ४.४ श्रम/कर्म गीत

नेपाली जीवन परिश्रम बिना बित्नै पाउँदैन । प्रत्येक ऋतुमा लोकजीवनको नाता विशेष रूपमा श्रम वा कर्मसँग गाँसिएको हुन्छ । विभिन्न ऋतुअनुसार फरक-फरक बालीनाली लगाउने, गोडमेल गर्ने, स्याहार गर्ने, बाटोघाटो बनाउने, घर निर्माण गर्ने, पुल हाल्ने जस्ता यावत कामकाज गर्नु पर्ने हुन्छ । काम गर्दा चर्को घाम, वर्षा पानी असिना पानी आदि जसता प्राकृतिक प्रकोपको सामना गर्नु पर्ने हुन्छ । विहानदेखि बेलुका सम्म निरन्तर काम गर्दा लागेको थकाई, अल्छी, भोक, तीर्खा आदि बिर्सन श्रमिकहरूले काम सँगसँगै विभिन्न स्वररहरी भएका गीत गाएर मनोरञ्जन लिने र्दछन् । श्रम गर्ने शरीरलाई आराम दिने क्षणमा होस् या बेफुर्सदको अवस्थामा होस् काम सँगै सान्दर्भिक भावनाहरू लयात्मक रूपमा प्रकट हुन्छन् । यसरी प्रकट हुने भावनालाई नै श्रमगीत वा कर्मगीत भनिन्छ ।

नेपालका विभिन्न भू-भागहरूमा खन्ने, जोत्ने, धानरोप्ने, गोडमेल गर्ने बाली थन्कयाउने, पुली पार्ने, भरान, पुल आदि ओसार्ने कार्यमा बेग्ला(बेग्लै विशेषता बोकेका गीतहरू गाइन्छन् । यस्ता गीतहरू मध्ये रोल्पा जिल्लामा विशेष गरी जेठ-असार तिर धान रोप्दा असारे वा धान रोपाइँ गीत गाइन्छ । यी गीतलाई यहाँ झारी गीत भनिन्छ । कार्तिक-मंसिरमा धानको र चैत-बैशाखमा जौ-गहुँको दाइँ गर्दा गाइने गीतलाई दाइँगीत भनिन्छ ।

त्यस्तै घर बनाउदा प्रयोग गरिने ठूला-ठूला काठ ओसार्दा, बाटोघाटो निर्माण गर्ने क्रमा ढुङ्गा पल्टाउँदा, खोलामाथि पुन (साँघु) बनाउँदा प्रयोग गरिन दार ओसार्दा गाइने एक प्रकारको चर्को गीतलाई हैंसा गीत भनिन्छ । यी गीतहरू काम गराईका साथसाथै गाइने हुँदा अभिनय वा नृत्यको खाँचो पर्दैन । यी गीतहरूको चर्चा निम्नानुसार गरिएको छ ।

**४.४.१ धानरोपाइँका गीत**

धान रोप्ने क्रममा गाइने गीत नै धान रोपाइँका गीत हुन् । रोल्पामा प्रायः भू-भागहरूमा धान रोप्ने काम जेठ-असारमा हुन्छ । रोपाइँको बारेमा चर्चा गर्न हली बाउसेलाई सम्मान गर्न, सीमे-भूमे जस्ता देवी देवताको स्तुति गर्न खेतमालिकबाट दक्षिणा झार्न एवम् समूहमा मनोरञ्जन गर्दै थकाई मेटनका लागि यस्ता धान रोपाइँका गीत गाइन्छन् । रोल्पा जिल्लामा खास गरेर लिवाङ-गजुल, जुँगार आदि क्षेत्रमा गाइन्छ । यो गीत केवल महिलाहरूले मात्र गाउँछन् । पहिले पहिले केही स्थानमा पञ्चैबाजाका साथ गाउने गरिन्थ्यो तापनि वर्तमान समयमा बाद्यरहित रूपमा गाउने गरिन्छ यो गीत खेतमा रोपाइँ गर्दा, बाटोमा हिड्दा र घरमा पुगेपछि फरक-फरक लय र विषयवस्तुमा संरचित हुन्छ, जस्तै

यस खेतका खीमे भूमे राख्ने राखे भलै
हामी आइमाई हास्यम् खेल्चम् धार खान्यौ कि धूप
जडन धानको अक्षेता, रसमैको धुजे
कालु गाइको गोबर, मैलु गाइएको दूध
वारी खेत रोपाइ छ पारी खेत रोपाइ छ
माझै खेतम् सिलङ्गेको फूल छ ।

खेतमा धान रोपी सकेपछि मङ्गल कामना गर्ने गरिन्छ । काम सकेर थकिन भएका हली, बाउसे, रोपाल्नीहरू सँगसँगै घरतर्फ उकालो लाग्ने क्रमा एकले अर्कोलाई नपर्खेर अगाडि बढेमा झारी गीतमै छेडछाड हान्ने पनि गरिन्छ, जस्तैः

दायँ दाएँ पिपलु त बाँया लाए बर
पर्खेउ-पर्खेउ हली दाइ सङ्गै जाम्ला घर
यसु घरका मुखिया त बीसासय बाँचे
बाँस झैं जो मौलाए, काँसझैं जो गँजाए
मरिम भने दिदी बैनी इन्द्रैलोक भेट
बाँचिम् भने दिदी बैनी आउने साल भेट

रोपाल्नीहरू घरमा पुगेपछि खेतबाट लिएको अलिकति जरी र फूलापाती समाती आँगनमा आशीर्वादात्मक गीत गाउँछन् । गीत गाइसकेपछी घरको संघारमा टाँस्छन् र भित्र पस्छन् । आशीर्वादात्मक गीत गाएवातप केही मिष्ठ भोजन र दक्षिणा  रोपाल्नीहरूले प्राप्त गर्छन, जस्तै:

लेक निङ्ली एकै पात
बुराबुरी जिउन लाख
हली बाउसे जिउन लाख
घर रौतेला एक नास
एकको एकै हुन जाउनु
पर्वतैको तामा तमोर
घरैभरी हुन जाउन्
सयमुरी धान भकारी
घरैभरी हुन जाउन्

### ४.४.२ दाइँगीत

धान वा जौं दाई गर्ने क्रममा गाइने गीत नै दाइँ गीत हुन् । कार्तिक-मंसिर एवम् चैत्र-वैशाख महिलना कृषि पेशामा लाग्नेहरूको अत्यन्त खुशीको महिला हो । रोल्पामा आफूले परिश्रम गरेर लगाएका बाली भित्र्याउने क्रममा पनि केही गीत गाइन्छन् । धान काटेर कुन्यू बनाई त्यसलाई गोरुद्वारा दाइँ गर्ने क्रममा होस वा जौकापुला पारी आँगनमा दाइँ गर्ने क्रममा होस् यी दुवै अवसरमा गाइने गीत दाइँ गीत हुन् । देशका विभिन्न भेगहरूमा भिन्ना भिन्नै खालका दाइँगीत गाइए झैं रोल्पा जिल्लामा पनि आफ्नै खालका दाइँगीत गाइन्छन् । आँगनको मियोमा (काठले गोरु अड्याउने किला) सजिलै घुम्न सक्ने गरी दुइँ देखि सात-आठ वटा आफूलाई कुनै झ्याऊ नलागोस र चक्कर पनि नलागोस् भन्ने हेतुले विभिन्न मङ्गल कामना गर्दै गीत गाउने गर्दछन् । यस्ता गीतमा 'सह' र 'लच्छिन' बोलाउने खालका गीतहरू सम्मिलित हुन्छन्, जस्तै:

माराभाई, माराभाई, माराभाई, माराभाई
सह ल्याइदेऊ, सङ्कार ल्याइदेऊ
सिङ्गमाथि ल्याइदेऊ, जुरोमाथि ल्याइदेऊ
खुरमाथि ल्याइदेऊ, जुरोमाथि ल्याइदेऊ

पुत्ले मारा भाई, माराभाई, तारे माराभाई

डरी भरी लेऊ, कठोटी भरी लेऊ

स्याबास बाबु, माराभाई माराभाई, माराभाई

### ४.४.३ हैंसा गीत

सामूहिक रूपमा बल काम गर्नुपर्दा एकजनाले भट्टयाउने र अन्यले एकै साथ हैंसा भन्दै गाइने गीत नै हैंसा गीत हो । हैंसा गीत गाउनका लागि कुनै खास ऋतु वा पर्व विशेषको आवश्यकता पर्दैन । वर्षको जुनसुकै समयमा समूहमा मिलेर धेरै बल प्रयोग गरी काम गर्नुपर्दा हैंसा गीत गाइन्छ । त्यसैले यो बाह्रैमहिना गाउन सकिने श्रमगीत अन्तर्गत पर्दछ ।

घर बनाउन प्रयोग गरिने ठूला ठूला काठहरू एवम् साँघु हाल्दा राखिने वजनदार लामा काठहरू टाढा-टाढाका वनपाखाबाट लिनु पर्दा तथा बाटोघाटो निर्माण गर्ने क्रममा ठूला-ठूला ढुङ्गा पल्टाउन पर्दा सामूहिक बलको आवश्यकता पर्दछ । यस्ता बल काममका अक्सर गरेर युवा-पुरुषहरूको सहभागिता रहन्छ । वनजङ्गलका लहराहरू, डोरी र गलको प्रयोग गरेर लामा एवम् गह्रौं काठहरू तान्ने तथा ढुङ्गा पल्टाउने बेलामा एकसाथ बल प्रयोग गर्नुपर्ने हुन्छ । एकजनाले रोचक पाराले चर्को स्वरमा विभिन्न टुक्काहरू फलाक्छ भने अन्यले सके भरको बल प्रयोग गर्दै हैंसा भन्ने गर्दछन् । यसरी काम गर्दा सबै सहभागीको बलसँगै पर्ने भएकाले काम गराइमा सुगमता आउँछ ॥ एकै साथ चर्को स्वरमा गरिने हैंसा-हैंसाको आवाजले सारा रनवन थर्कमान हुन्छ । यसबाट एक किसिमको मनोरञ्जन एवम् आनन्दसमेत प्राप्त हुन्छ । शरीरलाई लागेको थकाई बिर्सेर काममा लगातार लागिरहन हैंसा गीतले सघाऊ पुऱ्याउँछ । थकित शरीरमा जोश-जाँगर बढोस् भन्ने हेतुले भट्याउनेवाला व्यक्तिले विभिन्न रसरङ्गका टुक्काहरू भन्छ । बलकाममा पुरुषहरूको मात्र सहभागिता हुने भएकाले केही छाडा शब्दहरूसमेत टुक्काका रूपमा प्रयो हुने गर्दछन् तापनि प्रायः कार्यसँग सम्बन्धित विषयवस्तु हैंसा गीतमा आएका हुन्छन्, जस्तैः

| **भट्याउने** | **समूह** |
|---|---|
| ए गरे हुन्च | हैंसा |
| ए छरे पाक्च | हैंसा |
| एघलले घल्लाऊ | हैंसा |
| ए अरुले बल्ललाऊ | हैंसा |

| | |
|---|---|
| ए डोरी सर्काइ | हैंसा |
| ए जमिन थर्काइ | हैंसा |
| ए आँखा कर्काइ | हैंसा |
| ए कम्मर मर्काइ | हैंसा |
| ए जोर मार भाइ हो | हैंसा |
| ए सात्तै बल्लाऊ | हैंसा |

## ४.५ धार्मिक गीत

नेपाली समाजमा धर्मशास्त्रले व्यापक जरा गाडेको छ । मानिस शान्ति र सान्त्वना दिने क्रममा विभिन्न देवीदेवताहरूका नित्यपूजा गर्ने, व्रतबस्ने चलन छ । यस्ता अवसरमा विभिन्न देवीदेवताहरूसँग सम्बन्धित गीतहरू गाइन्छन् । धार्मिक कार्यका अवसरमा कार्यसिद्धिको कामनाले गाइने गीत भएकाले यस्ता गीतहरूलाई धार्मिक गीत भनिएको हो । रोल्पामा अन्य लोकगीतले भन्दा यस्ता गीतहरूले धार्मिक जीवनको आस्थालाई व्यक्त गरेका हुन्छन् । त्यही कारणले यी गीतहरूको विशेष भूमिका रहेको छ । यस्ता गीतहरूमा आध्यात्मिक दर्शनको मात्रा बढी हुन्छ । धार्मिक गीतहरू पनि विभिन्न प्रकारका छन्, जस्तै भजन, कीर्तिन र व्रतगीत

### ४.५.१ भजन

पूजा-आजाका अवसरमा वा आरधनाका क्रममा ईश्वरको गुणगान र भक्तिभाव देखाउँदै गाइने गीत भजन हो । त्यहाँका मानिसहरूमा मानसिक शान्ति र सान्त्वना दिने क्रममा विभिन्न देवीदेवताको पूजा गर्ने, व्रत बस्ने सम्बन्धित देवीदेवताका गुणगान गर्ने प्रचलन छ । पूजाआजाका अवसरमा बाहेक संस्कार, कर्म र धार्मिक पर्वहरूमा पनि भजन गाउने प्रचलन छ । धेरै जसो भजनहरू श्रीमद्भागवत्, रामायण र महाभारतबाट लिइएका छन् । पौराणिक विषयबाट लिइएका भजनहरू आख्यानात्मक र नैतिक उपदेश दिने खालका हुन्५न् । यहाँ गाइने अर्काथरि भजन निर्गुण पनि हुन् । निर्गुण गहिरो जीवनदर्शन व्यक्त गर्ने गीत हुन् । धर्म प्राप्त गर्ने कामनाले गाइने भएकाले यी धार्मिक विषयका गीत हुन् । भजन एक्लै वा दुई दुई चारचार जना पुरुषको समूहमा वरिपारि बसेर पनि गाइन्छ । त्यसैले भजनालाई सामूहिक रूपमा गाइने पुरुष प्रधान गीत मानिन्छ । कतै-कतै नगन्य रूपमा यसलाई महिलाहरूले पनि गाउने गर्दछन् । यस्ता भजनलाई पूजा सिद्धिइसकेपछि प्रायशः साँझमा र कहिलेकाहीँ दिनमा पनि गाउने गरिन्छ । ती भजनहरू गाउने स्थान मन्दिर वा

घर नै हुन्छन् । खैंचडी र मुजुरा जस्ता वाद्यसामग्रीको प्रयोग गरिने हुँदा यी गीतलाई वाद्यसहितको गीत भनिन्छ । खैंचडी र मुजराकोताललेबद्ध हुने भजनमा नृत्य पनि गरिने हुादा यो नृत्यसहितको गीत हो । भजनको सुरुबाट हरिऽऽ हरिऽऽऽ भनेर गरिन्छ । पहिले ढिलो र लामो स्वरमा गाइन्छ र पछि त्यही भजनका चरण हतार भएजस्तै गरी छिटो-छिटो गाइन्छ । यो संसरमा जीवन पाइसकेपछि अनेक किसिमका बाधा अड्चन र जालभ्mेलका बीच पनि सङ्भर्ष गर्दै मान्छे बाँच्न खोजिरहेको हुन्छ । भयङ्कर प्रतिकूल परिस्थितिको पनि वुद्धि र विवेकले नै सामना गरिहेकै हुन्छ । त्यस्ता कुरा व्यक्त गर्ने केही निर्गुणका उदाहरणहरू:

हरि बीचो वनमा सिंहराजाले गौवा चराई राम, सुगुवा पढाई ।

बीचो वनमा

हरि अघि र पोडि भन्दछन् हामी आफै जनभिम् राम

उही पोछि जनमे जेठा दाइ ।

अजप्रहरी रात बाबा हामा जनमे राम

उही त पोछि जनमिन् हाम्री माई ॥

बीचो वनमा...

छौंठी र श्रद्धाजस्ता संस्कार कर्ममा पनि भजन गाउने प्रचलन छ । छैंठी गर्दा रोल्पाको प्रायः जसो स्थानमा भजन गाइन्छ तर श्राद्धमा भने कतै-कतै मात्र गाइन्छ । छैंठी कर्म खास गरी जन्मको छैंटौं दिनमा गरिने पवित्र संस्कार कर्म हो । यसै दिनमा भावीले नवजात शिशुको भाग्य लेख्छ भन्ने मान्यता यहाँको जनमानसमा पाइन्छ । त्यसैले भावीले भाग्य लेख्ने रातमा छैटीकर्मको पूजा सिद्धाएपछि पनि रात भर शिशुको शिरानेर बत्तीबाली उज्यालो पारिदिने गरिन्छ । नवजात बालक पनि कृष्ण जस्तै अवतारी, चमत्कारी बन्न सकोस् र आफ्ना माता पिताको ताप र चिन्ता नहोस् भन्ने कामना गर्दै गाइने कृष्ण चरित्र सम्बन्धी केही भजनहरू यस्ता छन्:

आठौं महिना हरिको गर्भ बास भयो ।

निशिदिन कसको डर हुन आयो ।

देवका र वासुदेव शयनमा गए ।

कस राजाका डरले अतरस मन भए ॥

आठौ महिना हरिको...।

शोक गर्दा गर्दैमा दुवै निदाए ।

गर्भवास हरिले सपना देखाए ॥

आठैं महिना हरिको...।

चिन्ता नलेउ मनमा, अब जन्म लिन्छु ।

दुःख आपत तिमरा सबै छुटाइ दिन्छु ॥

आठै महिना हरिको...।

श्राद्धाका अवसरमा भजन गाइन्छन् । यस अवसरमा श्रवणकुमार र अन्धा-अन्धीको कथासँग सम्बन्धित भजनहरू पनि गाइन्छन् । यस अवसरमा गाइने निर्गुण र सगुण भजनमा मृतकका परिवारले उनीहरूलाई सम्झेर पीर मानेको भए सान्त्वना दिने कुराहरू व्यक्त गरिएका हुन्छन् । पवन धुवाँसित उडेर जान्छ । केही निश्चित नभएको यो मनुष्यको चोला कर्कलाको पानी जस्तो अस्थिर हुन्छ । त्यसैले यो कुरा हामीले बुझेर दुई दिनको रामछायाँ जस्तो जिन्दगी शान्त रूपले जिउनु पर्छ भन्ने मार्मिक अभिव्यक्ति भजन गाउँदा प्रस्तुत गरिन्छ, जस्तैः

देह जलेर खरानी भयो, धुवाँ उडी पवन जाई ।

मेरा भाइ सम्झी ल्याऊ रामकृष्णलाई ॥

कर्कलाको पानी जस्तो यो हाम्रो जीवन ।

चारै दिनको रामछायाँ देखाई

मेरो भाइ सम्झिल्याऊ रामकृष्णलाई, इत्यादि ।

यस्तै धार्मिक चाडवाडका अवसरमा अन्य भजनहरू जस्तो रामचरित्र, कृष्णचरित्र, ध्रुवचरित्र, नृगचरित्र, प्रल्हादचरित्र र सुदामचरित्रका गीतहरू गाइन्छन् । त्यस्तै स्वस्थानी भजन, शिवभजन, दुर्गाभजन आदि ।

### ४.५.२ कीर्तन

कुनै देवीदेवताको उपासना पछि सम्बन्धित देवदेवीको भक्तिभाव र गुणगान गाउने गीत कीर्तन हो । उपासना पछि जाग्राम बस्दा मनले चिताएको फल मिल्छ भन्ने कामनाले गाइने यी गीतको धार्मिक महत्त्वका साथ मनोरञ्जन गरेर प्रसन्नता पाउनको लागि पनि महत्त्व छ । कीर्तन गाउने शैली भजनको जस्तो हुन्छ तर यसको भाका छिटो र छरितो खालको हुन्छ । रोल्पाली समाजमा सत्यनारायण पूजाका अवसरमा यस्ता कीर्तनहरू गाइन्छन् । कीर्तन लामो समयसम्म पनि एउटै पङ्क्ति दोहोऱ्याई गाउने गीत हो । मुजुरा र

खैचडी बजाउँदै महिला र पुरुष दुवैले गाउने कीर्तनमा नृत्य पनि हुन्छ त्यसैले यो नारी पुरुषको सहभागिता हुने बाद्य-नृत्य सहतिको सामुहिक गीत हो । सुरुदेखि अन्त्यसम्म एउटै गीत नछुटाई गाइने हुँदा अखण्ड कीर्तिन पनि भनिन्छ । यस्ता गीत २-३ दिन सम्म पनि लागतार गाउने गरिन्छ ।

हरे कृष्ण हरे राम, राम राम हरे राम
हरे कृष्ण हरे कृष्ण हरे हरे हरे राम ।
राम जपन, राम जपन,
जिन्दगी हो सपना, राम जपन ।
जानी काँ होला, जानी काँ होला,
उनै रामला थाह होला जानी काँ होला ।

### ४.५.३ व्रतगीत

व्रतगीत विभिन्न देवदेवीको व्रत बस्दा गाइने गीत हुन् । रोल्पामा स्वस्थानीमाता, सन्तोषी माता, ऋषिपञ्चमी शिवजी आदिको व्रत गरिन्छ । त्यस्ता अवसरमा पूजा सिद्धाइसकेपछि खासगरी व्रतालु महिलाहरू गीत गाउने गर्दछन् । यस्ता गीत कुनै समूहमा गाइन्छन् भने कुनै एक्लै पनि गाइन्छन् । यी गीत गाउँदा नाच्न पनि सकिन्छ । त्यसैले नृत्य सहतिको गीत भन्न सकिन्छ । पूजा जतिबेला गरिन्छ त्यतिबेला नै गाउन मिल्छ । यस्ता गीत गाउनुको मूल उद्देश्य धर्म र सान्तवना प्राप्त गर्नु हो । यी गीतहरू गाउँदा मण्डप भए सो को वरिपरि घुम्दै र नाँच्दै गाइन्छ । यस्ता गीतहरूमा वाद्य सामग्रीको रूपमा शङ्ख, घण्टाको प्रयोग हुन्छ । ऋषिपञ्चमीमा सप्तर्षि को पूजा गरिसकेपछि मण्डपको वरिवरि ब्रतालु महिलाहरू ताली बजाई-बजाई भुम्दै र नाँच्दै गाउने गीत-

नुहाइम् धोहम् ग्वालेनि त पसिम् फूलबारी
हाइ-हाइ पसिम् फूलबारी
भोका पेट फुकाकेश पसिम् फूलबारी हाइ-हाइ पसिम् फूलबारी
जेठो थूँगो फूलटिपी जेठा ऋषिला हाइ(आइ शिवला चढाम्ला
माइँलो फूल टिपी माइँला ऋषिला हाइ-हाइ माइँला ऋषिला
श्रीखण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला
साइँलो थूँगो फूल टिपी साइँला ऋषिला हाइ-हाइ साइँला ऋषिला
श्रीमण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला

काइँलो थूँगो फूल टिपी काइँला ऋषिला हाइ-हाइ काइँला ऋषिला

श्री खण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला

## ४.६ बाह्रमासे गीत

वर्षका बाह्रै महिनामा गाउन सकिने गीतहरू बाह्रमासे गीत हुन् । यस्ता गीत गाउनका लागि कुनै खास ऋतु, पर्व वा अवसर पर्खिरहनु पर्दैन । जुन समयमा लोकभ्रुङ्कारको मन उद्वेलित हुन्छ, सोही समयमा सहज रूपले गाउन सकिन्छ । लोकजीवनका विविध विषयवस्तुहरूलाई अँगालेर गाइने रोल्पा जिल्लाका बाह्रमासे गीत अन्तर्गत बालगीत, सिंगारु गीत, तप्पागीत, ठाडो भाकाका गीत, साइँला भाकाका गीत, फाङ्क गीत, स्यानीमाया भाकाका गीत, सालैजो भाकाका गीत आदि पर्दछन् । विभिन्न लय, ढाँचा, प्रस्तुति संरचना, प्रभाव एवम् विषयवस्तु अँगालेर बाह्रै महिना रोल्पा जिल्लाका पाखा-पखेराहरूमा गाइने यी गीतहरूको चर्चा तल गरिएको छ ।

### ४.६.१ बालगीत

बालकहरू स्वयम्ले गाउने वा उनीहरूको मनोरञ्जनका लागि अरुले गाउने बालभाषाले युक्त गीत नै बालगीत हुन् । यस्ता गीतहरूमा बालबालिकाले देखेभोगेका विषयवस्तु एवम् हुर्केको समाजको चित्रण पाइन्छ । आफ्नो वरपर जे-जस्ता वस्तु र घटनाहरू देख्छन् तिनैलाई गीत बनाएर बालकहरू समूहमा मिली गाउन थाल्छन् । त्यसैले तिनीहरूका कुनै-कुनै गीतमा प्राकृतिक चित्रण भएका (झरी, बादल, घाम-पानी, चराचुरुङ्गी आदि) विषयवस्तु पनि भेटिन्छन् । त्यस्तै कुनै गीत खेल, भोक, तीर्खा आदिसँग सम्बन्धित हुन्छन् । बालबालिकाहरूको समूह मिली जे जस्तो वातावरण छ त्यस्तै प्रसङ्गका गीतहरू गाउँदै र नाच्दै गरेका दृश्य साह्रै रमाइलो हुन्छ । बालबालिकाको बोली सानो हुनाले उनीहरूका गीत पनि छोटा आयाम र लयका हुन्छन् । यी गीतहरूले पनि नेपाली लोकसंस्कृति र लोकसाहित्यका फाँटमा लहलहाउने लोकगीतलाई रसिलो र भरिलो बनाउन साहित्यका फाँटमा लहलहाउने लोकगीतलाई रसिलो र भरिलो बनाउन बल पुऱ्याउँछ । यी गीतहरूमा बालबालिकाका उत्साह, जिज्ञासा, मनोरञ्जन र धेर-थोर मात्रामा मनोविज्ञान समेत गाँसिएर आएका हुन्छन् । यस्ता गीतमा मनोहारिता, मधुरता, सरलता, सहृदयता र पवित्रता जस्ता कुराहरू भरिएका हुन्छन् । रोल्पा जिल्लाका बालबालिकाले गाउने बालगीतका केही अंशहरू उदाहरण स्वरूप तल प्रस्तुत गरिएको छः

सङ्लो-सङ्गलो पानी □ गङ्गेरानी

धुम्लो-धम्लो पानी □ गङ्गेरानी
घुँडा-घुँडा पानी □ गङ्गेरानी
कम्मर-कम्र पानी □ गङ्गेरानी
छाती-छाती पानी □ गङ्गेरानी
आँखा-आँखा पानी □ गङ्गेरानी

दुर्गन्ध पत्तलागाउने खेलमा गइने बाल गीत
आदे पादे नून छाते
जस्ले खयो सातु
उसले पाऱ्यो ठुस्स
जो पाद्ता उई हाँस्ला
ऊ...हाँस्यो, हाँस्यो, हाँस्यो...

### ४.६.२ सिंगारु गीत

सिंगारु गीत सामूहिक नृत्य गीत हो । शृङ्गार शब्दबाट सिंगारु बनेको हुन सक्छ । शृङ्गको अर्थ कामोदेग भन्ने हुन्छ भने आरको अर्थ गीत हुन्छ । सिंगार-पटार साथमा गाइने र नाचिने भएको हुँदा यसलाई सिंगारु भन्नु उचित नै देखिन्छ । यसमा एकजना पुरुष महिलाको गरगहना, लत्ताकपडा आदि लगाएर स्त्री भेषमा नाच्छ भने दुईजना पुरुषहरू पुरुषकै भेषमा नाच्न सक्छन् । यस गीतमा ठूलो आवाज आउने मादलका साथै डौरी (सोनो ढोल खालको बाजा), पैंजन, बाँसुरी झ्याली आदि बाद्यहरूको प्रयोग गरिन्छ । सुमधुर बाद्य-आवाजको तालमा हातमा रूमाल लिएर कम्मर मकाई-मर्काइ बडो आकर्षक एवम् गम्भीर तालले सिंगारु गीतमा नाच्ने गरिन्छ । बीच-बीचमा दर्शक एवम् श्रोताहरूले है-है आवाज र तालीले थप मनोरञ्जन प्रदान गर्दछ । यसमा गाइने गीतहरू डेउडामा गाइने गीतकै संरचनाका हुन्छन् तर पूर्णतः लयगत भिन्नता पाइन्छ । यसमा एकदम खिरिला र स्पष्ट टुक्काहरूको प्रयोग हुन्छ ।

सिंगारु गीत लामो स्वरमा लेघ्रो तानेर अत्यन्य आकर्षक ढङ्गले गाइन्छ । यस गीतमा श्रोतालाई प्रभाव पार्न सक्ने क्षमता प्रचुर मत्रामा हुन्छ । यो गीत एकहोरी र दोहोरी दुवै रूपमा गाउन सकिन्छ तापनि प्रायः एकोहोरी रूपमा नै गाउने गरिन्छ । रोल्पा जिल्लाका लिवाङ, धवाङ, खुमेल, मिझिङ आदि स्थानहरूमा मेला तथा पूजाआजा, विवाह, पास्नी, छैठी

आदिमा सिंगारु गीत गाइन्छ । यो गीत गाउनको लागि कुनै खास अवसर विशेष पर्खनु पर्दैन । वर्षका जुनसुकै समयमा गाउन सकिने हुनाले यो बाह्रमासे गीत अन्तर्गत पर्दछ ।

सिंगारु गीतमा जीवन भोगाइका तीता-मीठा अनुभवहरू प्रेमप्रणयका प्रसङ्गहरू, प्राकृतिक मनोरम दृश्यले पारिएको प्रभावको चर्चा एवम् सामाजिक चेतना फैलाउने खालका सन्देशहरू छ्याप्छ्याप्ती भेटिन्छन् । सिंगारु गीत रोल्पा जिल्लामा प्रचलित विभिन्न लोकगीतहरू मध्ये प्रमुख महत्त्व राख्ने लोक सम्पत्ति हो । सिंगारु गीतका केही उदाहरण यसप्रकार छन्:

भोट्यालाई अल्मलै पाऱ्यो बाटै घोरी ब्याइए
आफै रुचैं अझै-बाउच्यौ घटी कर्म ल्याइर
खोलीको तुसारे घाँसको मैना पलाउँच ?
सन्न दे बयाली मलाई मायाले बोलाउँछ ।

बटुकीमा तातो दूध तर खायो माखीले
टारैबाट क्यालाई हेर्च्यौ गाजली आँखाले
दिनका उँदै रातका उँदै काँ जान्च पानी य
मेरोलेखी के कामको छ सुनको चावनी य
सुनको कलम दूधको मसी लेखु बैना सिरी
गैजाच्नु अंग्रेजी मुल्क आउने छैन फेरी

गावैं नामो गरैला य, ज्युली नाम्रो मर्म
फालेको टपरी जस्तो के भो बाँजो कर्म
कानैमा ढलबल्या सुन मन प्यालै पोत
मलाई पनि लैजा साइले झुल छाताका ओत

थोरे भैंसी किन्दिऊ बाबै सिका र दामैले
कैले आम्ला रिङ्दै कैले त कामैले
सिकारी अल्मलै पऱ्यो लके काट्यो चौकाले
गाउँत गीत लाएँ त माया भेट भयो मौकाले

### ४.६.३ टप्पागीत

रोल्पा जिल्लामा गाइने विविध लय र विषयवस्तुका गीतहरू मध्ये टप्पागीत पनि एक हो । यो गीत खास गरेर रोल्पा जिल्लाको पश्चिम क्षेत्रमा बढी गाइन्छ । यो गीत गाउनका लागि कुनै विशेष अवसर कुरिरहनु पर्दैन । रोल्पा मा लाग्ने विभिन्न मेला-जात्राहरू, उत्सव, चाडपर्व, जनभेला, सांस्कृतिक कार्यक्रम एवम् फूसर्दको समयमा टप्पा गीतको प्रमुख उद्गम थलो सल्यान जिल्लाको बनगार क्षेत्र मानिन्छ । सल्या र रोल्पा जिल्लाको भौगोलिक सिमाना जोडिएकाले यस गीतको प्रभाव रोल्पामा पर्न गएको हुन सक्छ तरपनि विशेष महत्त्वका साथ रोल्पा जिल्लालमा यो गीत गाइन्छ । टप्पा गीतमा प्रायः गरेर एक जना पुरुष र दुई जना महिलाहरू नाच्ने प्रचलन छ । कहिले काहीँ एक जना पुरुष मात्र र कहिलेकाहीँ दुइँ तीन जना पुरुष समेत सामूहिक रूपमा नाच्ने गरेको पाइन्छ । यदि महिलाहरू नभएको अवस्था छ भने पुरुषहरूले नै महिलाको आभूषण पहिरिएर सामूहिक रूपमा नाच्ने पनि गर्दछन् । यसरी हेर्दा सिंगारु गीत र टप्पागीतमा साम्य पाइन्छ । जीवन भोगाइका तीता-मीठा अनुभवका साथै प्रेमप्रणयका कुराहरू जानजागरणका कुराहरू एवम् नीतिचेतनाका स्वरहरू यहाँका टप्पा गीतमा भेटिन्छन् । तीखो स्वरभएको सानो मादल, बाँसुरी, डौंरी, चाँप, झ्याली आदिका साथमा गाइने टप्पा गीतका टुक्का खरिला एवम् चोटिला हुन्छन् । फलतः यस गीतले श्रोतालाई नाचौं-नाचौं पारिरहन्छ । जीवनका विभिन्न प्रसङ्गलाई अँगालेर रोल्पा जिल्लामा बाह्रैमहिना घन्किरहने टप्पागीतका केही उदाहरण यस प्रकार छन् ।

रात चर्ने रतुवाह य दिनलाई झोकै छ
दन्त पापी हाँसी खेलु मन पानी सो कै छ
हाल बैनी डोका केरा एकादशी खाम्ला
मोहनमाला सधै लाम्ला, जोवन कहाँ पाम्ला
लुगा धुने साबुल य मन धुने बचन
बिलरी टुछेको दिन रन्छ मन रनवन

सुल्या त बादीले पार्‍यो चिलम क्याले पार्‍यो
तिर्खा त  पानीले मार्‍यो, माया के ले मार्‍यो
कवै लाउँचन दैचाम्ले टीको, क्वै लाउचन गाजलु

घरबारेलाई बैटाक लाग्च, नबजाऊ माहलु
दाङको थारु के भै भायो, कात्तिके शीतले
काँ आइल्यो नभन्नु साइले म आइगे रितैले

हँगी चल्यो बाँदरुले लेक चल्यो गुणाले
साइको हाम्रो भेट भयो राखेइको हुनाले
हात काटे बिसाउने रैछ चोया नरमैले
बोल्ने गालि क्यै आउँदैन साइका सरमैले
जा बैना जुमली पाइल बाटो सरासरी
रूपैले जितौंला साइले माया बराबरी

**४.६.४ झ्याउरे भाकाका गीत**

वर्षभरी जुनसुकै समय र अवसरमा छिटो-छिटो लय अँगालेर गाइने चोटिला एवम् खिरिला टुक्काले युक्त गीत नै झ्याउरे भाकाका गीत हुन् । यी गीत गाउनका लागि कुनै अवसर र सिंगार-पटारको आवश्यकता पर्दैन । झुत्रेझाम्रे लुगा लगाएर झ्याऊ परेको बेलामा कुनै काम गरिहँदा लागेको थकाई र झ्याऊ (बोझ) मेटाउन, खोलानाला, वनपाखामा झ्याउ बटुल्दा आदि परिवेश र कार्यमा गाइने हुनाले यसको नाम झ्याउरे रहन गएको हुनुपर्छ । झ्याउरे गीतको नामकरण के कसरी भयो ? भन्ने विषयमा लोकगीतका विभिन्न अध्येताहरूका आ-आफ्नै मतहरू छन् । धर्मराज धापाका विचारमा झ्याऊ, बटुल्दा, बटुल्दै वनमा रचिएका गीत अथवा घाँस दाउरा काट्दा काट्दै जोरिएका गीत नै झ्याउरे गीत हुन् । त्यस्तै कालिभक्त पन्तले झ्याँउकुरीको आवाज जस्तै समूहमा मिलेर झ्याँऊ-झ्याँऊ गरेर गाइने हुनाले अथवा झ्याउरे नाचमा झामर लगाएर नाचिने हुनाले अथवा लगाएकै भुत्रे झाम्रे पोशाकमा गाइने हुनाले झ्याउरे गीत रहन गएको हो कि ? भन्ने जिज्ञासा व्यक्त गरेका छन् । जसले जे धारणा राखे पनि वास्तवमा बाह्रै महिना गाइने नेपाली भाषाको सबैभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान, खिरिला लघुलयले युक्त गीत नै झ्याउरे गीत हो ।

झ्याउरे गीत कुनै निश्चित अवसर वा कार्यसँग सम्बद्ध नहुने हुनाले जुनसुकै समय र परिस्थितिमा गाउन सकिन्छ । सबै उमेरका व्यक्त वा समुहले एकल वा दोहोरी रूपमा झ्याउरे गीत गाउने गरिन्छ । वनपाखामा ग्वाला जाँदा, घाँस, दाउरा मेलापात गर्दा, विभिन्न

उत्सवहरूमा, पूजा आजाहरूमा यस्ता झ्याउरे भाकाका गीत घमासान गाइन्छन् । रोल्पा बासीलाई सबैभन्दा बढी मनपर्ने लय भनेकै झ्याउरे भाका हो । यी झ्याउरे गीत रोल्पावासीलाई मात्र नभएर समग्र नेपालीलाई मन पर्छ भन्ने कुरा झ्याउरे लयमा संरचित देवकोटाको मुनामदनले पाएको ख्यातिबाट पनि बुझिन्छ ।

वनपाखा, घाँसदाउरा, खेतीपाती आदि कार्यमा प्रायः एकल रूपमा गाइने झ्याउरे गीतका भाका केही लामा लयका हुन्छन् । यस्ता गीतमा मनोरञ्जनपक्ष भन्दा जीवनका सुख-दुःख उकाली ओराली, हर्ष, विस्मात् जस्ता कुराहरू समेटिएका हुन्छन्, जस्तैः

टाढा टाढा भएछौ नि है
मेरो घरमा आउदा जादा पस्नु है
दुःखीले के दिन्थ्यो र खै
खान दिउला मकैसँग महि
को हो को हो भन्छ कोइली
सारै दुःख पाइयो नि पिरतीको चोटले
मत हजुर गाउँको गोठाले
के भन्न खोज्दै छ तिम्रो ओठले

मैले खाने हिमाल पानी आधी छ कि भरी
अँध्यारोमा आएछौ चेली काली छौ कि गोरी
काली छैन, गोरी छैन झिल्के बाउ कि छोरी
धागो देउला, पिङ्गी देउला बुन्देऊ जाले डोरी
मेरी आमा अभागिनी किन पाइथ्यौं छोरी
दैवदशा छुटाउने भेट गराउने हरि

विभिन्न चाडवाड, मेलापर्व, उत्सव, जनभेला, संगिनीठगान एवम् साँस्कृतिक कार्यक्रमहरूमा छिटा-छरिता लय भएका मनोरञ्जन प्रधान झ्याउरे गीतहरू गाइन्छन् । यी गीतहरू प्रायः गरेर बाद्य सामग्रीका साथमा गाइन्छन् र तिनमा नृत्य पनि गरिन्छ । झ्याउरे गीतहरू चोतिला टुक्काको प्रयोग गरेर झ्याम झ्याम गाइने हुनाले जो कोहीलाई नाचौं नाचौं लाग्छ । यस्ता गीतमा प्रेमप्रणयका कुराहरू बढी आउँछन् । रोल्पा जिल्लाका विभिन्न

भू-भागहरूमा प्रायः झ्याउरे भाकामा दोहोरी घम्सा-घम्सी पर्ने गर्दछ । रोल्पामा प्रचलित छिटो लयले युक्त केही झ्याउरे गीतका नमूना यस प्रकार छन् ।

सल्लेरीमा सल्लैको खोटो छ निरमायाँ सलल
म मरे नि दैलोमा फोटो छ निरमायाँ सलल
खोलापारि म माया लाउँदैन निरमायाँ सलल
वर्षा लागे म आउँन पाउँदेन निरमायाँ सलल
घर त मेरो पातीले बारेको निरमायाँ सलल
कति रुनु कर्मैले हारेको निरमायाँ सलल

### ४.६.५ ठाडो भाकाका गीत

कुनै पनि बाद्यसामग्रीको प्रयोग नगरी लामो लय अँगालेर गाइने गीत नै ठाडो भाकाका गीत हुन् । यस्ता गीत गाउनका लागि कुनै खास अवसर र समय कुरिहनु पर्दैन । गाइ गोठालो जाँदा वनपाखामा घाँस दाउरा जाँदा, मेलापात गर्दा जाँतो पिस्दा प्रायः यस्ता गीतहरू गाइन्छन् । आफ्ना जीवनका सुख-दुःख उकाली-ओराली, तीता(मीठा, अनुभव आदि विषयवस्तुलाई अँगालेर यी गीतहरू बाह्रैमहिना गाउन सकिन्छ । यी गीतमा नृत्य हुँदैन । केवल गाइन्छ मात्र ।

रोल्पा जिल्लाका ठाडो भाकाका गीतहरूमा खास गरेर साइँलैजी भाकाका गीत बहुप्रचलित छन् । यी गीत गाउनका लागि बाद्यको आवश्यकता नपर्ने भएकाले जतिखेर मनमा लय झङ्कार उद्देलित हुन्छ त्यतिबेलै गाउन सकिन्छ । लामो लयमा केही लेघ्रो तानेर गाइने यी गीतहरू बाटोमा हिड्दा र जाते पिस्दा बढी गाउने गरिन्छ । नेपालका जटिल जन-जीवन भएका जिल्ला मध्ये रोल्पा जिल्ला पनि एक हो । यहाँका पीठो पिस्न प्रयोग गरिने पानी घट्ट तथा आधुनिक मिलहरू प्रायाप्त छैन् । उपलब्ध भएका ठाउँमा पनि जानका लागि समय र ज्याला तिर्ने पैसाका समस्या बारम्बार खड्किरहन्छ । त्यसैले हरेक दिन बिहान-बिहान उठेर उज्यालो हुनु अगावै जाँतो रिङ्गाउने गरिन्छ । यो काम प्रायः महिलाहरूले गर्छन । बारम्बार जाँतो भुमाउदा लागेकोथकाई केही क्षणका लागि विर्सने साइँलैजी अर्थात साइँलेजी भाकाका गीत गाउने गरिन्छ । लामो सुर तालमा गाइने यस गीतमा भुमाइरहेको जाँतोको आवजले एकप्रकारको बाद्यको काम गरिरहेको हुन्छ । जाँतो को च्याइँ-च्याँई आवाजसागै आनन्दमुद्रामा गाइने साइलैजी गीतलाई कतै-कतै जाँते गीत पनि भन्ने

गरिन्छ । लामा-लामा संरचनामा आबद्ध देखिने यी गीतहरूमा जीवनका विविध पक्षहरू आउने गर्दछन्, जस्तैः

साइलैजी - काला लेक कैलाशैमा भेटे कैल हुन्त्यो र मालै, हो बरै
साइलैजी - सोचेजस्ता हुने भए मन किन रन्त्यो र मालै
साइलैजी - राती चर्ने रतुवाई य दिनलाई भोकै छ मालै, हो बरै, होइन साँच्चै
साइलैजी - दन्त पापी हाँसु-खेलु मन पापी शोकै छ मालै
साइलैजी - धार्नी फलाम खारी-खारी सेरे विसौली धन
साइलैजी - माया लाउने भन्चु मैले के छ साइको मन-मालै

**४.६.६ विविध भाकाका गीत**

रोल्पा जिल्ला लोकसाहित्यका विविध विधामध्ये लोक गीतका दृष्टिले ज्यादै धनी छ । लोकगायक एवम् अध्येताका अभावले बाहिर आउन नसकेपछि यहाँ विभिन्न लयमा बान्की परेका भाकाहरू गुम्सिएर रहेका छन् । जीवनका हरेक सुख-दुःखका साथी बनेका यी विभिन्न लय र ढाँचाका लोकगीतहरू केवल रोल्पा जिल्लामा मात्र नभएर समग्र देशकै अमूल्य लोकसम्पत्ति हुन् । अन्य जिल्लाका लोकगीतको प्रभाव नरहेका एवम् आफ्नै मौलिक पहिचानले युक्त रोल्पाली लोकगीतहरूमा साइँला भाकाका गीत, मयाँले भाकाका गीत, फाङ्क गीत, स्यानीमाया भाकाका गीत विशेष उल्लेखनीय छन् । विविध संरचना, लय र प्रस्तुतिमा आबद्ध यी गीतहरू स्वेच्छाले बाह्रैमहिना गाउन सकिन्छ । जीवन जगत्का यावत अभिव्यक्ति भेटिने यी गीतहरू बाद्य नृत्य सहित वा रहित जुनसुकै रूपमा गाउन सकिन्छ । यहाँका विविध भाकाका केही लोकगीतहरूका संक्षिप्त उदाहरण यसप्रकार छन्ः

**क) साइँला भाकाका गीत**

दिदी-बैनी भेट हुँदा घुमाऊ काँसै स्वर साइँला
बाँचुन्जेल हाँसौं-खेलौं कति दिन पो हो साइँला
तल्लो भेग भलले लग्यो सयमुरी खेत साइला
चिनो पठाउँ काठमाडौंमा दिदी बैनी भेट साइँला

**ख) मयाँले भााकाका गीत**

रङ्गै गरौं रोल्पा बजार के छ र त लिनु मयाँले
मरे पनि सम्झन होला राखौं है त चिनो मयाँले
बनाएको नास्ता पानी खाऊँ भने पो खाला मायाँले
जैले जान्च यो पराणी उइले डोका डाला मयाँले

**ग) फाङ्क भाका गीत**

पुरुष - कान्छा खरानीका, जुन्किरीका लुगा मैला कान्छा खरानीका
एउटै परानीका साई मरे म मरिजाम्ला यौटै परानीका

महिला - पारी पायो रूपा, भैंसी मेरो तिलकीले पारी पायो रूपा
हिउँचुलीका टुप्पा, हिर आजै भागेर गैजाम् हिउँ चुलीका टुप्पा

**घ) स्यानीमाया भाकाका गीत**

कोरिबाटी साई चुलठी तेल भिज्या सिउँदैमा स्यानीमाया
मरी जाँदा के लग्नु छ भेट नाम्रो जिउँदैमा स्यानीमाया
सुन्तला चुकिलो भैयो लेउ बेलौती खान्चु स्यानीमाया
रूमाल देऊ र मायाँ बान्चु बिदा देऊ र जान्चु स्यानीमाया

## ४.७ निष्कर्ष

भौगोलिक एवम् सिमानाले मानिसलाई बाध्न सक्छ तर लोकगीतलाई बाँध्न सक्दैन । एउटा क्षेत्रमा गाइने लोकगीतको प्रभाव अर्को क्षेत्रमा सजिलै पर्न सक्छ । रेडियो नेपाल, टी. भी. एवम् क्यासेटहरूबाट बारम्बार घन्किरहने लोकगीतहरू जो अधिकांश नेपालीले मन पराएका छन् ती लोकगीतहरू रोल्पामा पनि गाइन्छन् । लोकगीतमा समय र परिस्थितिले कहिलेकाहीँ आमूल परिवर्तन ल्याइदिन्छ रोल्पामा अहिले यस्तै अवस्था छ । पुराना शैलीका लोकगीतले जीवन भोगाइका वास्तविक पक्षहरूलाई बहन गर्न सकेनन् भन्ने मूल्यमान्यताका साथ जन-जागरणका गीतहरू पनि प्रशस्त घन्किन थालेका छन् । राजनैतिक प्रभाव स्वरूप निर्मित भएका देखिने यी गीतहरूमा अन्याय अत्याचारको विरोध, देश विकासका लागि अग्रसर हुन आग्रह, आफ्नो हक र अधिकारका लागि सदा सचेत रहन सल्लाह-सुझाव एवम् दुःख पीडाका अभिव्यक्ति पाइन्छन् । यसरी विविध लय ढाँचा, संरचना विषयवस्तु, प्रभाव एवम् प्रस्तुति भएका लोकगीतहरू रोल्पा जिल्लामा गाइन्छन् ।

# परिच्छेद-पाँच

# रोल्पाली लोकगीतको विश्लेषण

## ५.१ रोल्पाका लोकगीतमा सामाजिक-साँस्कृतिक पक्ष

लोकगीत लोकमानसको सुख-दुःख, हर्ष-विषाद, आशा-निराशा, संयोग-वियोग आदिको लयात्मक र कोमल अभिव्यक्ति हो । लोकगीतहरूमा लोकजीवनका विगत र वर्तमानका रहन-सहन, रीति-स्थिति, आचार-विचार र आस्था-विश्वास प्रकट भएका हुन्छन् । त्यस्तै यी गीतहरूमा भीर-पाखा, खोला-नाला, घाम-पानी, खान-पान, वेश-भूषा र चालचलनको पनि चित्रण भएको हुन्छ । त्यसैले लोकगीत नेपाली लोकजीवनको सिङ्गो वर्तमान र शुद्ध इतिहास पनि हो ।

लोकगीत एउटा सामाजिक र सामूहिक उत्पादन हो । लोकगीतको प्रयोग समाजकै विभिन्न सदस्यहरूले विभिन्न समय र परिस्थितिमा गर्छन् । यसरी एकातिर लोकगीत कुनै सामाजिक पृष्ठभूमिसँग गाँसिएको हुन्छ अर्कातिर लोकगीतले अनेक सामाजिक र साँस्कृतिक कार्यहरू सम्पादन गर्न केन्द्रीय भूमिका खेलेको हुन्छ । यसकारण लोकगीतको विश्लेषणमा समाजको परिचय जोडिएर आउँछ । यस अध्यायमा लोकगीतभित्र प्रयोग भएका अनेक भौतिक र अभौतिक तत्त्वहरूको सामाजिक पृष्ठभूमि र कार्यसम्पादनको पचिय दिन समाजको उल्लेख लोकगीतकै आधारमा उल्लेख गरिएको छ ।

उपयुर्क्त कुराहरू रोल्पाका लोकगीतमा पनि ठम्याउन सकिन्छ । त्यहाँका गीतमा लोकजीवनको समस्त रागात्मक र आध्यात्मिक भावनादेखि लिएर आफ्नो वरपरको प्राकृतिक, साँस्कृतिक वातावरण सुख-दुख र सम्पन्न-विपन्नताको प्रतिविम्ब ठम्याउन सकिन्छ । त्यहाँ गाइएका लोकगीतका एउटै झलकमा पनि लोकजीवनका विविध प्रसङ्गलाई समेटिएको पाइन्छ । यी गीतमा नेपाली लोकजीवन र रोल्पाको लोकजीवनको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाका प्रतिविम्ब पाइन्छन् । त्यसैले त्यहाँका लोकगीतमा भेटिने खास-खास विषयवस्तुका आधारमा निम्नानुसारले चर्चा गरिएको छ -

## ५.२ समाजको स्वरूप

समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न हरेक समाजमा आ-आफ्नो प्रकारको सामाजिक स्वरूप हुन्छ । यो स्थान र जाति अनुसार पनि भिन्न भिन्न प्रकारको हुने गर्छ । लोकगीतले आ-आफ्नो क्षेत्रको सामाजिक स्वरूपको अभिव्यक्ति दिन्छ । रोल्पा जिल्लाका लोकगीतबाट पनि त्यहाँको समाजको स्वरूपबारे धेरथोर जानकारी पाइन्छ । यसका

आधारमा त्यस क्षेत्रमा वर्गीकृत समाजको एकाइ, समाजमा रहेका परिवार, टोल-टोल, गाउँ-गाउँ र व्यक्ति-व्यक्ति बीचको सम्बन्ध निरूपण गर्न सकिन्छ ।

### ५.२.१ पारिवारिक स्वरूप-सम्बन्ध

रोल्पाका लोकगीतमा पारिवारिक स्वरूप र परिवारका सदस्यहरू बीच पाइने सम्बन्धका बारेमा निकै धेरै जानकारी पाइन्छ । यसबाट पारिवारिक संरचना र त्यसका सकारात्मक-नकरात्मक पक्ष समेतको बोध गर्न सकिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा उपलब्ध परिवारका सदस्यहरूको उल्लेखले यहाँ संयुक्त परिवारको प्रचलन रहेको देखाउँछ । एउटा परिवारमा बाजे, बाबु र नातिसमेत गरी तीन पुस्ताको उल्लेख हुनुले संयुक्त परिवारको प्रचलनलाई पुष्टि गर्छ, जस्तै :

बाजे मरे ओक्याउनाले बई मरिन हेर्नाले ।
बईका आँखा के भई पुटे बाजे पाई हेर्नाले ॥

प्रस्तुत हास्यव्यङ्ग्यात्मक बाह्रमासे गीतमा बाजे ओक्काएर (वमन गरेर) र बई ( हजुरआमा) पखालाले मरेको बेहोरा व्यापक भएको छ । यस क्षेत्रका लोकगीतमा एउटै परिवारमा बाजे-बज्यै, आमा-बा, दाजु-भाउजू, दिदी-बहिनी, जेठाजु-जेठानी, सौता-सौती, नन्द-देवर रहेको पाइन्छ भने मेला-पर्वहरूमा फुपू-फुपाजू, काका-काकी, मामा-माइजू, ठूलाबा-ठूलाआमा, साला-साली समेत उपस्थित र उल्लेख भएको देखिन्छ । जस्तै :

दुलाहाका बाबा
दुलाहाका दाजी
दुलाहाका काका
दुलाहाका मामा

दिदी भन्नी साइनो छ
फुपू भन्ने साइनो छ
भाउजू भन्नी साइनो छ
सैना भन्नी साइनो छ

प्रस्तुत विवाहको निमन्त्रणाको मागल गीतमा एउटा परिवारमा नारी सदस्यहरू बीच सम्बोधन गरिने नाताको उल्लेख छ । यस गीतमा उपलब्ध नाताहरूले तीन पुस्ता रहेको

पारिवाकि स्वरूप देखाउँछ । यस गीतमा सैना लगाउने सामाजिक प्रचलनलाई प्रस्तुत गरेको छ ।

यस क्षेत्रका लोकगीतमा पारिवारिक स्वरूप र परिवारका सदस्यहरू बीच सम्बोधन गर्न प्रयोग गरिने नाताका साथै परिवारका सदस्यहरूबीच हुने राम्रा-नराम्रो सम्बन्धका बारेमा सङ्केत गर्ने अभिव्यक्ति पनि पाइन्छन् । यहाँका लोकगीतमा पाइने अभिव्यक्तिका आधारमा समाजमा प्रचलित नाता र तिनीहरूका बीचको सम्बन्धलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

(क) मधुर सम्बन्ध भएका नाता

(ख) कटु सम्बन्ध रहेका नाता

(ग) मिश्रित सम्बन्ध रहेका नाता

**१. मधुर सम्बन्ध भएका नाता**

त्यहाँ प्रचलित नाताहरू मध्ये मधुर सम्बन्ध रहेका नाताहरूको उल्लेख बढी पाइन्छ । पति-पत्नी, प्रेमी-प्रेमिका, बाबु-छोरा, दाजु-भाई, दिदी-बहिनी, आमा, छोरा-छोरी स्वाभाविक रूपमा मधुर सम्बन्ध भएका नाता हुनु । यसका अतिरिक्त विशेष गरी यौन विशेष अधिकार वा विवाह सम्बन्धी अधिकार रहेका साली-भिनाजु, मामाकी छोरी, फुपूको छोरा र देवर-भाउजू नाता बीचको सम्बन्ध उल्लेख्य देखिन्छ ।

**(क) देवर-भाउजू**

यहाँका लोकगीतमा देवर-भाउजूबीचको सम्बन्धलाई रागात्मक यौन सम्बन्धलाई राख्न सक्ने एकआपसमा विवाह गर्न मिल्ने नाताका रूपमा चित्रण गरिएको छ । त्यहाँ केही जातिहरूमा विधवा भाउजू विवाह गर्ने प्रचलन यद्यपि पाइन्छ । जस्तै :

शिरै लाउने सिन्दुर पाँयौ मेरी भाउजै
हरे हो तिरथै घुम्न जाम्
जान्न मैया जान्न मैया
गहभरि आँसु आउँच जान्न मैया

प्रस्तुत गीतमा सिन्दुर नलगाएकी (विधवा) भाउजूलाई सिन्दूर लगाउन प्रेरित गरेर देवरले तीर्थ घुमाउन लग्ने प्रसङ्ग आएको छ । गीतमा भाउजूका तर्फबाट पनि त्यति साह्रो विन्ति राखेको पाइँदैन ।

**(ख) आमा-छोरी**

विवेच्य क्षेत्रका लोकगीतमा आमा-छोरी बीचको सम्बन्धलाई मधुर सम्बन्धका रूपमा चित्रण गरिएको छ। विवाहित छोरी र आमा बीचको मधुर सम्बन्धलाई देखाइएको छ, जस्तैः

बाबैले दिएको सिरै लाउने सिर्फुल

आमैले दिएको छाता बरिलै

चरी भरर निङाली गाँजैमा

मलाई सम्झी रोइन आमा झम्के साँझैमा

प्रस्तुत गीतमा आमा र बाबुको समेत उल्लेख छ। उसले आमा-छोरीका साथै छोरी-बाबुको मधुरतालाई पनि देखाउँछ।

**(ग) प्रेमि-प्रमिका**

प्रेमि-प्रमिका बीचको सम्बन्ध स्वभाविक रूपमा मधुर रहन्छ। कदाचित कटुता आयो भने पनि त्यो स्थायी रहदैन।

साई हौली डोपली फूल म हुम्ला भमरा

भमरा र फूललाई अभिन्न जोडीका रूपमा लिइन्छ। यहाँ प्रेमि-प्रमिका बीचको सम्बन्धलाई पनि त्यस्तै अटुट र मधुर सम्बन्ध रहेका जोडीका रूपमा चित्रण गरिएको छ।

**२. कटु सम्बन्ध रहेका नाता**

रोल्पा जिल्लाका लोकगीतमा केही नाताहरू बीच कटुसम्बन्ध रहेको अभिव्यक्ति पाइएको छ। लोकगीतमा उपलब्ध भएका त्यस्ता नाताहरूलाई यहाँ उल्लेख गरिएको छ।

**(क) सौता र सौतेनी साइनो**

भारतीय उपमहादिपमा सबैतिर सौता-सौती बीचको सम्बन्ध सबैभन्दा अरुचिपूर्ण र कटु रहेको पाइन्छ। भारतमा प्रचलित उखानमा सौता काठको पनि पीडक हुने उल्लेख छ। लोकमा 'सौता' अशान्ति, अपराध र उत्पीडनको प्रतीक बनेको छ।

नेपालबाट आफूले डोरिया किनी पठाया

सौताका रिसले भुईमा फालिदै

माग भने दिँदैन लरु भने सक्तैन

सौताले राँराको लायो बनवास

प्रस्तुत गीतमा सौता-सौती बीचको ईर्ष्याले आत्मघातको परिस्थिति आएको छ । घरमा सौता भएको हुँदा पतिले आफ्ना लागि पठाई दिएको डोरी पनि भुइँमा फलेर कटुता प्रकाशन गरिएको छ । यो मूलतः यौनजन्य समस्यामा आधारित छ ।

**(ख) सासू-बुहारी**

हरेक समाजमा सासू-बुहारी बीचको सम्बन्धमा कटुता पाइन्छ । बुहारी घरमा काम गर्न आउने श्रमिक मात्र हो भन्ने सासूको सोचाई र आफूपनि परिवारको जिम्मेवार सदस्य नै हुँ भन्ने बुहारीको बिचारबीचको भिन्नताले सासू-बुहारी बीचको सम्बन्धमा कटुता ल्याएको पाइन्छ । जस्तैः

पानीको गाग्री ल्याई बलेनीमा बिसाउँदा
कस्तो भयो होला मलाई सासू रिसाउँदा
सासु त गइन् बरै रिसाउँदै हालमा
भात खान भान्सा पस्दा मकै डालामा

प्रस्तुत गीतमा पनि बुहारी सासूबाटै प्रताडित देखिन्छे । यहाँ उसको अन्य सदस्यहरू प्रति गुनासो पाइदैन ।

**(ग) नन्द-भाउजू**

विवेच्य क्षेत्रमा प्रचलित लोकगीतहरूले नन्द-भाउजू बीचको सम्बन्धमा कटुता देखाएका छन् । भाउजू विवाह भई घरमा आउने पहिलो दिनमा गाइने मागलमा नै नन्द-भाउजू बीचको कटुताको बीज पाइएको छ, जस्तै :

देऊन दाजी देऊन भाउजू देहलीको दान
धेरै दिन दिन्थ्यौ भने ओदरी-भँडार दिम्ला
हैन भनी मेरी भाउजू ताल्चा मारुला

प्रस्तुत गीतमा नन्द-भाउजू बीच कटुताको सुरुवाट भएको छ र यहाँ घरको आर्थिक अधिकार हस्तान्तरण सम्बन्धी प्रसङ्ग छ । दाजुको विवाह हुनुभन्दा अघिसमम घरभित्रकी भँडारे बनेको नन्द अब यस अधिकारदेखि पन्छनु पर्दैछ ।

**५.२.२ विवाहपद्धति**

विवाह मूलतः पुरुष र महिलाबीच पति-पत्नीको सम्बन्ध स्थापना गर्ने सामाजिक संस्कार हो । स्थान र जातजातिअनुसार आ-आफ्नै प्रकारका विवाह पद्धति पाइन्छन् । विवेच्य

क्षेत्रमा प्रचलित लोकगीतमा पाइने अभिव्यक्तिका आधारमा मागी विवाह, भागी विवाह, र चोरी विवाह प्रचलन रहेको छ जसलाई लोकगीतको माध्यमबाट व्यक्त गरिन्छ । जस्तै :

पीपलुका बुटामुनि बाली कन्या खोल्चिन

हिन हिन बाली कन्या बुक्वा घस्नी बेला भो

यस गीतमा विवाहको दिन विहानै विवाह हुन थालेका केटा-केटी दुवैलाई आ-आफ्ना घरमा मान्यजनले बुकुवा घस्ने परम्पराको चित्रण गरिएको छ भने अर्का तर्फ पीपलका रुखमुनि खेलिरहेको बालिकालाई बुकुवा घस्ने बेला भयो भनी फर्काउँदा घर लग्न थालिएको प्रसङ्गले बालविवाहको चलनलाई देखाएको छ ।

केटाकेटीको सल्लाहमा केटी घर छोडेर केटासँग भागी गरिने विवाहलाई ‘भागी विवाह’ भनिन्छ । भागी विवाह केटा-केटीबीच प्रेम भएपछि मात्र सम्भव हुन्छ । यसमा विवाह सम्बन्धी धेरै जसो साँस्कारिक विधान गरिदैन । त्यसैले यस क्षेत्रका लोकगीतमा पनि यससम्बन्धी अभिव्यक्ति पाइन्छ । जस्तै :

दाल पगाऊ भात पगाऊ बने जति खाए खाम्ला

हिँर कान्छी भागेर गैजाम् जता गए जाम्ला

गीतमा उल्लेख भएअनुसार भागी विवाहमा केटाकेटी दुवैका बीच प्रेम र सहमति आवश्यक देखिन्छ । अर्काकी पत्नी विवाह गर्ने व्यक्ति साहसी र आर्थिक दृष्टिले सम्पन्न व्यक्तिका रूपमा चिनिन्छ ।

चोरी विवाहलाई राक्षसी विवाह भन्न सकिन्छ । यसमा कन्यालाई बाहुबलका भरमा पत्नी बन्न बाध्य परिन्छ । यो केटाको एक पक्षीय इच्छामा गरिने विवाह हो । जस्तै :

भान्जा : घाँस जादा चोरेर लैजाम्ला

पुत्लीको भेस बरीलै

मामा : घाँस जादा आफ्नी भाउजू सातै छन्

पुतलीको भेस बरीलै

प्रस्तुत गीतमा मागी विवाहको माध्यमबाट मामाकी छोरी प्राप्त गर्न असफल भएको भान्जो चोरी विवाहको पक्षमा लागेको छ । यस गीतमा केटाबाट कन्या मेलापातमा काम गर्न गएको मौका पारी हरण गर्ने अभिव्यक्ति आएको छ ।

## ५.३ सामाजिक वर्ग

यहाँका लोकगीतमा वर्गीय समाजको स्वरूप पाइन्छ । समाज धेरै आधारहरूमा वर्गीकृत भएको छ । यसमा देश, काल र परिस्थितिले पनि ठूलो भूमिका खेलेको पाइन्छ । त्यहाँका लोकगीतमा पाइने अभिव्यक्तिका आधारहरूमा विवेच्य क्षेत्रको समाज पेसा वा जातिको आधारमा, लैङ्गिक आधारमा आर्थिक अवस्थाका आधारमा वर्गीकृत भएको देखिन्छ ।

### ५.३.१ पेसा वा जातिका आधारमा सामाजिक वर्ग

यहाँका लोकगीतमा अधिकांश जातिहरू पेसाका आधारमा जातिमा रूपान्तरण भएको देखिन्छ । सुनार, कामी, बाहुन, दमाई, नेवार, गाइने, बादी आदि ।

**(क) सुनार**

यो सुन सम्बन्धी काम गर्ने जाति हो । यहाँका लोकगीतमा सुनारको उल्लेख सुन सम्बन्धी पेसा गर्ने जातिका रूपमा भएको पाइन्छ । जस्तै :

सुनारैकी छोरी नाम्री सुनका गहनाले
जीउ त मेरो सुकिसक्यो मनका लहनाले

प्रस्तुत गीतमा सुनारलाई सुनको काम गर्ने जातका रूपमा उल्लेख गरेको पाइन्छ ।

**(ख) कामी**

विवेच्य क्षेत्रको एउटा लोकगीतमा कामी पृथ्वीमा बाहुन पछि सृष्टि भएको मनुष्य भनिएको छ । यहाँका लोकगीतमा कामीलाई फलामको काम गर्ने जातिका रूपमा उल्लेख गरिएको छ, जस्तैः

कामी दाइको आरनैमा रुखान बसुला
त्यो केटाको मुखमा हग्न बसुला
कामी दाईको आरनमा कोदालो र बौह

प्रस्तुत गीतमा रुखान र बसुला काठ प्वाल पार्ने र काठ ताछ्ने काममा प्रयोग गरिने फलामका औजार हुन् ।

**(ग) बाहुन**

विवेच्य क्षेत्रका लोकगीतमा बाहुनलाई सृष्टिको क्रममा महादेवले सबैभन्दा पहिले सृष्टि गरेको उल्लेख पाइन्छ । यहाँका लोकगीतमा बाहुनलाई विशेषगरी ज्योतिष सम्बन्धी काम गर्ने जातिका रूपमा चित्रण गरिएको छ, जस्तै :

मावली पक्ष :  हाम्रा बैनी दिदी दिन्नम्

बाहुनले लैजस्ता ठकुरीले लैजाला

भान्जा पक्ष : हाम्रो छोराले मैयाँ नि ल्याउला

बाहुनी ल्याउला क्षेत्रिनी ल्याउला

विशेष गरी रुकुम रोल्पातिर मगर समुदायमा प्रचलित विवाहको विषयवस्तुमा आधारित गीत हो । मामा र भान्जाले समूहमा गाएको यस गीतमा आफ्नो जाति भन्दा बाहुन, ठकुरी र क्षत्री जाति उपल्लो र सम्मानित जाति हुन् भन्ने सामाजिक मनोवृत्ति व्यक्त भएको पाइन्छ ।

**(घ) गाइने**

यहाँ गाइने जातिलाई गीत गाउने जातिका रूपमा उल्लेख गरिएको छ । गाइनेका गीतमा प्रायः कुनै न कुनै घटनामा आधारित आख्यान पाइन्छ । त्यसैले गाइनेका सन्दर्भमा 'कर्खा' को उल्लेख भएको छ, जस्तै :

नखारैका उकालैमा, कर्खा जोरे गाइन

सुन जोख्ने तराजुमाथि माया जोख्न पाइन

**(ङ) नेवार**

यहाँका लोकगीतमा नेवार जातिलाई श्रृङ्गारिक अर्थात् श्रृङ्गार र साजसज्जामा रुचि राख्ने जातिका रूपमा उल्लेख गरेको पाइन्छ । जस्तै :

कौसीमा बसेकी नेवार्नीको छोरीले

कोखे कपाल कल्फी काटेकी

प्रस्तुत लोकगीतमा नेवार जातिलाई श्रृङ्गार मध्येको केशसज्जा सम्बन्धी काममा रुचि लिने जातिका रूपमा चित्रण गरिएको छ ।

**(च) वादी :** विवेच्य क्षेत्रमा बादी जातिको बसोबास छ । यो मूलतः सङ्गीतप्रेमी जाति हो । यसमा सङ्गीत कौशल पनि पाइन्छ । यहाँ बादीले सारङ्गी बाजा बजाउने उल्लेख गरिएको छ । जस्तैः

बादी दाइले के बनायो सारङ्गी र दाँती

नहुने रैच र माया लायो मलाई खाँती

प्रस्तुत गीतहरूमा सुनार, कामी, बाहुन, नेवार, गाहने, बादी जातिको उल्लेख भएको पाइन्छ ।

### ५.३.२ लैङ्गिक आधारमा सामाजिक वर्ग

रोल्पाका लोकगीतमा लैङ्गिक विभेद सम्बन्धी अभिव्यक्ति प्रशस्त पाइन्छन् । लोकगीतमा उपलब्ध यिनै अभिव्यक्तिका आधारमा नारी र पुरुष दुईवटा वर्गको उल्लेख गर्न सकिन्छ । जस्तै :

हामी पनि सक्चम बाबै आइ ए बि ए परन
छोरा जस्तै समाजमा अघि बरन
सबै मानिस उस्तै हुन्च रातो रगत बग्दछ
समाजले यो छोरीलाई किन ठग्दछ

प्रस्तुत गीतमा लैङ्गिक विभेदका सन्दर्भमा तीनवटा कुरा जोडिएका आएका छन् । ती हुन् ।

(क) नारी र पुरुष दुई वटा वर्ग हुन्

(ख) नारीमा पनि पुरुषमा जत्तिकै सामार्थ्य छ

(ग) लैङ्गिक आधारमा वर्गीय विभेद गरिनु हुदैन

यस गीतमा लैङ्गिक आधारमा वर्ग विभाजन मात्र नभई नारी र पुरुषबीचको वर्गीय सङ्घर्षको अवस्था पनि पाइन्छ । त्यसैगरी यहाँ पाइने अन्य लोकगीतहरूले पनि नारी र पुरुषलाई दुई वर्गको रूपमा चित्रण गरेका छन् । जस्तै :

बाबै तिम्रो आखाँ मार्सी धानको रास
छोरो भए अंश खान्ते छोरी भए मास

प्रस्तुत गीतमा नारीलाई आर्थिक अधिकारबाट वञ्चित गरिएको प्रसङ्ग भएको छ । यी लोकगीतहरूले पनि नारी र पुरुषलाई लैङ्गिक आधारमा दुई वर्गमा विभक्त गरेको पाइन्छ ।

### ५.३.३ आर्थिक अवस्थाका आधारमा सामाजिक वर्ग

यस क्षेत्रका लोकगीतमा यहाँको समाजमा विद्यमान अर्थका आधारमा विभक्त वर्गीय अवस्थाको चित्रण पाइन्छ । यहाँका लोकगीतमा विशेषगरी खानपान, भेषभूषा, पेसा र बस्ने आवास व्यवस्थाले हुने र नहुने वर्ग बीचको सीमाङ्कन गरेका छन् । यी आधारहरूमा रोल्पाका लोकगीतमा पाइने समाजलाई आर्थिक दृष्टिले तीन वर्गमा विभाजन गर्न सकिन्छ । उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग ।

**(क) उच्च वर्ग**

यहाँका लोकगीतमा प्रायः राज्य सञ्चालन गर्ने राजा-रजौटा, मुखिया-जिम्वाल वा यस्तै राज्य सञ्चालनमा सहभागीहरूलाई उच्च वर्गका रूपमा चित्रण गरेको पाइन्छ । यो वर्ग प्रायः शासन सञ्चालन गर्ने र विलासी काममा लगेको देखिन्छ । जस्तै :

धर्मजीत राजा भन्यौ सधैँका सिकारी

सपमा साठी बन्दुकै हामरा सिखारै खेल्न जाम्न राजै

प्रस्तुत गीतहरूमा उपस्थित राजालाई जनताको बारेमा कुनै चिन्ता छैन् । राजाले मनोरञ्जनका लागि सिकार खेल्ने गरेका छन् । दरबारमा तीन खोटी रानीहरूसम्म राख्ने, जुवा-पासा खेल्ने शासन सञ्चालनमा लागेको वर्ग पूर्ण रूपले विलासमा लिप्त भएको देखिन्छ । ती लोकगीतमा उपलब्ध अभिव्यक्ति अनुसार उच्च वर्गका व्यक्तिहरूका घरबासको व्यवस्था सामान्य जनताका लागि कल्पनातीत छन् ।

**(ख) मध्यम वर्ग**

यहाँका लोकगीतमा आर्थिक दृष्टिले मध्यम वर्गमा राख्न सकिने जनताका सूचना पनि उपलब्ध भएका छन् । यस वर्गका मानिस प्राय अन्य व्यक्ति विशेषका घरमा पारिश्रमिक लिएर श्रम गर्न गएको पाइँदैन र उच्च वर्गका मानिसका चरित्रिमा पाइने विलासिता पनि पाइँदैन । यहाँका लोकगीतमा पाइने जानकारीका आधारमा मध्यम वर्गका जनताको रहनसहन एवम् जीवनशैली सामान्य देखिन्छ । जस्तै :

साँचे सुँचे घिउ झिक मेरी आमा

सधै भरि बिहे होइओइन

प्रस्तुत गीतमा विवेच्य क्षेत्रका मभ्यमवर्गीय जनताको यथार्थ चित्रण पाइन्छ । विवाह संस्कारमा गाइने यस मागल गीतमा छोरीको विवाह गर्नको लागि वषौंअघि देखि नै आवश्यक सामग्रीहरू सङ्ग्रह गर्नुपर्ने वस्तु सत्य प्रकट भएको छ । प्रायः छोरीको विवाहका सन्दर्भमा यो प्रसङ्ग मिल्छ । छोरीको विवाह कतिबेला गर्ने भन्ने विषयमा प्रायः लामो पूर्वयोजना बन्न पाउदैन । त्यसैले विवाहका लागि आवश्यक पर्ने घिउ, चिनी, महजस्ता वस्नु साँचेर राख्ने चलन छ ।

**(ग) निम्न वर्ग**

यो आर्थिक दृष्टिले सबैभन्दा तल्लो स्तरको वर्ग हो । निम्नस्तरको वर्गलाई श्रमिक वर्ग पनि भन्न सकिन्छ । धेरै लोकगीतहर श्रमका अवसरमा रचिने र गाइने हुँदा लोकगीतको

सृजनामा श्रमिक वर्गको सबैभन्दा ठूलो भूमिका छ । यस आधारमा लोकगीतलाई श्रमिक गीत भन्न सकिन्छ । रोल्पा जिल्लाका लोकगीतमा निम्न वर्गका जनताहरूको आर्थिक अवस्था, जीवन सञ्चालनको स्रोत र जीवनशैलीबारे जानकारी हुने अभिव्यक्ति पाइन्छन् । जस्तै :

आधी रात टल्च सदै ढिकी चाकी गर्दा
घाँस काट्न लेख पुक्चु ब्यान तारो झर्दा
घर त मेरो पातीले बारेको
कति रुनु कमैले हारेको

प्रस्तुत गीतमा निम्न वर्गका जनताको घरबास सम्बन्धी चित्रण छ । साथै यहाँ सबैमा पाइने भाग्यवाद, कर्मवाद विश्वासको रूपमा आएको छ । यस वर्गले आफूमाथि हुने जुनसुकै अन्याय र आफूले भोग्नु परेको उत्पीडनलाई आफ्नै कर्मको फल भनेर रोएर चित्त बुझाएको पाइन्छ । जस्तै :

रातो चोली कुम कुममा टालेको साइँला
कर्म मेरो रैचनी हारेको साइँला

प्रस्तुत गीतमा निम्न वर्गकी नारीले जिउ ढाक्ने एकसरो लुगा पनि नपाएको दृष्य अवस्थाको चित्रण पाइन्छ । यी गीतहरूमा पाइने अभिव्यक्तिका अतिरिक्त पेसाका आधारमा जातिको स्वरूप लिन पुगेका कामी, दमाई, बादी, गाइने आदि जातिहरू पनि आर्थिक दृष्टिले निम्न वर्गमा पर्दछन् ।

## ५.४ वर्गीय शोषण (अन्याय)

वर्गमय समाजमा अनेक प्रकारका शोषण पाइन्छन् । तल्लो जाति र माथिल्लो जाति, महिला र पुरुष, गरिब र धनी एवम् अशिक्षित र शिक्षित बीच हुने गरेका शोषण यसका उदाहरण हुन् । स्थान र कालका आधारमा पनि वर्ग निर्माण हुने हुँदा भिन्न भिन्न समाजमा भिन्न भिन्न चरित्रमा वर्गहरू पाइन्छन् र शोषणका रूप पनि भिन्नभिन्न हुने गर्छन् ।

यहाँका लोकगीतमा वर्गीय समाजको चित्रणका साथै वर्गमय समाजमा हुने शोषण अन्यायका अभिव्यक्ति पनि पाइन्छन् । विवेच्य क्षेत्रका लोकगीतमा उपलब्ध शोषणका अभिव्यक्तिलाई केलाउँदा मुख्य दुई स्तरमा हुने गरेका देखिन्छन् । ती हुन् लैङ्गिक शोषण र आर्थिक शोषण ।

**(क) नारी-शोषण**

पुरुषप्रधान समाजमा नारी अनेक विषयमा पुरुष वर्गबाट शोषित हुन्छन् । यहाँका लोकगीतमा नारी शोषणका भिन्न भिन्न स्वरूप र स्तरको अभिव्यक्ति उपलब्ध हुन्छन् । यहाँका लोकगीतमा पनि विवरणले नारी शोषणका दुईवटा रूप देखाएको छ । पुरुषबाट हुने शोषण र नारीले नारीमाथि गर्ने शोषण लोकगीतमा जन्मैदेखि नारीप्रतिको नकारात्मक र पक्षपाती दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ । जस्तै :

धागो बरु होला कि ऐया नि बोई ऐया
छोरो भनी हेरेकी ऐया नि बोई ऐया
छोरी पो रहिच ऐया नि बोई ऐया
खरले बाँधे हुन्च ऐया नि बोई ऐया

प्रस्तुत गीतमा पुरुषप्रधान समाजको लामो परम्पराले प्रभावित हिनताबोधले ग्रस्त नारी मनोदशाको अभिव्यक्त छ । यहाँ जन्मनासाथ नारी-शोषण भएको छ । स्वयम् छोरीलाई जन्म दिने आमाले आफूले जन्म दिएको बच्चा छोरी हो भन्ने जानकारी पाउनासाथ उपेक्षा गर्न सुरु गरेकी छ । प्रस्तुत गीत अनुसार छोरो जन्मन्छ कि भनी बच्चाको नाल काटेर बाँध्ने धागोको जोहो गरेको भएपनि छोरी जन्मेकीले नाल काटेर खरले बाँधेको पाइन्छ । अर्कातिर छोरीलाई जन्मदिने आमा पनि परिवारबाट अपहेलित र तिरस्कृत भएको देखिन्छे, जस्तैः

मार्सीको चामल राखेको छु ऐया नि बोई ऐया
अलिकति भात पकाइदेऊ ऐया नि बोई ऐया
छोरी जाबा पाउनीले ऐया नि बोई ऐया
काँच्रा खाए हुन्च गाँठे काँच्रा खाए हुन्च

प्रस्तुत गीतमा छोरो जन्माउने आमालाई मीठो-मसिनो र पौष्टिक आहार दिने प्रचलनको विपरीत छोरी जन्म दिएकोले स्वयं सुत्केरी हुँदा खाने भनी सञ्चित गरेको मार्सी चामल नदिई परिवारमा काँच्रा (मकैको आटो) पकाएर दिने अभिव्यक्ति छ । जस्तै :

जेठी रानी दिन्यो भनी भान्साकी पियारी
कान्छी रानी दिन्यो भनी राजै ज्यूको पियारी
आइजौ आइजौ माइली रानी गोर्खे कुला भोग

यस सन्दर्भमा पाइने यो असमान सामाजिक व्यवस्था पनि नारी प्रति अन्यायको उदाहरण हो । राजाले आफ्ना तीनओटा रानीहरूमध्ये आफूलाई मन नपरेकी माहिली रानीलाई कुलाकी देवीलाई सन्तुष्ट तुल्याउन भोग चढाउने निर्णय गरेको देखिन्छ । यसले नारी र पशुपक्षीको सामाजिक मूल्य बराबरी देखाएको छ । जस्तै :

बिहान उठे मुरी धान कुटुर

रानीवन घाँस काट्न गँए बरीलै

घाँस काटी घरमा आउदा बारबजे ढलेको

गग्रेटामा हेर्न जादा गाग्री दलेको

प्रस्तुत गीतले परिवारमा श्रमविभाजनको अन्यायपूर्ण अवस्था देखाउँछ । बुहारी राति उठेर एक मुरी धान कुटिसकेर बस्तुभाउका लागि घाँस काट्न वन पुगेकी छ । बनबाट घर फर्कदा गग्रेटामा रित्तो गाग्री ढलेको छ । यहाँ सासू, ससुरा, लोग्ने आदि परिवारका अन्य पुरुष सदस्यहरूले कुनैपनि काम गरेको पाइँदैन । कामको सबै जिम्मा बुहारीमा देखिन्छ ।

**(ख) आर्थिक शोषण**

रोल्पाका लोकगीतमा आर्थिक दृष्टिले जहाँ वर्गमय समाजको चित्रण पाइन्छ त्यहाँ हुनेले नहुने माथि गरेको शोषण र अन्याय पनि भेटिन्छ । यहाँका गीतमा उपलब्ध हुने सामग्रीका आधारमा प्रायः निम्न वर्गमाथि उच्च र मध्यम वर्गबाट भिन्नभिन्न प्रकृतिको शोषण हुने गरेको देखिन्छ, जस्तै :

बीस रूपपे रिनल्याएँ ढेकी लाग्च गागरी

कतिसम्म गरु मैले साउको चाकरी

प्रस्तुत गीतमा विवेच्य क्षेत्रमा प्रचलित ऋणीले धनीबाट ऋण ल्याएबापत व्याजका अतिरिक्त कोसेलीका रूपमा घरमा भएका फलफूल, घिउ, मह र कतै कतै नगद र जिन्सी समेत बेलाबेलामा धनीलाई बुझाउनु पर्ने आर्थिक प्रचलन पाइएको छ । निम्न वर्गका जनताले प्रायः भाका कबोलमा ऋण बुझाउन नसक्ने हुँदा ऋणको सावाँ भन्दा ब्याज र ठेकीको मूल्य नै बढी हुने यथार्थ यहाँ व्यक्त भएको छ । जस्तै :

आधा राति टल्च सँधै ढिकी-चाकी गर्दा

घाँस काट्न लेख पुग्छु ब्यान तारो झर्दा

यस गीतमा पनि कृषि मजदुरी माथि शोषण व्यक्त भएको छ । यहाँ मुखियाले धेरै भैंसी एउटी कमारीको आडमा पालेको छ । कमारीले आधा रातिसम्म घरको कुटपिसको

काम गर्नुपर्छ भने बिहान तारो भर्ने बेला ती भैंसीका लागि घाँस काट्न लेख पुगिसक्नु पर्छ ।

दिदीबैनी जम्मा भइ खानेपिने बेलामा
साउ मोराले बाटो छेक्यो दैला ठेलामा
दोष छैन आमा बालाई न त दाजु भाइलाई

प्रस्तुत गीतमा तीज पर्वमा दिदीबहिनी बसेर खानेपिने बेलामा धनी व्यक्ति आफूले दिएको ऋणी झार्न आएको चित्रण छ । गीतमा लोग्ने मुग्लानमा नोकरी लागेको घरमा रहेकी पत्नीको ऋण तिर्न नसक्ने अवस्था देखेर पनि पर्वको दिनमा ऋण झार्न आउने साहुप्रति र वर्गीय समाजका विरुद्धमा गरिब नारीको विद्रोह भएको पाइन्छ ।

## ५.५ रहनसहन

यहाँका लोकगीतमा जनताका रहनसहनसम्बन्धी जानकारी पाइन्छ । यहाँका जनताका प्रचलित बेशभूषा, गरगहना, खानपान, घरबार सम्बन्धी सामग्रीहरूको चित्रण गरिन्छ । यसबाट यस क्षेत्रका जनताको आर्थिक स्तर, साँस्कृतिक स्वरूप समेत प्रकाशित भएको छ ।

### (क) **पहिरन**

यहाँका लोकगीतमा तत्स्थानीय क्षेत्रका जनतामा प्रचलित पोशाक र पहिरन सम्बन्धी केही जानकारी उपलब्ध हुन्छ । जस्तै :

यिनी कुखुरा बेची बेची घलेकु लगाम्ला दिदै घलेकु लगाम्ला
यिनै कुखुरा बेची बेची पुटुकी लगाम्ला दिदै पटुकी लगाम्ला

हुने भाइले - धेउँसरै
गुन्ने चोलो - धेउँसरै
नहुनेले - धेउँसरै
दुई चार पैसा - धेउँसरै

प्रस्तुत गीतहरूमा यहाँका महिलाहरूको पहिरनको पूर्व रूप देखाएको छ । यहाँका महिलाहरू गुन्ने (छोटो-धोती) र गुन्ने बाँध्ने पटुकी (पटुका) को प्रयोग गर्ने चलन छ । गीतमा गन्यू र चोलोमाथि एकातिरको काँधमा बाँधेर लगाइने घलकेको पनि उल्लेख छ ।

यहाँका लोकगीतमा पुरुषले लगाउने लुगाकपडाको त्यति धेरै उल्लेख पाइदैन । महिलाहरूले लगाउने लुगा-गहनाका तुलनामा निकै कम उल्लेख पाइन्छ । जस्तै :

परानीको जिदै मारी लाउँदैन भोटो

कालो कोट कस्मेरा जुवारी

यहाँ उद्धघृत लोकगीतहरूमा साना बच्चा बच्चीहरूले 'भोटो' र पुरुषले लगाउने कस्मेरा कपडाको 'जुवारीकोट' (आधा बाहुला भएको कोट) को उल्लेख गरिएको छ ।

**(ख) गरगहना**

हरेक स्थानमा बसोबास गर्ने जनतामा आ-आफ्नै प्रकारको गरगहना लगाउने चलन पाइन्छ । यो जाति र भाषा भाषिका आधारमा समेत फरक फरक देखिन्छ । यहाँका जनताले परम्परागत रूपमा प्रयोग गर्दे आएका गरगहनाको जानकारी उपलब्ध हुन्छ । यहाँ उपलब्ध गहनाहरू विशेष उल्लेख्य देखिन्छन् ।

तीज आयो राजै रमाउदै झमाउदै

छैन राजै मेरो नाकै लाउने नथिया

तीज आयो राजै रमाउदै झमाउदै

छैन राजै मेरो शिरै लाउनी सिर्फूल

आधा सगर कालो मैलो आधा सगर जून

यतिबेला दुलौलीले औंठी पैरी हुन्

आधा सगर कालो मैलो आधा सगर जून

यतिबेला दुलौलीले सारी पैरी हुन्

प्रस्तुत गीतमा नारीका चिन्हका रूपमा नाकमा लगाउने नथिया शिरमा लगाउने सिरफूल, हातमा लगाउने औंठी आदिको बारेमा उल्लेख गरिएको छ ।

टीकी लाएर झन् झन् राम्री भएर

पाहजम लाएर झन् झन् राम्री भएर

बाला लाएर झन् झन् राम्री भएर

काँटा लाएर झन् झन् राम्री भएर

यस गीतमा नारी श्रृङ्गारका सामग्री टीको, खुट्टामा लगाउने पाइजप, हातमा लाउने बाला, कपालमा लाउने काँटा आदिको उल्लेख पाइन्छ ।

## ५.६ सामूहिक कार्य

लोकगीत लोकको सामूहिक अभिव्यक्ति हो । व्यक्तिले रचना गरे पनि यसमा व्यक्तिको छाप भेटिदैन । यो सार्वभौमिक पनि बन्न सक्छ । लोकगीत विषयवस्तुका दृष्टिले मात्र होइन सामूहिक प्रस्तुतिका दृष्टिले पनि प्रायः सामूहिक बन्छ । लोकगीतको गायन स्वयम् सामूहिक कार्यको विषय हो । यहाँ संस्कार, चाडपर्व, श्रम र मेला तथा अन्य मनोरञ्जनका कार्यक्रमहरू सामूहिक कार्यका अवसर हुन् । यहाँका लोकगीतमा यी अवसरहरूमा हुने सामूहिक सहभागिताका प्रसङ्गहरू व्यक्त भएका छन् । यस शीर्षकमा यहाँका गीतमा उपलब्ध सामूहिकताका आधारमा परम्परित सामूहिक कार्यहरूको उल्लेख गरिएको छ ।

### ५.६.१ संस्कार

रोल्पा जिल्लाका लोकगीतमा यहाँका जनतामा प्रचलित संस्कारहरू सामूहिक कार्यका रूपमा आएका छन् । गीतमा उपलब्ध जानकारी अनुसार यहाँ मनाइने जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरू मध्ये जन्मसंस्कारको 'छैटी' संस्कार र 'विवाह' संस्कार उल्लेख्य छन् ।

(क) **छैंटी**

यो शिशु जन्मेको छैंटो दिन साँझ सम्पन्न गरिने संस्कार हो । विवेच्य क्षेत्रमा विशेषगरी पुत्रजन्ममा छैंटी संस्कारले महत्त्व पाएको देखिन्छ । यहाँ छैंटीको दिन सबै छरछिमेकी र आफन्तहरूलाई निमन्त्रणा गरी साँझ भेला भई शिशुलाई आसिक दिने र रातभरी जाग्राम बस्ने् प्रचलन छ, जस्तै :

एकै र दिन दुवै र दिन तीनै र दिन भयो
चारै र दिन पाँचै र दिन छथै र दिन पुग्यो
सिरानैमा बत्ती बाली कापी कलम राखेर
गाँवै र घरका छिमेकीले आसिक दिन लाए
सन्ज्याहाका बेलामा छैंटी गर्न लाए
प्रातः काल भएपछि बिदाबारी भए

प्रस्तुत गीतमा शिशु जन्मेको छैंटी दिनमा छैंटी संस्कार गरी मनाउने र यस अवसरमा गाउँघरका सम्पूर्ण मानिसहरू भेला हुने कुराको उल्लेख छ । यहाँ छैंटीको अवसरमा महिलाहरू प्रायः पूजासम्बन्धी काममा लाग्छन् भने पुरुषहरू खानपिनको

व्यवस्थामा जुट्छन् । प्रायः पुत्र जन्मलाई विशेष महत्त्व दिने हुदाँ पुत्रको छैंटीमा सम्बन्धित घरको आर्थिक संकटा अनुसार खसी काटेर भोज खाने चलन छ । यही खुशीको अवसर भएको हुँदा सामूहिक नाचगान गरी रात बिताइन्छ । यसपछि बिहान सबै बिदाबारी भई आ-आफ्ना घर जान्छन् । यस अवसरमा पुरुष समूहले खैंचरी, मुजुरा, मादल आदि बाद्यसहित प्रायः कृष्णजन्म, कृष्णलीला वा रामायण, महाभारतका आख्यानमा आधारित भजन गाउने र महिलाहरू नाच्ने चलन छ । यस संस्कारका गायक भने प्रायः बाहुन-क्षत्रीहरू मात्र हुन्छन् र दर्शकका रूपमा अन्य जातिका सदस्यहरू पनि सहभागी हुन सक्छन् ।

**(ख) विवाह**

विवाह सबैभन्दा महत्त्वपूर्ण संस्कार हो । रोल्पामा यो संस्कार एउटा विशेष सामूहिक कार्यका रूपमा आयोजना गरी सम्पन्न गर्ने चलन छ । यहाँका लोकगीतमा विवाहका विभिन्न अवसरहरूको चित्रण गरिएको छ । जस्तै :

भला भला पात टिप मेरी आबैले
शुभै लगन जुरी जुरी आयो
भला भला टपरी खुट मेरी आबैले
शुभै लगन जुरी जुरी आयो

यहाँ विवाहका लागि आवश्यक पर्ने दुना टपरी गाँस्नका लागि आवश्यक पर्ने पात टिप्न जाने र टपरी खुट्ने प्रसङ्ग आएको छ । गाउँका छरछिमेकी महिलाहरू वनमा पात टिप्न जाने र अरु दिनमा त्यसरी नै सबै भेला भई पात गाँस्ने प्रचलन छ । विवेच्य क्षेत्रमा विवाह वा अन्य धार्मिक अनुष्ठानका सन्दर्भमा पनि महिलाहरू भेला भई रोटी पकाउने जस्ता कार्यहरू सामूहिक रूपमा गरेको पाइन्छ ।

यहाँ विवाहका दिन दुलाहाको घरमा रमाइलो गर्ने चलन छ । दुलहीको घरमा जन्ती जाने चलन छ । दुलहीको घरमा रात भरि नै विवाहका संस्कार सम्बन्धि विधानहरू गरिन्छ भने दुलाहाको घरमा रातभरि रत्यौली नाचिन्छ । जस्तैः

दादा पनि गैजाने आदी पनि गैजाने
तिमी पनि गैजाने
कैसे काटम् मैने सरी रात
जिउँती जो जगाए गोपिनी जो नचाए

हाँस्दै खेल्दै बिहाइ जाला रात

यस गीतमा दुलाहाका घरबाट आमन्त्रितहरूका साथै घरका काम गर्ने मानिसहरू समेत जन्तीमा सहभागी भई जाने हुँदा दुलाहीकी आमा, दिदी, बहिनी आदि मात्रै रहेको घरमा रमाइलो गरी रात बिताउनका लागि गाउँघरका गोपिनीहरू भेला गरी रत्यौली नाच्ने प्रचलन व्यक्त भएको छ ।

विवाहमा दुलही लिएर घर आइपुग्ना साथ दुलाहा र दुलही 'देली छेक्ने' संस्कार गरिन्छ । यसमा दिदी बहिनीले दाजु-भाउजुलाई घर भित्र पस्नबाट रोक लगाउने र दाजु भाउजूले चित्त बुझ्दो रूपैयाँ पैसा वा लुगा कपडा दान दिएमा मात्र घर भित्र पस्न दिने प्रचलन छ । जस्तैः

देऊ न दाजी देऊ न भाउजू, देहेलीको दान
धेरै दान दिन्च्यौ भने ओदरी भँडार दिम्ला
हैन भनी मेरी भाउजू ताल्चा मारुला

यस अवसरमा गाउँघरका प्रायः महिलाहरू र अन्य आमन्त्रित महिलाहरूको सहभागिता हुन्छ । विवाहमा महिलाहरूको सहभागिताका दृष्टिले सबैभन्दा बढी 'रत्यौली' ले महत्त्व राख्दछ । रत्यौलीमा पुरुषको उपस्थिति निषेध भएको हुँदा महिलाहरूले सामाजिक स्वतन्त्रताको अनुभव गरेको पाइन्छ । त्यसैले यस अवसरका गीतमा पुरुष समेत उपस्थित भए अश्लील भन्न सकिने यौन सम्बन्धी खुल्ला अभिव्यक्ति पनि गरिएको पाइन्छ ।

सामूहिक सहभागिताका दृष्टिले मृत्युसंस्कार पनि उल्लेखनीय पाइन्छ । यस अवसरमा मृतकका घरमा गाउँघरका महिला-पुरुषहरू भेला भई महिलाहरूले मृतकका घरमा महिला सदस्यहरूलाई विलाप गर्न साथ दिने र पुरुषहरूले मृतकको अन्तिम संस्कारका लागि आवश्यक व्यवस्था गरी जाति र संस्कृति अनुसार जमिनमा गाड्ने वा खोला-नदी किनारमा जलाउने चलन छ । रोल्पा जिल्लामा मृत्यु संस्कारमा गीत गाउने प्रचलन भने पाइदैंन ।

### ५.६.२ चाडपर्वहरू

यहाँ धेरै प्रकारका चाडपर्वहरू मनाउने चलन छ । प्रायः जसो चाडहरूमा धार्मिक प्रसङ्गसँग जोडिएर आएको पाइन्छ । यहाँ कृष्ण जन्माष्टमी, एकादशी, औंसी, पूर्णिमा जस्ता विशुद्ध व्रतका अवसरहरू र तीज, दशैं, तिहार र होली पर्वहरू सामूहिक कार्यका रूपका

मनाउने चलन छ । यी अवसरहरूमा सामूहिक नाच गान सामूहिक पूजा र कुनैमा सामूहिक भोज गरेको पाइन्छ ।

(क) **तीज**

भाद्र शुक्ल तृतीयाको दिनलाई महिलाहरूले तीज पर्वको रूपमा मनाउँछन् । यो पर्व विशेषगरी तीजको अघिल्लो दिन (दर खाने दिने) देखि नै शुरु भई पञ्चमीको दिन सकिन्छ । यहाँ यस अवसरमा विवाहित चेलीहरू आ-आफ्ना माइतीमा जाने प्रचलन छ । तीज पर्वमा माइतीमा जान नपाउनु चेली र माइती दुवैको लागि दुःख लाग्दो विषय ठानिन्छ । जस्तै :

तीजमा पनि माइत जान पाइन र
रोएर बित्यो मेरो रात बरीलै
सिरै लाउने सिर्फुल कागतुमा कोटेर
रोको हुनन् सङे साथी यतै हेरेर
चरी भरर निङाली गाँजैमा
मलाई सम्भी रोइन् आमा भम्के साँभैमा
ऐले तीजमा माइत जान पाइन र
बाबैका मनमा छैन उजेलो

प्रस्तुत गीतमा तीज पर्वमा चेली माइतीमा नजाँदा हुने विषदको चित्रण गरिएको छ । चेली घरमा दुःखित भएकी छ भने माइतीमा साथी-सगींहरू र आमा-बाबा दुःखित हुन् । यो मूलत महिलाहरू वर्षको एकपटक भेटघाट हुने चाड हो ।

यहाँ यसबेला टाढाटाढा विवाह भएका महिलाहरू पनि माइती घरमा भेला हुन्छन् । दर खाने दिनमा साँभ सबैका घरमा रोटी, तरकारी, अचार बनाएर छिमेकीहरूबीच साटासाट गरी वा सबैका घरमा गएर रातभरि दर खाने गर्छन् । भाले बास्यो भने बिहान भयो भन्ने ठानी दर खाने काम बन्द हुन्छ । तीजको दिनभरि प्रत्येक गाउँ-गाउँका चौपारी र डाँडामा नाच्ने चलन छ । यस अवसरमा भेला भएका महिलाहरूको मनोरञ्जनका लागि पुरुषको चर्खे पीङ, डोरी पीङ बनाइदिएका हुन्छन् । गाउँलेहरूको सामूहिक सहभागिताबाट निर्माण गरिएका ती पीङ हल्लाउने कार्य पनि पालैपालो पुरुषहरूले गर्छन् । यस काममा लागेका पुरुषहरूलाई महिलाहरूले सामूहिक खानपिनको व्यवस्था गरेको पाइन्छ ।

**(ख) दशैं**

यस क्षेत्रमा दशैं पनि एउटा सामूहिक कार्यका रूपमा मनाइने चाड हो । यस अवसरमा नवरात्रि भरि विभिन्न देवीका मन्दिरहरूमा पूजा र बलि दिने चलन छ । दशैं भेटघाट र आफ्ना मान्यजनहरूका हातबाट टीका थापी शुभकामना लिने-दिने चाड हो । घटस्थापनादेखि पूर्णिमासम्म साँझमा महिलाहरू नै पुरुष र महिला गरी दुई समूहमा बाँडिएर दोहोरी गीतका रूपमा 'रैचुमा' गीत गाउने चलन छ । यस गीतमा जुनसुकै उमेरका महिलाहरू सहभागी बन्न सक्छन् । नृत्य बाद्य रहितको महिलाहरूले दुई समूहमा छुट्टाछुट्टै हातेमाले गरी उभिएर गाएको पाइन्छ । यस गीतमा प्रायः महिला पुरुषबीच हुने माया-प्रेमसम्बन्धी प्रश्न उत्तर पाइन्छन् । जस्तै :

हाँगी चल्पो बाँदरुले लेख चल्पो गुणाले
वर्ष दिनको भैयो भेटु राखेको हुनाले
हात काते बिसाउने रैछ चोपा नरमैले
बोल्ने गालि क्यै आउँदैन साइकै सरमैले

प्रस्तुत गीतमा माया-प्रेमको प्रसङ्ग आएको छ । दुई समूहको भेटमा गाइने हुँदा गीतमा संयोगात्मकता पाइन्छ । यहाँ दशैंमा 'रैचुमा' बाहेक अन्य सामूहिक नाचगानको प्रचलन पाइँदैन ।

**(ग) तिहार**

तिहारलाई यमपञ्चक भाइटीका पनि भनिन्छ । यो चाड कार्तिक कृष्ण त्रयोदशीदेखि द्वितीयासम्म मनाउने चलन छ । यो मुख्य रूपमा दाजुभाइ दिदीबहिनी बीचको प्रेमलाई बृद्धि गर्न र एक अर्कामा शुभकामना आदानप्रदान गर्न मनाइने पर्व हो । त्यसैले तिहारमा दाजुभाइ दिदी बहिनीहरूको भेट अनिवार्य हुन्छ ।

विवेच्य क्षेत्रमा प्रायः सैरालु (महिला भैलो) भैरालु (सैले भैले) सँगसँगै पनि खेल्ने चलन छ । भैलारु सँगै खेल्ने सैरालुहरूले पनि नाचमा सङ्कलित दान दक्षिणाको रूपैयाँ पैसा प्रायः भैले खाने दिनमा (भैलो फुकाउने दिन) नै भोज खाने र बाँडेर लिने चलन छ । तर भैलारुको समूह बेग्लै खेलेमा सहभागी महिलाहरूको सल्लाह अनुसार तिहार पछि सङ्कलित रूपैया पसाले रहरे भात (सामूहिक भोज) खाने वा रूपैयाँ पैसा बाँडेर लिने चलन छ । यहाँ तिहार पर्वमा गाइने महिला र पुरुष दुवै गीतहरूमा पाइने सामुहिक प्रस्तुति र समाजमा घरघरमा गई नाच्ने परिपाटिले एक घरको सन्देश अर्को घरमा एक गाउँको

सन्देश अर्को गाउँमा समेत प्रसारण हुने हुदाँ सामूहिकताको व्यापक परिवेश निर्माण हुन्छ । 'सैरालु' र 'भैलो' गीतको आरम्भमा नै आफ्ना सहभागी साथीहरूलाई गरिएको आव्हानले सहभागी तर्फको सामूहिकतालाई देखाउँछ । जस्तै :

रातो माटो - धेउँसरै

चिफ्लो बाटो - धेउँसरै

बालकु सडी - धेउँसरै

लोटलान् पटलान् - धेउँसरै

छिटो दिनुस बिदा- धेउँसरै

दान थाप सडी - धेउँसरै

प्रस्तुत सैरालु गीतमा महिलाहरू सामूहिक रूपमा गाउँदै हुन भन्न कुरा देखिन्छ । साथै यहाँ पाइने अभिव्यक्तिले सैरालु गीतमा सबै उमेरका महिला सहभागी हुन सक्ने पनि देखिएको छ । त्यसैगरी पुरुषहरू खेल्ने भैलोमा पनि सामूहिक प्रस्तुतिको उल्लेख पाइन्छ । जस्तै :

लेजो सबै सडी - भैले

लेजो सबै भाइ - भैले

लेजो जुटिहालौ - भैले

यहाँ गीतमा पाइने अभिव्यक्ति अनुसार भैलो खेल्ने सहभागीहरू एउटै परिवारका होइनन् भन्ने देखिइएको छ । यहाँ गाउँमा धेरै परिवारका मानिसहरू भैलो खेल्न जुटेका हुन्छन् ।

**५.६.३ श्रम**

विवेच्य क्षेत्रमा विभिन्न सन्दर्भमा गरिने श्रम सामूहिक कार्यका उपयुक्त उदाहरण हुन् । यहाँका जनताहरूको मुख्य पेसा कृषि हो । कृषि अन्तर्गत पशुपंक्षीपालन पनि आउँछ । कृषि कार्य एक्लै सम्पन्न गर्न प्रायः सम्भव हुदैन । कृषिमा मानिसका साथै पशुपंक्षीहरूको समेत सहयोगको आवश्यकता पर्छ । खेती गर्दा जोत्ने गोरु, खेतबारीमा आवश्यक पर्ने मलका लागि पशुपंक्षीहरूको आवश्यकता पर्छ भने जोत्ने, रोप्ने खन्ने आदि खेतीपाती सम्बन्धी कार्यमा समाजका भिन्न भिन्न सीप भएका मानिसहरूको सहभागिता आवश्यक छ । यहाँ हरेक श्रमका अवसरमा जस्तो छुट्टाछुट्टै गीतको परम्परा पाइँदैन ।

**(क) धान रोपाइँ**

'बाली गीत' धान रोपाइँमा सहभागी रोपार्नीहरूले सामूहिक रूपमा गाउँछन् । यसमा बाद्य र नृत्य हुदैन । रोपार्नीहरू प्रायः अर्नी खाएपछि बाली गीत सुरु गर्छन् र साँझ घर फर्कदा बाटामा पनि गाउँदै घर पुग्छन् । रोपाइँ सकिएको दिनमा गाइने बाली गीतको विशेष महत्त्व छ । यस दिन साँझ रोपार्नीहरूले हातहातमा हिलो र धानका विरुवा (विउका मुठा) लिई बाली गीत गाउँदै खेतवालाको घरमा पुगी घरमूलीलाई हिलाका टीका र धानको विरुवाको फूल लगइदिएर आसिक दिने चलन छ । यस अवसरका गीतमा विषयवस्तुको विविधता पाइन्छ । जस्तैः

यसु खेतका सीमे भूमे रख्खे राखे भनै
हामी आइमाई हाँस्यम् खेल्चम् धार खान्यौ किधूप
जडन धानको अक्षेता, रेसमैको धजे
कालु गाईको गोबर, मैलु गाईको दूध

प्रस्तुत गीतमा जलमूलमा रहेका सीमे भूमे वन वनस्पतिलाई मान राखेको भन्न प्रसङ्गमा महिलाहरूले गीतको माध्यमबाट व्यक्त गर्छन् ।

मुखियाका खेतरा त बिसौनीमा पुए
अँझै हाम्रा खेतराले हेर्चन् पानी छाँया
बिदै पाऊँन महाराजै घर बाला रोए
जस्का हुनन् बाला चेला आफै निस्की जालान्
हामी चेली हाँस्दै खेल्दै जाम्ला आधी रातै

माथिको गीतमा नजिकका अन्य खेतमा पनि रोपार्नीहरू श्रमरत रहेको छन् तर यस खेतका भन्दा उनीहरूले धेरै मेलो सकेको अभिव्यक्ति छ । रोपाइँको मेलो सकिएको छैन तर रात पर्न थालेको छ । यस अवस्थामा मालिकबाट घरमा खरी सासू र साना बच्चा भएका रोपार्नीहरूले बिदा पाएका छन् ।

**५.६.४ मेला-जात्रा र मनोरञ्जन**

यहाँ विभिन्न समयमा मेला जात्रा लाग्ने परम्परा छ । यस्ता मेला जात्राहरू लाग्नुका पछाडि सानातिना धार्मिक, ऐतिहासिक किंवदन्ती जोडिएका हुन्छन् । यहाँ जनताले विशुद्ध मनोरञ्जनका लागि सामूहिक रूपमा कार्यक्रमहरू गर्ने गरेको देखिन्छ । यहाँ लाग्ने

मेलाजात्रा र उद्देश्यले आयोजना गरिने कार्यक्रमहरू पनि विवेच्य क्षेत्रमा सामूहिक रूपमा गरिने कार्यहरू हुन् ।

**१. मेला-जात्रा**

रोल्पाका विभिन्न स्थानमा अनेक मेला-जात्राहरू लाग्ने चलन छ । यस्ता मेलाहरूमा तत्स्थानीय क्षेत्रका जनताको ठूलो सहभागिता पाइन्छ । यहाँका मेला जात्राहरू खासगरी मनोरञ्जन, भेटघाट र व्यापारका दृष्टिले बढी महत्त्वपूर्ण छन् । यहाँका कति मेला-जात्राका पछि धार्मिक आधार समेत रहेकाले लोकल यस्ता मेलाका अवसरमा पुण्य प्राप्तिको अपेक्षा पनि गरेको पाइन्छ । विवेच्य क्षेत्रका लोकगीतमा उपलब्ध मेला जात्राका सन्दर्भहरू यसप्रकार छन् -

(क) **चबी मेला**

यो रोल्पा जिल्लाको बुदागाउँ गाउँ विकास समिति अन्तर्गत चबीघाटमा लाग्ने मेला हो । बर्षेनी भदौको बाह्र गते चढी खोलाको किनारमा लाग्ने यस मेलामा प्युठान, रुकुम, सल्यान, दाङ आदि जिल्लाका मानिसहरू पनि मेला भर्न आउँछन् । यो मूलतः बर्खे खेती सकेको उपलक्ष्यमा भेटघाटको उद्देश्यले लाग्ने मेला हो । यसमा सबै जाति र सबै उमेरका महिला र पुरुषको सहभागिता रहन्छ । चबी मेलामा उपस्थित व्यक्तिहरूको मनोरञ्जनका लागि वरपरका गाउँलेहरू सामूहिक रूपमा रूपैयाँ पैसा सङ्कलन र सामूहिक श्रम गरी चर्खे पिङ बनाएर चलाउने प्रबन्ध मिलाएको पाइन्छ । एक दिन एक रातसम्म लाग्ने चबी मेला सामूहिक नाच गानका दृष्टिले पनि महत्त्वपूर्ण छ । यहाँको लोकगीतमा पनि चबी मेलाको उल्लेख पाइन्छ । जस्तै :

घुम्नलाई रमाइलो लाग्ने रोल्पा चबी मेला नील
सधै साइको सम्झन आउँच सुर्ता लाग्ने बेला नील

(ख) **बराह मेला**

रोल्पा जिल्लाको थवाङ गाउँ विकास समिति अन्तर्गत जलजलामा जेष्ठ पूर्णिमाको दिन बराह मेला लाग्दछ । जलजला धार्मिक स्थल पनि हो । वैशाख, जेठ र साउनमा वर्षको तीनचोटि तीर्थालुहरू जलजला आउँछन् । सो मेलामा प्यूठान, रुकुम, सल्यान, दाङका अतिरिक्त भेरीका जाजरकोट सुर्खेत र कर्णालीका विभिन्न जिल्लाबाट पूजा र दर्शनका लागि आउने गर्छन् । रोल्पा जिल्लाको थवाङ गाविसमा अवस्थित सुन्दर पहाडको. नाम हो जलजला/प्राकृतिक दृष्टिले जलजला निकै सुन्दर मनोरम छ । यहाँका आदिबासी जनजाति

मगर जातिको मौलिक साँस्कृतिक भेषभूषा खाम भाषा र जीवन पद्धति प्रस्तुत बराह मेलामा प्रदर्शन गने गरिन्छ। अहिले सो ठाउँमा साँस्कृतिक महोत्सवको रूपमा विविध लोकगीतहरू समेत समावेश गर्ने गरिन्छ। जस्तै :

ह………… जलजला शिरैमा पानी है पऱ्यो

सालैजो रापती चिसो भो

ह……….. छुटिदा दिलैमा लागेको घाउ त

सालैजो भेट हुदा बिसो भो

प्रस्तुत गीतको भावमा एक आपसमा माया प्रीतिका कुराको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । यसरी विविध ठाउँबाट यो मेलामा आउने दर्शनार्थी तथा भक्तजन र नाताकुटुम्बसँग सुख दुःख बिसाउने थलोको रूपमा परिचित लोक सँस्कृति र गीतले ओकालत गर्दछन् ।

**(ग) भूमेपूजा**

रोल्पाका मगर जातिमा असार सङ्क्रान्तिको दिन गाउँ नजिकैको डाँडामा बिहानैदेखि सबै भेला भई पूजाका साथ नाचगान गर्ने चलन छ। भूमे पूजा प्रायः घरमूली पुरुषले गर्छन् तर नाचगानमा महिला-पुरुष सबैको सहभागिता पाइन्छ । यस अवसरमा गाइने नृत्य गीतमा दमाहा, सनाई र झ्यालीजस्ता बाद्यको प्रयोग हुन्छ । भूमे पूजामा सामूहिक खानपिनको पनि प्रबन्ध पाइन्छ। दुई तीन दिन सम्म गरिने भूमे पूजालाई मगर समुदायमा प्रचलित सामूहिक कार्यको रूपमा लिनुपर्छ।

भूमेपूजाको मूल उद्देश्य प्रकृतिको स्तुति गरी खुशी तुल्याएर विशेष गरी पहाडमा वर्षा याममा घट्न सक्ने बादी, पहिरो जस्ता प्राकृतिक दुर्घटना नहोऊन भन्ने देखिन्छ । यसमा समग्र प्राणीको कल्याणको अभिष्ट रहेकाले भूमेपूजाका गीतहरूमा प्रायः भेटघाट र जीवन-मरण सम्बन्धि अभिव्यक्ति पाइन्छ। जस्तै :

घुमाई घुमाई जोत्न लायो हाहै बारकुने ढेला स्याम्बु

हामी पनि आयौं हेर हाहै रात परेका बेला स्याम्बु

यस गीतमा भूमेपूजा गरिएको स्थलमा नाचगानका लागि साझमा सबै भेला हुन आएको उल्लेख छ। यसले सामूहिक सहभागितालाई इङ्गित गर्छ। त्यसैगरी गीतमा सधै यसरी नै भेटघाट गर्न नपाइने मरणशील जीवनको तथ्य पनि व्यक्त भएको पाइन्छ। जस्तैः

बसी-बसी दिन गयो, भयो घमाइलो, भयो घमाइलो

क्वै बाँचम्ला क्वै मोरम्ला, गरम् रमाइलो, गरम् रमाइलो

विवेच्य क्षेत्रमा आ-आफ्ना बन्धुहरू (गोत्यार) बीच प्रायः वर्षेनी गरिने देवाली (कुलपूजा) पनि भूमेजस्तै सामूहिक कार्य हो । देवालीमा कुलका आङ चल्ने (धामीहरू) व्यक्तिहरू काम्ने र कुलपूजामा बलिका लागि ल्याइएका बोकाहरू काटेर बलि चढाउने चलन छ । यस अवसरमा सामूहिक पूजा र खानपिन गरिए पनि नाचगानको प्रचलन पाइदैंन । यो परम्परा जाति र कुलपूजामा पुरुषहरूको विशेष भूमिका हुन्छ । महिलाहरू प्रायः खानपिनको प्रबन्ध गर्ने काममा लाग्छन् । यहाँ दर्शकका रूपमा अन्य जाति र कुलका मानिसहरू पनि उपस्थित हुन्छन् । यस अवसरमा छोरी, ज्वाइँ, भान्जा-भान्जी र विवाहिता दिदी-बहिनीहरू विशेष आमन्त्रितका रूपमा उपस्थित हुने चलन छ ।

निष्कर्षमा यस विश्लेषणका आधारमा रोल्पा जिल्लाको समाजमा अनेक एकाइहरूको उल्लेख लोकगीतमा देखा पर्छ । गीतका आधारमा रोल्पा जिल्लाको पारिवारिक स्वरूप केलाउदै परिवारका सदस्यहरूको साइनो मधुर सम्बन्ध भएको, कटुसम्बन्ध भएको र मिश्रित सम्बन्ध भएको गरी तीन किसिमको देखिन्छ । विवाह पद्धति मागी विवाह, भागी विवाह र चोरी विवाहको रूपमा देखापर्छ । समाज पेसाको आधारमा, लिङ्गको आधारमा र आर्थिक अवस्थाको आधारमा अनेक वर्गमा बाँडिएको छ र ती वर्गहरू बीच पारस्परिक सम्बन्ध केलाउँदा लैङ्गिक र आर्थिक शोषण गरी दुई प्रकारको शोषण देखिन्छ । लोकगीतका आधारमा यहाँका मानिसहरूको प्रमुख पेसा खेतीपाती र पशुपक्षीपालन देखिन्छ । यहाँ लगाउने पोसाक, पहिरन, गरगहनाको पनि यहाँ उल्लेख भएको छ । यसरी यहाँको लोकगीतको विश्लेषण गर्दा लोकगीत र समाजको अन्तरसम्बन्ध ज्यादै घनिष्ट देखापर्छ ।

## ५.७ अलङ्कार

अलङ्कार भनेको आभूषण हो । साहित्यमा भावनालाई यथासम्भव राम्रो र प्रभावकारी बनाउन चेष्टाबाटै अलङ्कार जन्मिएको हुन्छ । हुन त लोकसाहित्यकार वा गीतकार अलङ्कार हेरेर गीत बनाउदैनन् तैपनि बोलाई वा भनाईको प्रभावकारीतामै सुटुक्क अलङ्कार घुसेको हुन्छ । त्यसैले लोकगीतबाट अलङ्कार अलग्गिदैन । अलङ्कारले काव्यलाई अलङ्कृत तुल्याउँछ । काव्यमा शब्द र भाव गरी दुई स्तरमा अलङ्कारको प्रयोग हुन्छ । लोकगीतमा पाइने अलङ्कारलाई दुई तहमा नै हेर्न सकिन्छ । शब्दालङ्कार र अर्थालङ्कार

### ५.७.१ शब्दालङ्कार

शब्दालङ्कार शब्दको स्तरमा आउँछ । यसले काव्यको शब्द संरचनामा सौन्दर्य थपी श्रुतिमधुर ल्याउँछ । यहाँका लोकगीतमा शब्दालङ्कार अन्तर्गत अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास र केही मात्रामा श्रुत्यनुप्रासको प्रयोग भएको पाइन्छ ।

### ५.७.२ अर्थालङ्कार

शब्दको अर्थबाट व्यक्त हुने अलङ्कार अर्थालङ्कार हो । अर्थालङ्कारले काव्यलाई कलात्मक र सुन्दर बनाउँछ । लोकगीतमा पनि अर्थालङ्कारको सहज प्रयोग भएको हुन्छ । यसमा प्रयोग भएका शब्दहरूले प्रायः कोशीय अर्थ वा अभिधार्थ छोडेर व्यङ्ग्यात्मक अर्थ दिन्छन् । यस अन्तर्गत उपमा, रूपक, अतिशयोक्ति, अनुमान अर्थालङ्कार लोकगीतमा प्रयोग भएका देखिन्छन् ।

रोल्पामा गाइने लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कार दुवै पाइन्छन् । सबैजसो लोकगीतहरूमा शब्दालङ्कार नै पाइन्छन । अनि धेरैजसो लोकगीतमा अर्थालङ्कार पनि पाइन्छन् । शब्दालङ्कारमा सर्वाधिक अन्त्यानुप्रास र केही मात्रामा छेकानुप्रास, वृत्यनुप्रास आदिको प्रयोग भएको पाइन्छ । अर्थालङ्कार अन्तर्गतका उपमा, रूपक, अतिशयोक्ति स्वभावोक्ति, उत्प्रेक्षा आदि प्रयोग भएको छ । ती अलङ्कारहरूको सङ्क्षिरत परिचय र उदाहरण निम्नानुसारले प्रस्तुत गरिएको छ ।

**(क) अन्त्यानुप्रास**

गीतको चरणको अन्त्यमा समान वर्णका पद दोहोरिएको र तुकबन्धी मिलेका गीतमा अन्त्यानुप्रास अलङ्कार हुन्छ । गीतलाई रोचक, प्रभावकारी र मधुर बनाउन सबै गीतमा अन्त्यानुप्रास आवश्यक हुन्छ । अन्त्यानुप्रास बिनाका गीतमा रोचकता नै हुदैन । त्यसैले गीत बन्न प्रत्येक चरण अन्त्यानुप्रास सहित आएका हुन्छन् जस्तै :

आधा सगर कालो मैलो आधा सगर जुन
यति बेला दुलौनी सिन्दूर पैरी हुन् ।

सुनारैकी छोरी राम्रो सुनका गहनाले, सुनका गहनाले
जीउ त मेरो सुकिसक्यो, मनका लहनाले, मनका लहनाले

प्रस्तुत पहिलो रत्यौली लोकगीतको अंशमा आएको ‘जुन’ र ‘हुन’ शब्दको अन्त्यमा ‘न’ वर्ण रहेकाले अन्त्यानुप्रास मिलेको देखिन्छ । त्यसैगरी दोस्रो टप्पा लोकगीतको अंशमा

आएको ‘सुनका गहनाले’ र ‘मनका लहनाले’ पदावलीका अन्त्यमा समान वर्णका पद दोहोरिएकाले अन्त्यानुप्रासयुक्त अलङ्कार पुष्टि हुन्छ ।

**(ख) छेकानुप्रास**

एक वा एक भन्दा धेरै व्यञ्जन एक पटक मात्र दोहोरिएका हुन्छन् । अनेक व्यञ्जनको उसैक्रममा एकपटक मात्रै आवृति भएमा छेकानुप्रास हुन्छ । जस्तै:

तीज आयो राजै रमाउँदै झमाउँदै
छैन राजै मेरो नाकै लाउने नथिया

बटुकीमा तातो दुध तर खायो माखीले
टारैबाट क्यालाई हेर्च्यौ गाजली आँखाले

माथिल्लो गीतको अंशमा ‘राजै’ र ‘रमाउदै’ शब्दमा व्यञ्जन वर्णको एकपटक आवृत्ति भएको छ । त्यसैगरी तल्लो गीतको अंशमा आएका शब्द ‘तातो’ र ‘तर’ शब्दमा ‘त’ व्यञ्जन एकपटक आवृत्ति भएकोले छेकानुप्रास अलङ्कार देखिएको छ ।

**(ग) वृत्यनुप्रास**

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रम बिना एक पटक वा अनेक पटक आवृति भएमा वृत्यनुप्रास हुन्छ ।[१] जस्तै :

धवाङ खोलो धोइ धमिलो धोबीले धुनाले
नुन बिले झैं यो जिउ बिल्यो दिनको म रुनाले

शिरै लाउनी सिर्फूल त सन्दुरौमा राखिते
उघारे हेर्दा खेरी छैन राजै

माथिको परिभाषाका आधारमा माथिको गीतको अंशमा ‘ध’ व्यञ्जन वर्णको र ‘स’ व्यञ्जन वर्णको अनेक पटक आवृत्रि देखिएकाले वृत्यनुप्रास अलङ्कार पुष्टि भएको छ ।

**(घ) यमक**

शब्द वा शब्दांशको धेरै चोटि प्रयोग भई प्रत्येक चोटि त्यसको अर्थ सार्थक भिन्नार्थक वा निरर्थक पनि हुने भएमा यमक अलङ्कार हुन्छ ।[२] जस्तै :

उत्तमले लाएका उत्तम बस्त्र राम, मैला वस्त्र ध्रुवजीले लाई

---

[१] केशवप्रसाद उपाध्याय, **पूर्विय साहित्य सिद्धान्त** ते.स. (काठमाडौ, साझा प्रकाशन, २०५५) पृ. ११३)
[२] ऐजन, ११४ ।

राजा रानी उत्तम वगैंचामा गएका राम, ध्रुव पनि पछि पछि जाई

सालघारीमा सालको ठूटो बेलघारीमा बेल छ ।
हामी सित जानी भए उडाई लानी रेल छ ॥

माथिको गीतको अंशमा आएको 'उत्तम' शब्द पहिलो पटक नामका रूपमा व्यक्ति उत्तम नामको केटो जनाउन आएको छ । सोही गीतमा दोस्रो चोटि आएको उत्तमले राम्रो बस्त्रलाई जनाएकोले यमक अलङ्कार देखिएको छ । त्यसैगरी तल्लो गीतको अंशमा आएको 'साल' शब्दको आवृत्ति भएकाले यमक अलङ्कारलाई जनाइएको छ ।

**(ङ) उपमा**

कुनैपनि दुईथरी वस्तुमा एउटा वस्तुलाई अर्को वस्तुसँग दाँजेर फलानो वस्तु जस्तै भन्नु पर्दा उपमा अलङ्कार हुन्छ । यस्तो अलङ्कारमा उपमा दिइने वस्तु, उपमा गरिने वस्तु उपमा दिइने आधार र उपमा दिइने शब्द 'सरि' र 'जस्तै' चार तत्त्वको समावेश हुन्छ । जस्तै :

चरी भुरे जस्तो रैछ यिनी पापी चोला ।
यिनी चोला बिते पछि हुनी कसो होला ॥
पानीका फूल जस्तो मनुष्यको चोला ।
सत्धर्म भएदेखि प्रदर्शनी होला ॥

माथिको गीतको अंशमा मनुष्यको चोला (जिन्दगी) लाई पानीको फूल (फोका) उपमा राखेर समानता देखाई दाँजिएकोले उपमा अलङ्कार देखिएको छ ।

**(च) रूपक**

उपमेयमा उपमानको अभेद्य आरेप गरी फलाने नै फलानो भने झैं तोकेर देखाएमा रूपक अलङ्कारमा उपमा अलङ्कारमा हटाइएको हुन्छ । रूपकमा उपमेय र उपमानमा भिन्नता नराखी एउटै रूपमा बयान गरिन्छ । जस्तै :

तिमी मेरो आँखाको नानी ।
तिमी बिना एक्लै छ जवानी ॥

तिमी मेरो आँखाको तारा ।
तिमी नै हौं जीवनको साहरा ॥

माथि गीतको अंशमा तिमी (प्रेमिका) लाई आँखाको नानीसँग र आँखाको तारासँग अभेद्य आरोप लगाइएको रूपक अलङ्कार देखाइएको छ ।

**(छ) अतिशयोक्ति**

अभिव्यक्तिलाई प्रभावपूर्ण बनाउनका निम्ति कुनै विषयमा अति बढाई-चढाई गर्दा अतिशयोक्ति अलङ्कार बन्छ । स्वभाविक कुरालाई अस्वभाविक कुरासँग तुलना गरिएको हुन्छ । असम्भव कुरा बताइएको हुन्छ । जस्तै :

मायासँग भेट होला भनेर,
अग्लो डाँडा सम्मै छ खनेर ।

के दिनमा पोखरा झरियो,
रुदा रुदै फेवाताल भरियो ।

गाईको नाम गोपाले
लेखे चिठी आँशुको थोपाले

माथिका गीतका अंशमा अग्लो डाँडासम्म बनाउने उपमानका आरोप गरएको छ । त्यस्तै उपमेय आँखा उल्लेख नगरी रुदारुदै आँसुले फेवाताल भरिएको उपमानको प्रयोग गरी बढाई चढाई व्याख्या गरिएकाले अतिशयोक्ति अलङ्कार भएको छ । त्यसैगरी गीतको तेस्रो अंशमा उल्लेख गरिएको आँसुको थोपा उपमान हो भने यहाँ उल्लेख नभएको उपमेय म मसीको बढाइ चढाइ हो ।

**(ज) स्वभावोक्ति**

स्वभाविक रूपमा भएका वा हुने गरेका कुरालई व्यक्त गर्ने गीतहरूमा स्वभावोक्ति अलङकार हुन्छ । जस्तै :

भेरी अञ्चल रापती कर्णाली
आफ्ना-आफ्ना संस्कृति संगाली
अनेक भाषा छुन् थरी-थरी
सियो धागोले उनेको फूल सरी
मेची, काली, हिमाल, तराई
एउटै सन्तानका कोइ छोनौं पराई

प्रस्तुत गीतमा नेपालको प्राकृतिक सम्पदासँग यहाँको संस्कार संस्कृतिलाई तालमेल गराउन स्वभाविक रूपमा वर्णन गरिएको छ । नेपालको भौगोलिक बनावटलाई इङ्गित गर्दै प्रकृति संस्कृति भाषा आदि विषयलाई सान्दर्भिक रूपले व्यक्त गरेकोले यो स्वभावोक्ति अलङ्कारलाई अँगालेको पाइन्छ ।

**(झ) उत्प्रेक्षा**

कुनै स्वभाविक कुरालाई उपमेयमा उपमान वस्तुको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार बन्न जान्छ । यसमा स्वभाविक कुरालाई अर्कै रूपमा पनि सम्भावना देखाइएको हुन्छ । जस्तै :

माया तिमी जुन हौ कि तारा नै ।
छेउमा आउदा भाग्दिन्छ्यौ टाढा नै ॥

हातै तीता मुखै तीतो ऐरेलु खाइत्यौ कि ।
नीद लाग्दैन भोक लाग्दैन कैं काया लाइत्यौ कि ॥

माथिको गीतको अंशमा मायालाई 'जुन' र 'तारा' सँग तुलना गरिएको छ, जसमा माया उपमेय तथा जुन र तारा उपमानको सम्बन्ध देखाएकोले उत्प्रेरणा अलङ्कार जनाएको छ ।

**५.७.३ विम्ब र प्रतीक**

लोकगीतका सन्दर्भमा विम्ब एक किसिमको छायाँ हो । यसमा रचयिता आत्मालीन हुने प्रवृति हुन्छ । रचनाकारले आफ्नो मनका भावना कुनै वस्तुहरूमा आरोपण गरेको हुन्छ । त्यही वस्तुलाई विम्ब भनिन्छ । रोल्पामा गाइने विभिन्न लोकगीतहरूमा पनि अनेक विम्बहरू आएका हुन्छन् । जस्तै :

डाडाँमाको पिपलुता मैदानको चौपारी,
किन आउछ पुर्वे बतास पातै फरर ।
हाम्रा बाबा नेपाल, हाम्री आमा नेपाल,
किन आउछ पापी तीज मनै धरर ।

उक्त गीतमा विदेशमा भएकी छोरी र नेपालमा भएका आमा बाबाको तीजमा पनि भेट हुन नसकेको कुरा व्यक्त गर्न डाँडामाको पीपलु र मैदानको चौपारी जस्ता विम्ब प्रयोग भएका छन् ।

करिम कस्तो,

डाडाँमाको एकलो वर जस्तो ।

यस गीतमा जोडी पाउन नसकेर एक्लिएको व्यक्तिलाई वर जस्तो ठानिएको छ । त्यसैले यहाँ वर एक्लो व्यक्तिको विम्बको रूपमा आएको छ । यस्तै अन्य विम्बहरू पनि रोल्पाका विभिन्न लोकगीतहरूमा आएका हुन्छन् ।

जब मानिसलाई भाव व्यक्त गर्न शब्द पुग्दैनन् तब उसले सङ्केतको आड लिन्छ । त्यस्ता सङ्केतलाई नै प्रतीक भनिन्छ । यो कुरा अन्यत्र भन्दा साहित्यमा बढी प्रचलित हुन्छ । लोकगीतमा प्रतीक अभिव्यक्तिमा प्रभावकारीता भाषिक सौन्दर्य र भावगाम्भिर्य ल्याउने महत्त्वपूर्ण शैली बनेको छ । नेपाली लोकगीतमा यस्ता प्रतीकहरू लोक भूमिबाट आएका हुन्छन् । जस्तै : न्याउली चरी विरहीको प्रतीक, चखेवाको जोडी प्रेमी-प्रेमिकाको प्रतीक, घाम, आशाको प्रतीक, दोभान दोमनको प्रतीक, कमल सौन्दर्यको प्रतीक, बादल अवरोधको प्रतीक आदि रोल्पाका लोकगीतहरूमा पनि धेरै जसो यस्ता प्रतीकहरू प्रयोग गरिएको पाइन्छ । त्यसैले यहाँका लोकगीतहरूमा भावगान्भिर्यता पाइन्छ । जस्तै :

साउने औंसी दहको मेलामा भेट भा को हैन र सोल्टिनी

चखेवाको जोडी झैं बनेर माया ला को हैन र सोल्टिनी

मायाले बिर्सेर हो कि,

न्याउली चरी कराउनै छाड्यो नि ।

न्याउली रुन्छ विरह भाकामा,

छैन निद्रा यी प्यारा आँखामा ॥

उक्त गीतमा चखेवाको जोडी भनेर गहिरो प्रेम गर्ने प्रेमी-प्रेमिका जोडीलाई सङ्केत गरिएको हो । त्यस्तै न्याउली चरी कराउनै छोड्यो भन्नु पनि मायालुलाई सम्झना नै नगरेपछि बोलाउनु कराउनु पनि नपर्ने नै भयो भन्न खोजिएको हो । प्रेमि-प्रेमिकाको जोडी मध्ये कुनैको बिछोड भएमा उनीहरूको मन पनि न्याउली रोए झैं रुन्छ । त्यस्तो कुरालाई व्यक्त गर्न प्रेमी-प्रेमिका मध्ये कुनैले आफू न्याउली जस्तै विरही भएको कुरालाई न्याउली रुन्छ विरह भाकामा भन्ने गर्छन् । जस्तै :

बिना बादल असिना आउँदैन ।

माया लाग्छ बोलाउन सक्तिन ॥

यस गीतमा आफूलाई माया पर्ने मायालुलाई माया गर्न नदिने एउटा तŒव वा व्यक्तिलाई बादल मानिएको छ । जुन बादलले गर्दा नै उनलाई माया गर्न खोज्दा मायाको सट्टा असिनाको कुटाई पाइन्छ । त्यो बादलको अवरोध नभएको भए असिनाको कुटाईबाट पीडा हुने थिएन । त्यसैले अवरोधको प्रतिकको रूपमा 'बादल' र पीडा वा दुःखाईको प्रतीकको रूपमा 'असिना' आएका छन् ।

## ५.८ रस

"हृदयले जुनकुराको आस्वादन गर्छ वा स्वाद पाउँछ त्यो रस हो ।"[३] साहित्यमा रसको तात्पर्य आनन्दसित छ । रसका मुख्य आश्रम भाव हो । भाव भन्नाले मनका विभिन्न स्थिति र तरङ्ग बुझिन्छन् । काव्यमा विभाव, अनुभाव र व्यभिचारी वा सञ्चारी भावको संयोगद्वारा व्यञ्जित स्थायी भाव नै रसका रूपमा परिणत हुन्छ ।[४] यस्ता रस सामान्यतयाः ९ किसिमका छन् । ती हुन - शान्त, करुण, हास्य, वीर, रौद्र, अदभूत, श्रृङगार, भयानक र वीभत्स ।

लोकगीतमा पनि रस उत्पत्ति जीवनका सुख, चिन्ता, ग्लानी, विकृत रूप उन्माद, उत्साह, पराक्रम, डर/त्रास, आशा, निराशा, रोदन, शोक, सन्तोष आदिका कारणले हुन्छ । नेपाली लोकगीतमा यी मध्ये कुनै न कुनै कुरा मिसिएका हुन्छन् । यी कुराहरूको मिश्रण बिना गीत बनेको पाइदैन । रोल्पाका हालसम्म सङ्कलित नेपाली भाषाका प्रत्येक लोकगीतहरूमा उपयुर्क्त मध्ये कुनै न कुनै एउटा कुरा भए पनि आएको पाइन्छ । यहाँका समग्र लोकगीतहरूलाई हेर्दा श्रृङ्गार र करुण रसका गीतहरू धेरै पाइएका छन् । त्यस्ता गीतहरूको संक्षिप्त चर्चा र उदाहरण निम्नानुसार दिने प्रयास गरिएको छ ।

### ५.८.१ करुण रस

चिन्ता, ग्लानि, वियोग, शोक आदिलाई अभिव्यक्ति गर्दा करुण सरको उत्पत्ति हुन्छ । त्यस्ता कुराहरू व्यक्त गर्ने गीत करुण रसका गीत हुन् । रोल्पामा गाइने धेरै गीतमा यही रसको प्राचुर्यता पाइन्छ । तीजको गीतमा, रोपाइँको गीत वा अन्य जुनसुकै भाकाका गीतमा पनि करुण रस नै बढी पाइन्छ । उदाहरणका लागि यस्ता केही गीतको अंशः

**तीजे भाकाको गीतमाः**

रिमी झिमी पानी पर्‍यो शिरको टोपी भिजेन

[३] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली,** बाह्रौं सं. (काठमाडौंः सहयोगी प्रेस प्रा.लि., २०५७) पृ. २७९ ।
[४] ऐजन

सनिसार हेरे पनि मन बुझ्केन
काख छोडी गयौं आमा टुहुरी पारेर
कति बसूँ मेरी आमा मर्ने मारेर

**भ्याउरे भाकामा**

अध्याँरोमा आएछौ चेली काली छौं कि गोरी
मेरी आमा अभागिनी किन पाइथ्यौं छोरी
बाबाले दिम् भन्थे आमा मन नपरी
दैव दसा छुटाउने भेट गराउने हरि

**रोपाइँ गीत**

असारै मासको दबदबे हिलो गारुले कुचेको
हेर तो आमा दर्लामे चुल्ठो सौताले लुछेको
असार पन्ध्र जाँदा हिला माथि खोक
छोरीमा थिएँ बुहारी भएँ किन लाग्छ भोक

माथिका गीतको अंशमा नारीको वेदना कहिएको छ । उक्त वेदना शोक वा विपत्तिबाट आएकोले करुण रस देखिएको छ । माथिको पहिलो अंशको गीतलाई विश्लेषण गर्दा शोक स्थायी भावको रूपमा देखिएको छ, मृत आमा आलम्बन विभाव, आमाको गुण वा मातृत्व उद्‌दीपन विभाव, छोरीमा आएको रोदन वा छोरीले गरेको विलाप अनुभाव हुन् । त्यस्तै छोरीको चिन्ता आँसुलाई व्यभिचारी भावको भावको रूपमा लिन सकिन्छ ।

### ५.८.२ श्रृङ्गार रस

यस अन्तर्गतका गीतमा माया-प्रीति, रतिराग, वेशभुषा र रसरङ्गका कुराहरू अभिव्यक्त भएका हुन्छन् । हुन त सबै जसो प्रकारका गीत अन्तर्गत कम बेसी मात्रामा यस्ता गीतहरू गाइएका हुन्छन् तर विशेष रूपमा श्रृङगार रसका गीत अन्तर्गत रोल्पामा गाइने रत्यौली, भ्याउरे र अन्य गीतहरू पर्दछन् । जस्तै :

**टप्पागीत**

बाछीले धान खान लाइयो लेला बाछी लेला
कक्कर दिने पोइल गइए कक्कर को ले देलो
गोल्भिराको अचार बनाऊ तीतो भो करेली
मुखले बोले बाइलो हुन्च किम्काइदेऊ परेली

**फाङ्क भाकाको गीत**

गाई मेरो तिलुकी, बाछी मेरो औले-धौले गाई मेरो तिलुकी

गालीमा चिलूँ कि, मौरीको भेष गरी साइलाई गालीमा चिलूकि

माथिका गीतका अंशमा 'रति' वा 'प्रेम' स्थायी भावका रूपमा आएकाले श्रृङगार रसको आस्वादन गर्न सकिन्छ । पहिलो गीतको पहिलो अंशमा विप्रलम्भ श्रृङगार देखिएको छ भने बाँकी गीतका अंशमा संयोग श्रृङगार देखिएको छ । संयोग वा वियोग जे भएपनि श्रृङगार रसको गीतमा प्रेमको वर्णन हुन्छ । गीतको आधारमा समग्र विश्लेषण गर्दा के भन्न सकिन्छ भने रति वा प्रेम स्थायी भाव, तरुण आलम्बन विभाव, आँखा झिम्काउनु अनुभाव, गालामा चिलूँ (चुम्बन गर्नु) उद्दीपन विभाव, तरुनीमा देखिने लज्जा व्यभिचारी भाव भएकाले श्रृङगार रस पुष्टि भएको छ ।

**५.८.३ हास्य रस**

सामाजिक विकृति र विसङ्गीतलाई लक्ष्य गर्दै त्यस्ता विकृत रूपको हाँसो र ठट्यौलो पाराले व्यक्त गरिएका गीत हास्य रसका गीत हुन् । यस्ता गीतमा विनोद प्रियता मात्र नभएर त्यस्ता विकृति र विसङ्गीतमाथि तीखो व्यङ्ग्य प्रहार गरेका हुन्छन् । त्यसैले एकातिर त्यस पक्षमा सुधार ल्याउन घच-घचाइ रहेका हुन्छन् भने अर्कोतिर मानिसलाई सबै किसिमका पीडा भुलेर आनन्दमय जीवन बाँच्न पनि सहयोग पुऱ्याइरहेका हुन्छन् । रोल्पामा गाइने असारे, रत्यौली र अन्य गीतहरूमा त्यस्तो रस पनि पाइन्छ । जस्तै :

**रत्यौली भाकामा**

लेक-लेक धुपी हुन्छ खोला खोला झ्याऊ

दुलाकी दिदीलाई होतरेर ल्याऊ

लेक-लेक धुपी हुन्छ खोला खोला झ्याऊ

दुलाकी माइजूलाई होतरेर ल्याऊ

**झ्याउरे भाकामा**

केको खोपी के को खोपी गुच्चा खेल्ने खोपी

तरुनीको कम्मरमा तन्नेरीको टोपी

एउटा गोरु झाले माले एउटा गोरु फुर्के

तिम्रा बाको दाह्री जुँगा बञ्चराले खुर्के

माथिका गीतमा वाचक र श्रोता दुवैमा हाँसो आउँछ त्यही कारण दुवै हास्य रसका गीत हुन् भन्न सकिन्छ । दुवै हास्य रसयुक्त गीतको विश्लेषण गर्दा हाँसो स्थायी भाव हो । भाउजू, तरुनी, दिदी आलम्बन विभाव, होतरेर ल्याउनु, वञ्चराले खुर्कनु उद्‌दीपन विभाव हुन् । त्यसैगरी हाँस्नु (अव्यक्त) अनुभाव र हर्ष वा विष्मय (अव्यक्त) व्यभिचारी भावको रूपमा देखापरेको छ ।

### ५.८.४ शान्त रस

संसार दुःख-सुखमा जेलिएको छ । हामी जन्मेपछि एकपटक मर्नु नै पर्छ । त्यसैले दुःख परेको बेला आत्तिनु हुदैन र सुख पाएको बेला मात्तिनु पनि हुँदैन । सकेसम्म सुखी जीवन बिताउनु पर्छ । सुखी बन्न सन्तोष लिन सक्नुपर्छ । सन्तोषी बन्न विभिन्न किसिमका प्रलोभनमा परेर एकले अर्कालाई दुःख दिनुहुँदैन भन्ने भावनाले ओतप्रोत भएका गीत शान्त रसका गीत हुन् । रोल्पामा गाइने गीतहरू मध्ये धार्मिक गीत वा भजन कीर्तनहरूमा बढी शान्त रस पाइन्छ । अन्य गीतहरूमा पनि कहीं-कहीं शान्त रस भेटाउन सकिन्छ । जस्तै :

राम जपन, राम जपन
जिन्दगी हो सपना
राम जपन
धन्ने माता पृथ्वी बसुन्धरा माई
हरि-नरनारायण रायनमा बायु आधार राम
प्राण रचिउ सेवा गर्नलाई
अन्न पानी तृणा रचि शोभित बनाई
खुवाई प्राणी पालन गर्नलाई
धन्ने माता बसुन्धरा माई

कर्कलाको पानी जस्तो मनुष्यको शरीर
अजम्मरी लिए जस्तो तेज बरिलै
धन अघि लाग्दैन साथी पछि लाग्दैन
मै हुँ भन्ने बीर पनि एक्लै जानी हो ।

माथिका गीतमा शान्त वा निर्वेद स्थायी भावका रूपमा आएकाले शान्त रस हो । उक्त गीतको विश्लेषण गर्दा राम, नारायण, हरि आलम्बन विभाव, शयन, अन्नपानी

उद्दीपन विभाव, सबैलाई समान ठानेर हेर्नु जीन्दगीलाई सपना र कर्कलाको पानी अनुभावको रूपमा आएको छ, त्यसैगरी रामलाई सम्भेर धैर्य लिनु व्यभिचारी भावको रूपमा रहेकोले शान्त रस व्यक्त भएको छ ।

### ५.८.५ वीर रस

उत्साह, जोश, जाँगर र क्रान्तिका भावनाले भरिएका गीतहरू वीर रसका गीत हुन् । यस्ता गीतमा युद्धमा वीरता देखाउने वीर-वीरङ्गनाका जीवन तथा उनीहरूको वीरताको चित्रण गरिएको पाइन्छ । यस्ता गीतहरूले आफ्नो देश र समाजका लागि भलाई हुने काम गरौं भन्ने भावना जगाउन समेत सघाउ पुऱ्याउँछन् । रोल्पामा गाइने गीतहरू मध्ये विशेष रूपका वी रसपूर्ण गीतमा पर्वगीत अन्तर्गत श्याम्भो गीत र मालसिरी पर्दछन् । अन्य गीतमा पनि कतै-कतैवीर रसको आभास पाउन सकिन्छ । जस्तैः

**श्याम्भो गीत**

बायाँ र हातमा धनुष र समाई
दायाँ र हातमा तीर[२] श्याम्भो
साँच्चै रामजाली पुन रैछौ भने
ताराको धर्सा छिर[२] श्याम्भो
ए... श्याम्भो ताराको धर्सा छिर

**मालसिरी गीत**

बीससय बली चढेका तिम्रा थानमा
नर लोकको जात्रा आयो तिम्रो थानमा
देश र दुनियाँ आया नर-नामा
हैकम पुग्यो पूर्व र पश्चिममा

परिभाषाको आधारमा विश्लेषण गर्दा उक्त दुवै गीतमा युद्ध, दया, दान, धर्म आदिमा उत्साह वा सक्रियता देखाएकोले आलम्बन विभाव (शत्रु) अव्यक्त छ । दुवै गीत वीर रसका उदाहरण हुन् । दुवै गीतमा आएको उत्साह स्थायी भाव हो । त्सैगरी गीतमा उद्दीपन विभाव शत्रुको बल (अव्यक्त) देखिन्छ । त्यसैगरी गर्वयुक्त वाणीलाई अनुभावको रूपमा लिइन्छ । भने व्यभिचारी भावको रूपमा पूर्व र पश्चिमलाई लिन सकिन्छ ।

## ५.९ निष्कर्ष

यसरी रोल्पाली लोकगीतको विश्लेषण गर्दा ती लोकगीतमा यहाँका लोकजीवनको सजीव चित्रण पाउन सकिन्छ । ती गीतहरूले यहाँको समाजमा भएका मेलमिलाप र सद्भावका साथै शोषण, दमन, विकृति विसङ्गीतको पनि अभिव्यक्ति गरेका छन् । यसबाट यहाँका समाजमा कुन पक्षले कसरी राम्रो वा नराम्रो प्रभाव पारेको छ भन्ने कुरा समेत थाहा पाउन सकिन्छ । यहाँको लोकजीवनको साँस्कृतिक चित्रण संस्कार गीत र पर्वगीतले गरेको छन् । यहाँको प्रत्यक्ष प्रभाव पार्ने महत्त्वपूर्ण कुरा आर्थिक पक्ष हो । यहाँका धेरैजसो मानिसको मुख्य पेसा कृषि हो । त्यो पनि परम्परागत प्रणाली नै रहेको छ । त्यसैले बढ्दो जनसङ्ख्याको आवश्यकता पूरा गर्न सकिरहेको छैन् । त्यसैले यहाँको खानपान र वेषभुषा पनि सामान्य नै छ । यस्तो कुराको चित्रण यहाँका कर्मगीत र झ्याउरे तथा विविध भाकाका गीतले गरेका छन् । ती गीतहरू यहाँको लोकजीवनले जस्तो भाषा बोल्छ, त्यस्तै भाषामा गाउने गर्छन् । त्यसैले रोल्पाका गीतमा त्यहाँका भाषिका र व्यक्ति बोलिको प्रभाव पाइन्छ । ती गीत साल भाषामा गाइए पनि श्रुतिमाधुर्य लय, भावमा सौन्दर्यता थप्ने विभिन्न अलङ्कार र भावमा गाम्भिर्यता ल्याउने अन्य विम्ब र प्रतिकहरूको पनि यथोचित प्रयोग भएको पाइन्छ । जीवनका सुख-दुख, हर्ष उत्साह, उमङ्ग आदिको अभिव्यक्ति यहाँका लोगीतले गरेको हुँदा ती गीतमा विभिन्न रसभाव पनि पाइन्छन् । त्यसैले त्यहाँका लोकगीतमा साहित्यिक आस्वादन पनि पाउन सकिन्छ ।

## परिच्छेद-छ

# उपसंहार

### ६.१ सारांश

'रोल्पा जिल्लामा प्रचलित लोकगीतको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र अनुसन्धान विधिको प्रयोग गरी लेखिएको छ । यो शोधपत्र छ परिच्छेदमा सङ्गठित छ । पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यसमा विवेच्य जिल्लालाई सामाजिक बसोबासका रूपमा हेर्दा विभिन्न जातजाति र धर्म मान्ने मानिसहरू रहेका छन् । तिनीहरूमा भाषिक विविधता पाइन्छ । बहुलताको दृष्टिले हेर्दा क्षत्री जाति, हिन्दू धर्मावलम्बी र यी लोकगीतमा सामाजिक परिवेश, ऐतिहासिक परम्परा, पौराणिक मान्यता, साँस्कृतिक परम्परा, आर्थिक अवस्था, शैक्षिक गीतविधि, धार्मिक विश्वास आदिको अभिव्यक्ति पनि भएको पाइन्छ ।

दोस्रो परिच्छेदका रूपमा जिल्लाको सङ्क्षिप्त परिचय रहेको छ । रोल्पा जिल्ला अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने एउटा पहाडी जिल्ला हो । यो जिल्ला नेपालको इतिहासमा अति चर्चित र इतिहास, संस्कृति तथा लोकसाहित्यमा पनि आफ्नै पहिचान भएको जिल्ला पनि हो । विकास निर्माणमा पछाडि परेको यो जिल्लामा सबै गाउँ नै गाउँ भएको हुँदा अधिकांश मानिस खेतीपातीमा नै निर्भर छन् । दुईवटा निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लाभित्र मगर, क्षत्री, ब्रहामण, विभिन्न जातजाति र दलितहरू पनि आदिवासीका रूपमा बसोबास गर्दै आएका छन् । यिनै जातजाति र भाषा भाषीहरूको बसोबास रहेको यस जिल्लाको साझा सम्पत्तिका रूपमा रोल्पा जिल्लामा प्रचलित लोकगीतलाई लिन सकिन्छ । यहाँको सामाजिक साँस्कृतिक परिवेशलाई विषयवस्तु बनाएर विभिन्न चाडपर्व तथा मेलाजात्राहरूमा लोकभाकाले महत्त्वपूर्ण स्थान लिएर परिचित भएको छ । यहाँका प्राकृतिक सम्पदामा विभिन्न गीत सङ्गीतहरूले नाता सम्बन्ध जोडेर महत्त्वपूर्ण उचाइलाई निर्धारण गरेको छ ।

तेस्रो परिच्छेदको रूपमा लोकगीतको परिचय र सिद्धान्तलाई राखिएको छ । यसमा लोकगीत मौखिक परम्परामा एक व्यक्तिबाट अर्को व्यक्ति, एक स्थानबाट अर्को स्थान र एक पुस्ताबाट अर्को पुस्ता हुँदै विस्तारित, विकसित एवम् युगौं युगदेखि जीवित रहँदै आउने विधा भएकोले विभिन्न क्षेत्रको भ्रमण गर्ने क्रममा अभिव्यक्तिगत, स्थानगत, कालगत र अवसरगत विभिन्नताका कारण, भिन्न-भिन्न स्वरूप देखापर्छ । लोकसाहित्य लोकजीवनका

मौखिक परम्परामा हुर्केको जनसाहित्य हो । लोकगीत नदीको प्रवाह जस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव समाजलाई गीतशीलता दिने काम गर्दछ । लोकगीत भनेको लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ । लोकजीवनको रागात्मक, स्वतस्फूर्त, लयात्मक अभिव्यक्ति हो । लोकगीत परम्परादेखि अलिखित रूपमा श्रुतिपरम्पराबाट हालसम्म प्रचलित रहेको देखिन्छ । यसमा ग्रामीण अशिक्षित जनताका आडम्बर बिहीन स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति पाइन्छ ।

चौठो परिच्छेदमा रोल्पाली लोकगीतको परिचय र वर्गीकरण राखिएको छ । लोकसमाजमा विभिन्न प्रकारका लोकगीतहरू पाइन्छन् । यसै परिप्रेक्ष्यमा रोल्पा जिल्लामा पनि विभिन्न प्रकारका लोकगीतहरू विद्यमान छन् । यहाँका सङ्कलित विविध लोकगीतहरूको प्रकृति र प्रवृत्तिहरूलाई केलाउँदा गायन अवसरका आधारमा संस्कार गीत, ऋतुकालीन पर्वगीत, कर्मगीत, बाह्रमासे र धार्मिक गीत गरेर वर्गीकरण गरी क्रमशः विश्लेषण गरिएको छ । यस जिल्लामा प्रचलित संस्कार गीतहरूमा मागल, रत्यौली, ऋतुकालीन पर्वगीतहरूमा तीज, देउसी, भैलो, मालसिरी, भलपूजा र श्याम्भो, कर्मगीतहरूमा झारी, दाइँ र हैंसा, धार्मिक गीतहरूमा भजन, कीर्तन र ब्रत तथा बाह्रमासे गीतहरू- बालगीत, सिंगारुगीत, टप्पा झ्याउरे, ठाडो, भाका लगायत विविध गीतहरू पाइन्छन् । यस जिल्लामा प्रचलित लोकगीतलाई यहाँका लोकगायकले साधारण पोसाकमा वा सिंगारिएको पोसाकमा एकल, युगल वा सामूहिक रूपमा बाद्यबादनसहित वा बाद्यवादनरहित, नृत्यसहित वा नृत्यरहित आदि विभिन्न किसिमले प्रस्तुत गरेको पाइन्छ । कतिपय गीतहरू पुरुषले मात्र र कतिपय गीतहरू महिलाहरूले मात्र गाउने गरेको देखिन्छ । यस जिल्लाका अधिकांश गीतमा सामाजिक जनजीवनको सजीव चित्रण पाइन्छ । त्यहाँको लोकजीवनका मूल्य, मान्यता, संस्कार र स्तरलाई समेत झल्काएका छन् । यसरी समग्रमा भन्नुपर्दा रोल्पाका लोकगीतले त्यहाँको लोकजीवनको सङ्गोपाङ्ग परिचय दिएका छन् ।

पाँचौ परिच्छेदमा विवेच्य जिल्लाको लोकगीतको विश्लेषण रहेको छ । यस जिल्लाका अधिकांश गीतमा सामाजिक सम्बन्ध र जीवन भोगाइका तीता-मीठा अनुभवहरू, आर्थिक विपन्नताले घर छाड्नुपर्ने बाध्यता मिलन विछोडको अभिव्यक्ति आदि यहाँको लोकगीतमा भेटिन्छन् । सदाबहार वृद्धाजस्ता यहाँका बाह्रमासे मुक्तगीतले बालकदेखि वृद्धसम्मका सबै

व्यक्तिलाई मनोरञ्जन एवम् आत्मसन्तुष्टि प्रदान गरेका छन् । यस जिल्लाका युवा-युवती बीचको सुमधुर सम्बन्ध, माया प्रेम एवम् कारुणिक अभिव्यक्तिहरू प्रस्तुत भएको पाइन्छ । हिन्दू नारीहरूका लागि अत्यन्त महत्त्वपूर्ण मानिने तीज पर्वमा गाइने गीतका लैङ्गिक भेदभाव, लोग्नेको यातना, बुहार्तनको कठिन जीवन, विधुवा जीवन, शिक्षाबाट बञ्चित हुनुपरेको पीडा नारी समस्याका अभिव्यक्ति आदि पाइन्छन् । यसैगरी राष्ट्रिय महत्त्व पाएको तिहार पर्वसँग सम्बन्भ राख्ने ध्याउँसिरे तथा भैली गीतले समाज तथा संस्कृतिका विविध पक्षलाई समेटेको पाइन्छ । यहाँको समाजमा विद्यमान विभिन्न संस्कारहरूमा गाइने मागल, रत्यौली आदि गीतको पनि आफ्नै प्रकारको महत्त्व रहेको छ ।

विविध सामाजिक र साँस्कृतिक परिवेशमा रहेका सरल, स्वभाविक र निश्छल यहाँको लोकजीवनमा कहिले हर्ष, उमङ्ग र सुखः शान्तिका कुरा आउँछन् । भने कहिले दुःख, पीडा, विरह, वेदना आदि पनि आइपर्छन् । यिनै कुराहरूले सरल र स्वभाविक लयात्मक अभिव्यक्ति नै यहाँका लोकगीतमा पाइएकाले ती गीतहरूमा रस विविधता देखिन्छ । यहाँ गाइने धेरैजसो गीतहरू करुण र शृङ्गार रसप्रधान देखिन्छन् । रत्यौली गीतमा हास्यव्यङ्ग्य चेत पाइन्छ भने हैंसा र श्याम्भो गीतमा वीर रस पाइन्छ । त्यस्तै ठाडो भाकाका गीत, झ्यारे गीत आदिमा शृङ्गार रस तीव्र पाइन्छ भने सिंगारु गीत टप्पा गीत, भलपूजा गीत आदिमा करुण रस प्रबल भएर आएको पाइन्छ । मालसिरी गीतमा भक्तिरस पाइन्छ । यस्ता विविध रसलेयुक्त लोकगीतका गायक-गायिका अनपढ, अशिक्षित, ग्रामीण झुत्रेझाम्रे महिला पुरुष नै हुन् तापनि विम्ब, प्रतीक, अलङ्कार एवम् छन्द जस्ता कुराहरू स्वतःस्फूर्त रूपमा आएर लोकगीतलाई प्रभावकारी बनाएको पाइन्छ । यहाँ गाइने धेरैजसो गीतहरूमा यहाँका प्रचलित भाषिका, विभिन्न थेगोहरू र स्थानीय ठाउँका नामहरूको प्रचुर प्रयोग गरिएको देखिन्छ । यस आधारमा पनि त्यस्ता गीतलाई रोल्पाली गीत नै हुन् भनी किटानका साथ भन्न सकिन्छ । यहाँका कतिपय लोकगीतहरू वर्णनात्मक एवम् सवादात्मक शैलीमा प्रस्तुत गरेको पइन्छ भने कतिपय लोकगीतहरूमा अन्तर्हृदयका भावनाहरूलाई एकलापीय रूपमा प्रस्तुत गरिएको पाइन्छ । यहाँका लोकगीतहरू एकल, युगल, सामूहिक एवम् अभिनयात्मक रूपमा समेत प्रस्तुत गरिएको भेटिन्छ ।

## ६.२ निष्कर्ष

अन्तमा यस अध्ययनमा सिङ्गो रोल्पाली लोकगीतलाई समेट्ने प्रयास गरिएको छ । यी गीतका माध्यमबाट यहाँको समाजका धार्मिक, साँस्कृतिक, आर्थिक, शैक्षिक आदि विविध

अवस्थाको पहिचान हुन गएको छ । यसका साथै यस अध्ययनमा यहाँको लोकगीतको अवसर र वैशिष्टयको पहिचान गरिएको छ । प्रस्तुत शोधपत्रमा रोल्पाली नेपाली लोकगीतलाई मात्र समेटिएकाले यहाँ प्रचलित लोकसाहित्यका अन्य विविध विधाहरू अध्ययनबाट टाढा रहेका छन् । रोल्पाली लोकसाहित्यका समबन्धमा अध्ययन गर्न सकिने प्रशस्त सम्भावनाहरू देखिन्छन् । लोकगीतमा मात्र केन्द्रित भएर अध्ययन गर्नका लागि पनि अझ प्रशस्त सम्भावना रहेका छन् । त्यसैले आउँदा दिनहरूमा शोधकार्य गर्नका लागि निम्नलिखित शोध शीर्षकहरू उपयुक्त देखिन्छन् ।

(क) रोल्पा जिल्लामा प्रचलित लोककथाको अध्ययन

(ख) रोल्पा जिल्लामा प्रचलित टुक्काको सङ्कलन र विश्लेषण

(ग) रोल्पा जिल्ला र अन्य जिल्लाका गाउँखाने कथाहरूको तुलनात्मक अध्ययन

# परिशिष्ट

## अध्ययनका क्रममा सङ्कलन गरिएका विभिन्न गीतहरू

### संस्कार गीत

### १. मागल

(क) माइतीघरमा दुलहीलाई घर पठाउँदा गाइने मागल

पञ्चैबाजा साइत गरौं
अछिता कलस साइत गरौं
डोली पाल्की साइत गरौं
दुलाहा-दुलही साइत गरौं
भारी-भरिया साइत गरौं ।

(ख) माया भन्न लीयौं शुभलगन पऱ्यै
पञ्च जायौ शुभलगन पऱ्यै
अछिता कलशया शुभलगन पऱ्यै
दुलहा-दुलही शुभलगन पऱ्यै
डोली पाल्कीयौ शुभलगन पऱ्यै
भारी भरिया शुभलगन पऱ्यै
डाली मान्द्री शुभलगन पऱ्यै
सिन्दुर पोतेयौ शुभलगन पऱ्यै
भातभत्याश्य शुभलगन पऱ्यै
दुना पतरीयौ शुभलगन पऱ्यै ।

(ग ) दुलहीलाई दुलहाको घरमा भित्र्याउँदाको मागल

पञ्चैबाजा भित्र्याऊँ
अछिता कलश भित्र्याऊँ
दुलाहा-दुलही भित्र्याऊँ
भारी-भरिया भित्र्याऊँ

(स्रोत : शर्मिला आचार्य, लिवाङ)

(घ) पात टिप्दा गाइने मागल

यिनै पात हरिया यिनै पात पहेंला
सोही पात सिन्दुरैका वान
दुलहाका फुपाजूका बीजैसरे दन्त

सोही दन्त सुहाइजाला पान
यिनै पात हरिया, यिनै पात पहेंला
सोही पात सिन्दुरैका वान
दुलहाका काकाका बीजैसरे दन्त
सोही दन्त सुहाइजाला पान
यिनै पात हरिया, यिनै पात पहेंला
सोही पात सिन्दुरैका वान
दुलहाका ठुलाबाका बीजैसरे दन्त
सोही दन्त सुहाइजाला पान
यिनै पात हरिया, यिनै पात पहेंला
सोही पात सिन्दुरैका वान
दुलाहाका बाबाज्यूका बीजैसरे दन्त
सोही दन्त सुहाइजाला पान

(स्रोत : सुन कुमारी परियार, बाजबिसौना)

(ङ) टिप रे टिप रे हरिया पात टिप रे
जुरी जुरी आयो भन्छन् शुभलगन
बनाऊ रे बनाऊ रे जरी कसार बनाऊ रे
जुरी जुरी आयो भन्छन् शुभलगन
कुट रे कुट रे चिउरी कुट रे
जुरी जुरी आयो भन्छन् शुभलगन
खुट रे खुट रे हरिया पात खुट रे
जुरी जुरी आयो भन्छन् शुभलगन
गाँस रे गाँस रे टपरी गाँस रे
जुरी जुरी आयो भन्छन् शुभलगन ।

(च) आज र सम्मन बाबै काख थिएँ
आज र बाट ससुरा काख गएँ
अब देखि हाम्रा बाबा भयौ बिराना ।
आज र सम्मन आबै काख थिएँ
आज र बाट सासु काख गएँ
अब देखि हाम्री आबै भयौ बिरानी

आज र सम्मन दाजै काख थिएँ

आज र बाट जेठाजु काख गएँ

अब देखि हाम्रा दाजै भयौ बिराना ॥

(स्रोतः पवित्रा न्यापाने/ लिला आचार्य, लिवाङ-७, रोल्पा)

**२. रत्यौली / रतेली**

(क) आधा सागर कालो मैलो आधा सागर जून

यति बेला दुलौनीले सिन्दूर पैरी हुन्

आधा सागर कालो मैलो आधा सागर जून

यति बेला दुलौनीले औंठी पैरी हुन्

आधा सागर कालो मैलो आधा सागर जून

यति बेला दुलौनीले लुगा पैरी हुन्

आधा सागर कालो मैलो आधा सागर जून

यति बेला दुलौनी तब सातै बसी हुन् ।

(ख) दुलाको धुरीमा फुर्चे कुपिन्नो

दुलाकी आमालाई पार उभिन्नो

दुलाको धुरीमा फुर्चे कुपिन्नो

दुलाकी दिदीलाई पार उभिन्नो

दुलाको धुरीमा फुर्चे कुपिन्नो

दुलाकी फुपूलाई पार उभिन्नो

दुलाको धुरीमा फुर्चे कुपिन्नो

दुलाकी बैनीलाई पार उभिन्नो ।

(ग) लेक-लेक धुपी हुन्छ खोला खोला भ्याऊ

दुलाकी दिदीलाई होतरेर ल्याऊ

लेक-लेक धुपी हुन्छ खोला खोला भ्याऊ

दुलाकी आमालाई होतरेर ल्याऊ

लेक-लेक धुपी हुन्छ खोला खोला भ्याऊ

दुलाकी माइजुलाई होतरेर ल्याऊ

(स्रोत : पार्वती आचार्य, विष्णु आचार्य, सुमित्रा शर्मा, सीता शर्मा)

### ३. तीजका गीत

(क) तीज आयो राजै रमाउँदै झमाउँदै
छैन राजै मेरो नाकै लाउने नथिया
पख-पख रानी नेपालबाट ल्याइदिम्ला
तब पो लाउली रानी नाकै लाउने नथिया
तीज आयो राजै रमाउँदै झमाउँदै
छैन राजै मेरो शिरै लाउनी शिरफूल
तीज आयो राजै रमाउँदै झमाउँदै
छैन राजै मेरो गोडी लाउने पाइजम
पख-पख रानी नेपालबाट ल्याइदिम्ला
तब पो लाउली रानी गेडी लाउने पाइजाम ।

(स्रोत : शर्मिला आचार्य-लिवाङ ६ रोल्पा, विर बहादुर कवर लिवाङ-७)

(ख) माथिबाट डाँफेचरी झऱ्यो, बरिलै तोरीको बीऊ खान
माइती देश नगएको धेरै भो, बरिलै मन लाग्च रोइरन
माथिबाट कोइलीचरी झऱ्यो, बरिलै मकैको बीऊ खान
माइती देश नगएको धेरै भो, बरिलै मन लाग्च रोइरन
माथिबाट मैनाचरी झऱ्यो, बरिलै धानको बीऊ खान
माइती देश नगएको धेरै भो, बरिलै मन लाग्च रोइरन

(स्रोतः शर्मिला आचार्य, लिवाङ)

(ग) त्यो पारी पाखामा गुरुङ्ग गुरुङ्ग बाजा
बाबाले कान्छीआमा ल्याए बरिलै
कान्छीआमा ल्याएका बाबा हुन्छन् बिराना
जन्म दिने आमा गइन् नदी तिरमा
सौतेनी आमासँग म त बस्न सक्तिन
मलाई पनि लजाऊ आमा तिम्रो साथमा
गैसकेकी आमाले के को साथ लिदी हुन्
सनिसार हेरेर बस बरिलै
रिमी-झिमी पानी पऱ्यो शिरको टोपी भिजेन
सनिसार हेरे पनि मन बुझेन
काख छोडी गयौ आमा टुहुरी पारेर

कति बसूँ मेरी आमा मनै मारेर
घरभरि ढली-मली कान्छीआमा गर्दैछिन्
मै टुहुरी चेली भनी गाली गर्दैछिन्
आकासमा मण्डल मार्ने काली काग खरर
मेरी आमा सुरजेलाई देख्यौ देखिनौं ?
देख्न पनि देखे थे खबर पनि पाए
तिम्री आमा सुरजे त बैकुण्ठमा छिन
शिरै लाउने शिरफूल त बैकुण्ठमा पाम्लानी
जन्म दिने मेरी आमा कहाँ पाम्लानी
बरु लैजा काली काग, शिरै लाउने शिरफूल
जन्म दिने आमासँग भेट गराइदे ।

(स्रोत : बन्दना गुरुङ्ग, पार्वती गुरुङ्ग- रोल्पा)

(घ) बाउ-आमाका हामी छोरी धेरै जना भएर
बबा-आमा पढाऊ अब सन्तान सम्फेर
घाँस-दाउरा, सोत्तर-स्याउला होइन अब कटाउने
ऐन बन्यो आमा अब छोरी पढाउने
छोरी पनि बाबा तिम्रो मुटुको त्यो घाऊ
पढ्न लेख्न पाए भने राख्छन् आफ्नो नाऊ
छोरीलाई नी पढाऊ आमा छोरासँगै सरासर
यिनले पनि गर्छन् काम छोरा बराबर
शिक्षा पाए छोरी पनि हुन्छन् डाक्टर पाइलट
अभ्रै पनि छोरी जन्म किन भ्रन्भ्रट
खसी बोका होइन छोरी बेचिकन बेचिने
सधैंभरी अन्यायमा चुप बसने
कन्यादान ठूलो दान होइन आमा तिमीलाई
दान दिन्छौ भने देऊ शिक्षा हामीलाई
अंश पनि चाहिदैन, दाइजो पनि चाहिदैन
छोरा जस्तै शिक्षा देऊ अब छोरीलाई
छोरा ठूला भएपछि पाल्थन भन्ने रहर
छोरीलाई शिक्षा दिन्नौ रुन्चिन धरर

छोरालाई काखा र छोरीलाई पाखा नगर
बबा आमा रुन्चन घरमा, छोरी पराई घरमा
विलौना गाउँचिन् छोरी भीर पाखामा
छोरा र छोरीलाई एकै व्यवहार गर्नुहोला
छोरीलाई शिक्षा दिन कम्मर कस्नुहोला ।

(ङ) श्रीमती - जैले पनि तीजमा नपाइने छुट्टी
बिदा मागी आए पनि हुन्थ्यो एकचोटी
कुन ठाउँमा डिउटी गर्छौ कुन जिल्लामा छौ प्यारा
तीजमा कति रुने हो तिम्लाई सम्झेर ।

श्रीमान - कैले कतै, कैले कतै ठेगान छैन पियारी
यो बिरानो मुलुकमा बसौं के गरी
आउलान स्वामी भनी तिम्ले गर्दै हौले ठूलो आस
अहिले पनि हुने भयो जङ्गलको बास ।

श्रीमती - अशान्तिले पाइला चाल्यो जङ्गलको बास भयो
यो लडाइले कतिको तज्यानै नाश भयो
तिमी पनि राइफल समाई गर्छौ डिउटी
सम्झिएर मेरो मुटु पोल्छ भतभती ।

श्रीमान - रातभरि डिउटी गर्छु अन्धकार वनमा
कतिखेर ज्यान जान्छ डर छ मनमा
बाल-बच्चाको सम्झनाले सताइरन्छ मलाई
कति दिन बस्नु प्यारी मुटु जलाई ।

श्रीमती - हामी जस्तै चेलिका कति सिन्दुर पुछियो
रगतले आफ्नै देशको माटो मुछियो
आमाको काख रित्तिएर भइराछ बेहाल
कुन हालतमा पुग्ने होला हाम्रो नेपाल ।

श्रीमान - सबैका छन् छोरा-छोरी बाबा र आमा
भाइ-भाइमा लड्नु पर्‍यो हाम्रो नेपालमा
हामी जस्ता युवाको कति गयो ज्यान
बाँच्न पनि गाह्रो भयो दुःखी जीवन ।

(च) खाल बरै खाल खाल, हेम्पै नानीलाई
खालै बैनी खालै स्यामैनानीलाई
मर्ने मान्छे मरी जान्छ जोवनलाई सालै स्यामैनानीलाई
हे नाच नाच हेम्पै नानी जोवनलाई सालै स्यामैनानीलाई
हे वर्षदिनको तीजै आयो
जोवनलाई सालै स्यामैनानीलाई[२]
हे फन्की नाच हेम्पै नानी[२]
भनी सानी स्यामैनानीलाई[२]
हे यो सालको तीजमा नाच्ने[२]
आइसाल कता जाने स्यामैनानीलाई[२] ।

(स्रोत : मैमन कवर, लिवाङ-७ बामरुक)

(छ) तीजमा पनि माइत जान पाइन र
रोएर बित्यो मेरो रात बरीलै
सिरै लाउने सिफूले कागतुमा केरेर
रोको हुनन् सङेसाथे यतै हेरेर
चरी भरर निङली गाँजैमा
मलाई सम्झि रोइन आमा झम्के साँझैमा
ऐले तीजमा माइत जान पाइन र
बाबैका मनमा छैन उजेलो ।

(स्रोतः शर्मिला आचार्य लिवाङ-६, रोल्पा)

## ४. नवदुर्गा / मालसिरी गीत

(क) माइको मुला सितान दाखिन खण्डमा
त्यहाँ देखि जोन्देगरि आएँ उत्तर खण्डमा
बीससय बली चढेका तिम्रा थानामा
साँझेली उदायो साइकुमारीमा
नरलोकको जात्रा आयो तिम्रो थानामा
देश र दुनियाँ आया नर-नामा
कालीका माइले बरदान दिन्छन् भनी
हैकम पुग्यो पूर्व र पश्चिम ।

(ख) जयदेवी माइ तिमी भवानी
प्रथमा र देवी तिमी हौ भवानी
जगतकै तिमी हौ दाइना
सोह्रौ सिंगारकी कन्या रूपैले माई
जगतकै तिमी हौ दाइना रे
काँ हो रे माइ तिम्रो गाउँ र ठाउँ
काँ हो रे माइ तिम्रो डेरा रे
अक्कास हो नि हाम्रो गाउँ र ठाउँ
हाम्रो डेरा पाताल हो रे
जयादेवी माइ तिमी भवानी
जगतकी हौ तिमी दाइना रे ।

(स्रोतः सन्तराम गन्धर्व, रोल्पा)

(ग) जयदेवी भैरव गोरखनाथ
दर्शन दिन्छन् भवानी रे
परेवाका घरस्थापना
दुजको दुजै पूजा
तीजको पनि तीजै पूजा
पञ्चमीको पञ्चवल
षष्ठीको षष्ठी पूजा
सप्तमीको फूलपाती
अष्टमीको अष्टमी पूजा
नवमीको कालरात्री
दशमीको तिलकपाती रे
जयदेवी भैरवी गोरखनाथ
दर्शन दिन्छन् भवानी रे
प्रथमा देवीज्यू त उत्पन्न भयौ
कैलासमा जन्म भयो रे
जगतमा झकमक भयौ रे
तिम्रा साथ चौतीस देवी,चौसट्ठी जोगेनी रे
सपना दियौ माइ गोरखनाथको

भैरवी देवी माइ रे
जय देवी भैरवी गोरखनाथ
दर्शन दिन्छन् भवानी रे
काँ हो तिम्रो जन्मभूमि
तिम्रो डेरा काँ हो रे
गाउँ-ठाउँ पातालका बर दाइ रे
जैदेवी भैरवी गोरखनाथ
दर्शन दिन्छन् भवानी रे

(स्रोतः बाबुलाल बादी, लिवाङ-७)

**५.देउसिरे/ ध्याउँसिरे गीत**

| **भट्याउने** | **समूह** |
|---|---|
| आहै- भन भन साथी | ध्याउँसिरे |
| आहै- सबैले भन | ध्याउँसिरे |
| आहै- स्वर मिलाइकन | ध्याउँसिरे |
| आहै- बजाउनेको | ध्याउँसिरे |
| आहै- तालै राखी | ध्याउँसिरे |
| आहै- वर्ष दिनको | ध्याउँसिरे |
| आहै- तिहारैमा | ध्याउँसिरे |
| आहै- राम्रै घरको | ध्याउँसिरे |
| आहै- दलानैमा | ध्याउँसिरे |
| आहै- आयौं हामी | ध्याउँसिरे |
| आहै- आए भनी | ध्याउँसिरे |
| आहै- पीर बाधा | ध्याउँसिरे |
| आहै- औसर माफ | ध्याउँसिरे |

(स्रोत : होम बहादुर डाँगी लिवाङ-७ पहाना)

| **भट्याउने** | **समूह** |
|---|---|
| ए- उनै र दिनमा | ढ्याउँसिरे |
| ए- बलिराजाले | ढ्याउँसिरे |
| ए- चलाएका | ढ्याउँसिरे |
| ए- रीति थाम्न | ढ्याउँसिरे |

| | |
|---|---|
| ए- आएका हामी | ढ्याउँसिरे |
| ए- उनै र कालमा | ढ्याउँसिरे |
| ए- कसोगरी | ढ्याउँसिरे |
| ए- बाजा बने | ढ्याउँसिरे |
| ए- कहानी भन्चु | ढ्याउँसिरे |
| ए- साथी भाइले | ढ्याउँसिरे |
| ए- स्वरै मिलाऊ | ढ्याउँसिरे |
| ए- उनै कालमा | ढ्याउँसिरे |
| ए- बलिराजाले | ढ्याउँसिरे |
| ए- भन्सुतेको | ढ्याउँसिरे |
| ए- टाउको काटी | ढ्याउँसिरे |
| ए- डमा बनाए | ढ्याउँसिरे |
| ए- औंला काटी | ढ्याउँसिरे |
| ए- डमाका गजा | ढ्याउँसिरे |
| ए- घाँटी र काटी | ढ्याउँसिरे |
| ए- डौंरा बजाए | ढ्याउँसिरे |
| ए- आन्द्रा झिकी | ढ्याउँसिरे |
| ए- पैजन बनाए | ढ्याउँसिरे |
| ए- आँखा झिकी | ढ्याउँसिरे |
| ए- पैजनका गेरा | ढ्याउँसिरे |
| ए- साँप्रा काटी | ढ्याउँसिरे |
| ए- मादल बनाए | ढ्याउँसिरे |
| ए- स्तन काटी | ढ्याउँसिरे |
| ए- मादलको गोठी | ढ्याउँसिरे |
| ए-हत्केला काटी | ढ्याउँसिरे |
| ए- झ्याली बनाए | ढ्याउँसिरे |
| ए-नसा झिकी | ढ्याउँसिरे |
| ए- झ्यालीका डोरी | ढ्याउँसिरे |
| ए- मादलको डोरी | ढ्याउँसिरे |
| ए- यसु र गिरी | ढ्याउँसिरे |

| | |
|---|---|
| ए- बजाउने चिज | ढ्याउँसिरे |
| ए- निमार्ण गरी | ढ्याउँसिरे |
| ए-चलाएको | ढ्याउँसिरे |
| ए- देउसी खेल्न | ढ्याउँसिरे |
| ए- आएका हामी | ढ्याउँसिरे |
| ए- बाँच्चौ भने | ढ्याउँसिरे |
| ए- अर्कोमा साल | ढ्याउँसिरे |
| ए- भेटमा हौंला | ढ्याउँसिरे |
| ए-मरेपछि | ढ्याउँसिरे |
| ए- खैं के गर्ने | ढ्याउँसिरे |
| ए- दैबको लीला | ढ्याउँसिरे |
| ए- दैबकै जिम्मा | ढ्याउँसिरे |
| ए- अहिलेलाई | ढ्याउँसिरे |
| ए- बिदा हुन्चौं | ढ्याउँसिरे |

(स्रोतः चित्र बहादुर डाँगी, हवामा, रोल्पा)

**(ग) भैली गीत**

| **भट्याउने** | **समूह** |
|---|---|
| लौ- भन भन साथी | भैली |
| लौ- स्वर मिलाई भन | भैली |
| लौ- वर्ष दिनको | भैली |
| लौ- तिहारैमा | भैली |
| लौ- काग तिहार | भैली |
| लौ- कुकुर तिहार | भैली |
| लौ- लक्ष्मी पूजा | भैली |
| लौ-गाई तिहार | भैली |
| लौ- गोवर्द्धन पूजा | भैली |
| लौ- भाइलाई टीका | भैली |
| लौ- रातो माटो | भैली |
| लौ- चिप्लो बाटो | भैली |
| लौ- अँधेरी रातमा | भैली |

लौ- लोड्दै पर्दै भैली

लौ- आयौ हामी भैली

(स्रोतः चामु प्रसाद खात्री घोडागाऊ, रोल्पा)

(ङ) प्रथमा देवीज्यू त उत्पन्न भयौ रे
जनम भयो कैलास रे
ज्योतिमा झगमगाए ए.......आ......
चौतिसा देवी चौसाठ्ठी जोगनी साथ रे
कैलासैमा बसेका राम गमकका
शिवजी देवता राम गमका
साथमा पार्वती राम गमका
काखैमा गणेश राम गमका

(स्रोतः चित्र बहादुर डाँगी हवामा-३, रोल्पा)

(च) सयपत्रीको फूल फुल्यो झकमक भयो
हाम्रा दाजै घर छैनन् कले लाउला ।
सयडाली फुलूँला, सयडाली झरुँला
तिम्रा दाजै आउन जनी फुली राखूँला ॥

(स्रोतः विमला वि.क. हवामा-४, रोल्पा)

(छ) डाँडैमाको पिपलु ता मैदानको चौतारी,
किन आउँछ पूर्वे हावा पातै फरर ।
हाम्रा बाबा नेपाल, हाम्री आमा नेपाल (काठमाण्डौं),
किन आउँछ पापी तीज मनै धरर ।
सानो मकै पाको, ठूलो मकै पाकेन,
अहिलेको तीजमा भाइले डाकेन ।

(ज) बाबाले भन्नु भयो चिठी के ला आएन
आमाले भन्नु भयो निन्द्रा लाएन
बाबा आमा सम्झेर रौला नि
धन कमाउन भा को छु मौलानी
नबसे है आँशु पिएर
आ- हो- आमा, वर्ष दिनमा आउँला है
मैन्हा दिनको छुट्टी लिएर

बाझै होला त्यो टारी खेत पनि
खाइकी हौ कि भोकै छ पेट पनि
नबसे है आँशु पिएर
आ-हो-आमा वर्ष दिनमा आउँला है
मैन्हा दिनको छुट्टी लिएर ।

(स्रोतः बीर बहादुर कवर, लिवाङ-७, रोल्पा)

**५. भलपूजा गीत/ भूमे गीत**

(क) फर्की फर्की चर्न लायो झुलेबहर, झुले बहर
वर्ष दिनको भलपूजैमा, फेरौं लहर, फेरौं लहर
दमाई दाइले सिउन लाग्यो छेउःछेऊ लाम्जमी२
क्वै मोरम्ला क्वै बाँचम्ला, फेरम सम्झनी, फेरम सम्झनी
भारैमाति तेरलाङ्ग, तुर्लुङ्ग, कर्ता भुतुरा, कर्ता भुतुरा
चिलिबीरी धापाधुमी, फाल्देऊ उतरा, फाल्देऊ उतरा
बसी बसी दिन गयो, भयो घमाइलो, भयो घमाइलो
क्वै बाँचम्ला, क्वै मोरम्ला, गरम् रमाइलो, गरम् रमाइलो
बेच दाइ साङ्लेको, घिउ टिनभरी, घिउ टिनभरी
भलपूजामा घुमी घुमी नाच जिउभरी, नाच जिउभरी
नेवार्नीको कपाल नाम्रो चुल्ठी बाटेर, चुल्ठी बटेर
क्वै मोरम्ला क्वै बाचम्ला, लाग्ला खातिर, लाग्ला खातिर३

ख) केटा : सुखसँग तिमीलाई राख्ने छु
गहनाले शिरपाउ ढाक्ने छु
नेपालैमा, होइ आमा
तिमीलाई राख्ने छु
गहनाले शिरपाऊ ढाक्ने छु
नेपालैमा, होइ आमा
खाउँ पानी खलल, फूल टिपी
देउतालाई झलल, नेपालैमा, होइ आमा

केटी : मनको ढोका थानदिई खोलेर
दुई दिन बसी जान्चौ कि छोरेर
नेपालैमा......................

केटा : तिम्रै देख्छु दिन रातै सपना
दुई दिन बस्ने होइन म पाहुना
नेपालैमा..........................

केटी : सपना त दिन दिनै बद्लिन्छ
जता न्याँनो मन उतै पल्किन्छ
नेपालैमा.............................

केटा : त्यति सारो छैन है म पापी
छोड दिन है एकचोटी समाती
नपालैमा...............................

केटी : मायाँ लाउने सबै त्यसै भन्छन् रे
डुली हिड्ने भवँरा झै हुन्छन् रे
नेपमलैमा.............................

(स्रोत : धन बहादुर महरा,बेलकुमारी थापा, धवाङ-५, रोल्पा)

(ग) सुनारैकी छोरी राम्री सुनका गहनाले, सुनका गहनाले
जीउ त मेरो सुकिसक्यो, मनका लहनाले, मनका लहनाले
सिकारी अल्मल पऱ्यो, लेख काट्यो चौकाले, लेख काट्यो चौकाले
गाऊ त गीत लाऊ त माया, भेट भैगो मौकाले, भेट भैगो मौकाले
चन्द्रमाको जीवन थियो, थियो झलमल, थियो झलमल
मैले माया लाउँदै थिएँ, काँ पऱ्यो अलमल, काँ पऱ्यो अलमल
के चरिले खोरै लायो ओराल कखेरीमा, ओराल कखेरीमा
जा-जा मौरी रसुल्या त बयल पखेरीमा, बयल पखेरीमा
ठारो टीको ठकुरीको तेस्रो, टीको खस्को, तेस्रो टीको खस्को
लाउदिन यो कल्की मायाँ छैन केही रस्को, छैन केही रस्को
लामो-लामो कालो कपाल माटोले नुवाउने, माटोले नुवाउने
कुन जुनीको सराप हो यो हृदय रुवाउने, हृदय रुवाउने
दूधै खाने बालखुले दै खाने पाउनाले, दै खाने पाउनाले
भिरको बाटो मैदान भइयो मै दुःखी धाउनाले,मै दुःखी धाउनाले
चोलो मेरो कालो जिनको छिटको घलेकु, छिटको घलेकु
औंसी लाग्या जिन्दकीमा चन्द्रमा काँ देखूँ,चन्द्रमा काँ देखूँ
गाईको बाछी झालेमाले भीर चर्च चर्दैन, भीर चर्च चर्दैन
गाउने मान्छे मै हुम् कान्छी मन पर्च पर्दैन, मन पर्च पर्दैन ।

(स्रोतः भिम बहादुर वि.क.,धवाङ, रोल्पा)

## ६. श्याम्मो गीत

(क) वर्षा र होइन छ मास हिउँदा
घाम लाग्यो घमाइलो२ श्याम्मो
बर्सई र दिनको मकर माघ
लौ गरौं रमाइलो२ श्याम्मो
ए ॥ श्याम्मो लौ गरौं रमाइलो ।

उई माघ जान्च उई माघ आउँच
जोवन ल आउँदैन२ श्याम्मो
माइती र भाञ्च सुख-सयल गरौं
बारम्बार पाउँदैन२ श्याम्मो
ए ॥ श्याम्मो बारम्बार पाउँदैन
भदौको बार जर्मुठा(निगालो) सर (तीर)
खुङ्ग्रेल धनुष छ२ श्याम्मो
नारजाली विष लेपेको तान
दशा विचार गर्नु छ२ श्याम्मो
ए॥ श्याम्मो दशा विचार गर्नु छ ।

बायाँ र हातमा धनुष र समाई
दायाँ र हातमा तीर२ श्याम्मो
साँच्चै रामजाली पुन रै' छौ भने
ताराको धर्सा छिर२ श्याम्मो
ए॥ श्याम्मो ताराको धर्सा छिर ।

(स्रोतः भिम बहादुर वि.क. उवा-५, रोल्पा)

(ख) पारी बनको पखेरैमा हा है कोकले करायो स्याम्बु
रोल्पाली दाजुभाइ हा है कता हरायो स्याम्बु
गैरी खोली माछा खिल्नी हा है पानी भो पयार स्याम्बु
नैर मन चेलिबेटी हा है हामी छौं तयार स्याम्बु
फुर्के गाईको राखे मैले हा है टिनैमा घिउ भरी स्याम्बु

हुन्च दाजु तिम्रा निम्ति हा है पुराम्ला जिउ भरी स्याम्बु
घुमाई घुमाई जोत्न लायो हा है बारकुनेको ढेला स्याम्बु
हामी पनि आयौ हेर हा है रात परेको बेला स्याम्बु
हिउँचोलिको डाँफोचरो हा है हिवैमा करायो स्याम्बु
क्वै मोरम्ला क्वै बाँचम्ला सम्झनी गरायो स्याम्बु
आधा भैंसी तल खोल हा है आधा भैसी पार स्याम्बु
नाच-नाच चिलिबिटी हा है मनको फाली  खार स्याम्बु
सधैं के खाम के लाम भन्ने हा है गरुलभिरको हेर स्याम्बु
बाँचिन् भने भल पैरोले हा है अर्को साल भेट स्याम्बु ।[४]

(स्रोत :मन प्रसाद बुढा, धवाङ-३ ,रोल्पा)

**७. असारे गीत/ धान रोपाइँ गीत/ झरी गीत**

**(क) खेतमा रोपाइँ शुरु  गर्दा गाइने गीत**

यस खेतमा सीमे भूमे रख्खे राखे भलै
हामी आइमाई हास्चम् खेल्चम् धार खान्चौ कि धूप
जडन धानको अक्षेता, रेसमैको धजे
कालु गाईको गोबर, मैलु गाईको दूध
वारी खेत रोपाइँ छ पारी खेत रोपाइँ छ
माझै खेतम सिलङ्गेको फूल छ
त्यही फूल टिपी गाँसेर भगवानलाई चढाम्ला
त्यही र फूल गाँसी, टिपी जेठै दाजी दरबार
वारी खेत रोपाइँ छ पारी खेत रोपाइँ छ
माझै खेतमा सिलङ्गेको फूल छ
त्यही फूल गाँसी, टिपी कान्छो दाजु दरबार
त्यही  र फूल टिपी कान्छी भाउजू माठ
भगुवानको दया भए सम्पूर्ण जो पाम्ला
बाचुन्जेल हाँसी खुसी राम्रोसँग खाम्ला

(स्रोतः निर्मला कवर, रूपा महरा लिवाङ)

(ख) रोपाइँ सकेर घरमा फर्कदा बाटोमा गाईने गीत

झारै बर्ने रोपिन् धान, चाँदी बर्ने फूले
सुनै बर्ने फले धान, धान्सारै जो भरे

दायँ लाएँ पिपलु त बायँ लाएँ बर
पर्खेउःपर्खेऊ हली दाजु सङ्गै जाम्ला घर
बाबैज्यूका रातो घर जोर धन्सार भरे
यसु घरका मुखिया त बीसासय बाँचे
बास झैं जो मौलाए, दुबो झैं जो गँजाए
पात झैं जो मौलाए, काँस झै जो फूलाए
मरिम् भने दिदीबैनी इन्द्रलोक भेट
बाचिम् भने दिदीबैनी आउने साल भेट ।

(स्रोतःनिर्मला कवर, रूपा महरा )

**(ग) घरमा पुगेपछि गाइने झारी गीत**

लोक निडाली एकै पात
बुराबुरी जिउन लाख
हली बाउसे जिउन लाख
घर रौतले एकै नास
एकको एकै हुन् जाउन्
पर्वतैको तामा-तमोर
घरैभरी हुन जाउन्
सयमुरी धान भकारी
घरैभरी हुन जाउन् ।

(स्रोतः रामकली परियार,पूर्णकला वि.क. लिवाङ-९, रोल्पा)

**(घ) दाइँ गीत**

माराभाइ माराभाइ माराभाइ माराभाइ
सह ल्याइदेऊ, जुरो माथि ल्याइदेऊ
सिङ्गमाथि ल्याइदेऊ, जुरोमाथि ल्याइदेऊ
खुरमाथि ल्याइदेऊ, पुच्छर माथि ल्याइदेऊ
जरन, झोरन, माल-मधेश दाङ्ग देउखरीको
सह ल्याइदेऊ, सङ्कार ल्याइदेऊ
पुत्ले माराभाइ, माराभाइ, तारे माराभाइ
डरीभरी लेऊ, कठोरभरी लेऊ
स्याबास बाबु माराभाइ, माराभाइ, माराभाइ, माराभाइ ।

(स्रोतः लाल बहालदुर कवर ,लिवाङ -७, रोल्पा)

(ङ) **हैंसागीत**

| **भट्याउने** | **समूह** |
|---|---|
| गरे हुन्च | हैंसा |
| छरे पाक्च | हैंसा |
| घलले घल्लाऊ | हैंसा |
| अरुले बल्लाऊ | हैंसा |
| डोरी सर्काई | हैंसा |
| साङो घर्काई | हैंसा |
| जमीन थर्काई | हैंसा |
| आँखा कर्काई | हैंसा |
| कम्मर मर्काई | हैंसा |
| जोर मार भाइ हो | हैंसा |
| सात्तै बल्लाऊ | हैंसा |
| हल्याङ हल्याऊ | हैंसा |
| हल्यो हल्यो | हैंसा |
| अब जान्च | हैंसा |
| दूत खानेले | हैंसा |
| जाँर खानेले | हैंसा |
| जाँरकै बल्लाऊ | हैंसा |
| गयो-गयो | हैंसा |
| हाऽऽऽ हाऽऽ है | |

(स्रोतः मतीलाल गिरी, लिवाङ-रोल्पा)

(च) **रोपाइँ गीत**

मुखियाका खेतारा त बिसौनीमा पुए
अझै हाम्रा खेतराले हेर्चन पानी छायाँ
बिदै पाऊ न महाराजैघर बाला रोए
जस्का हुनन् वाला चेला आफै निस्की जालान्
हामी चेली हाँस्दै-खेल्दै जाम्ला आधी रातै ।

(स्रोतः निर्मला कवर, रूपा महरा लिवाङ-७, रोल्पा)

## ८. धार्मिक गीत

### (क) भजन

धन्ने माता पृथ्वी बसुन्धरा माइ, नित्य सञ्जे आरती
नर नारायण शयनमा वायु आधार राम,
अन्न पानी त्रीणा रची शोभित बनाई ।
खुवाई प्राणी पालन गर्नलाई ॥
धन्ने माता पृथ्वी....................
हरि ऽऽ अनेक मुगामती तिम्रा गोध रिए राम
आज धातु खोजी खनी ल्याई ।
सोही धातु खारी खारी चलन बनाइ यु राम,
अक्कल दिइयु नरपतिलाई ॥
धन्ने माता पृथ्वी.........................

(स्रोतः एकदेव आचार्य लिवाङ-५, रोल्पा)

हरि ऽऽ बीचो वनमा सिंहराजाले गौवा चराई राम,
सगुवा पढाई ।
बीचो वनमा
हरि ऽऽ अघि र पछि भन्दछन, हामी आफै जनमिम् राम
उही पछि जनमे जेठा दाइ ।
अजप्रहरी रात बबा हाम्रा जनमे राम
उही त पोछि जनमिन् हाम्री माई ।
बीचो वनमा..........................

(स्रोतः भानुभक्त आचार्य, लिवाङ रोल्पा)

आठै महिना हरिको गर्भ वास भयो ।
निशिदिन कसको डर हुन आयो ॥
देवका र वासुदेव शयनमा गए ।
कस राजाका डरले अतास मन भए ॥
आठै महिना हरिको......................
शोक गर्दा गर्दैमा दुबै निदाए ।
गर्भवासी हरिले सपना देखाए ॥
आठै महिना हरिको हरिको.......।

(स्रोतः भानुभक्त आचार्य, लिवाङ रोल्पा)

देह जलेर खरानी भयो, धुवाँ उडी पवनमा जाई ।
मरेर भाइ सम्झी ल्याऊ रामकृष्णलाई ॥
कर्कलाको पानी जस्तो  यो हाम्रो जीवन
चारै दिनको रामछायाँ देखाई
मेरो भाइ सम्झि ल्याऊ, रामकृष्णलाई ॥

(स्रोतः भानुभक्त आचार्य, लिवाङ रोल्पा)

**(ख) कीर्तन**

हरे कृष्ण हरे राम, राम राम हरे राम ।
हरे कृष्ण हरे कृष्ण हरे हरे हरे राम
राम जपन, राम जपन
जिन्दगीको सपना, राम जपन ।
जानी काँ होला, जानी काँ होला,
उनै रामला थाह होला, जानी काँ होला ।

(स्रोतः कृष्ण प्रसाद शर्मा लिवाङ, रोल्पा )

(ग) व्रतगीत

नुहाइम्, धोइम् ग्वालेति त पसिम् फूलबारी
हाइ-हाई पसिम् फूलबारी
भोका पेट फुकाशेष पसिम् फूलबारी हाइ-हाइ पसिम् फूलबारी
जेठो थूँगो फूल टिपी जेठा ऋषिलाई हाइ-हाइ जेठा ऋषिला
श्रीखण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला
माइँलो फूल टिपी माइँला ऋषिलाा हाइ-हाइ माइँला ऋषिला
श्रीखण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला
साइँलो थूँगो फूल टिपी साइँला ऋषिलाा हाइ-हाइ साइँला ऋषिला
श्रीखण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला
काइँलो थूँगो फूल टिपी काइँला ऋषिलाा हाइ-हाइ काइँला ऋषिला
श्रीखण्ड चन्दन घोटी शिवला चढाम्ला हाइ-हाइ शिवला चढाम्ला

(स्रोतः देवा आचार्य/लक्ष्मी आचार्य लिवाङ ५/६ रोल्पा)

## ९. बाह्रमासे गीत

### (क) बालगीत

पानीमा डुबेर खेल्दा गाइने गीत
सङ्लो-सङ्लो पानी = गङ्गेरानी
धुम्लो-धुम्लो पानी = गङ्गेरानी
पैतला-पैतला पानी = गङ्गेरानी
घुँडा-घुँडा पानी = गङ्गेरानी
कम्मर-कम्मर पानी = गङ्गेरानी
छाती-छाती पानी = गङ्गेरानी
आँखा-आँखा पानी = गङ्गेरानी
टाउका-टाउका पानी = गङ्गेरानी
टुप्पी-टुप्पी पानी = गङ्गेरानी

(स्रोत : पवित्रा गोसाइ, सुमेल ३ रोल्पा)

### दशै आउँदा गाइने गीत

दशै आयो
खाम्ला, पिम्ला
कहाँ पाम्ला ?
चोरी ल्याम्ला
धत् पापी म त
छुट्टै बसम्ला

(स्रोत : भिम बहादुर वि.क.धवाङ,रोल्पा )

### ख) सिंगारु गीत

भोट्यालाई अल्मलै पाऱ्यो बाटै घोरी ब्याइर
आँफै रुन्चौ अर्के ऱ्वाउच्यौ घटी कर्म ल्याइर
खोलीको तुसारे घाँसको मैना पलाउँच ?
सुन्न दे बयाली मलाई मायाले बोलाउँच ?
गाई त गए मालामाल गाई किन बान्दिनौ
कैले-कैले आइजान्चु र साइकिन मान्दिनौ
बाटै तलै बाटै माथि महल्याइलो गानु
ए कभाते घरबार चाइँ त बर्तुन मरिजानु

के चरीले खोरै लायो ओराल कखेरीमा
जा-जा मौरी रसुल्या त बयाल पखेरीमा
गलम गाँठी क्याले पाऱ्यो गाई बान्ने दाम्लीको
घटी कर्म मेरै रैच पछिल्ला छाउलीको
कालीगङ्गा बग्दै आइगो कुनाकानी खेल्दै
हजुरका मायाजालले आको बयाल खेल्दै
रोल्पाका डाँराकाँरा, खोला सुसाएको
बैमानीका मायाजालले मनै रिसाएको

(स्रोत : लाल बहादुर कवर, रोल्पा लिवाङ)

गावै नाम्रो गरैला या ज्युली नाम्रो मर्म
फलेको टपरी जस्तो के भो बाँजो कर्म
कानैमा डल्बल्या सुन मन प्यौले पोत
मलाई पनि लैजा साईले झुल छाताका ओत
घोरी हिर्ने, भेरी हिर्ने जहारीको चौर
सङै जाम्ला तीर्थ घुम्न साई बैरागी हौ र
जार्कोटी सिपाइका लुगा घोइली कपासैका
हेर्दौनो घर्बारे कुरा, कस्तो तमासैका
कोदी काट्यो टाउकै टाउका, रैगयो कापना
बिरानो देशमा परें कोइ छैन आफ्ना
चोर्थी डाली भरैली य काफल डाली लै लै
आफू तोला गाउँघरैमा, भेटै हुँदैनन् कैल्यै
नाकैको डल्बल्या सुन च्यूरी काँ हुन्त्यो र
भेटै गरिजा बाल साइले भेटै कैले हुन्थ्यो र
साइको बारी मकै पाक्यो ल्याउन गोराचार
मुखैकी मायालु नानी पाच्यौं लोकाचार
घोगी-घोगी केलाई भन्चन् सिमलेर धोगी
जर्मनको दिन पाइन कि कर्म यस्तै हो कि
नाकैको नथिया मेरो च्युरी छान्यो खत
काँ थिएँ काँबाट आएँ यै मायाँका पत ।[४]

(स्रोत : लालबहादुर कवर लिवाङ ७ रोल्पा)

बटुकीमा तातो दूध तर खायो माखीले
टारैबाट क्यलाई हेच्यौ गाजली आँखाले

दिनका उँदै रातका उँदै काँ जान्च पानी य
मेरालेखी के कामको छ सुनको चवानी य
सुनको कलम दूधको मसी लेख बैना सिरी
गैजान्चु अंग्रेजी मुल्क आउने छैन फेरी
धानको बाली लरी-लरी पानी परी-परी
घरबारेको घर बिताम्ला यस्तै गरी-गरी
ठेट्वा बिन्ने राजमाँरी म बोल्दा बिन्न दसी
क्वै बाबुका छोरी छौ त आइजौ कम्मर कसी
उकालीको चीसो पानी खाइजाउँःखाइजाऊँ लाग्च
यति राम्री पातलीलाई लैजाम्-लैजाम् लाग्च
चिल्लो-चिल्लो कैलो-कैलो परेवाको कल्की
हाँसी माया लाउँदा-लाउँदै म सित पो सल्की ।[५]

(स्रोत : भक्त बहादुर पुनः बामरुक ७ रोल्पा)

हाई - थोरै किन्दिऊ बाबै सिका र दामैले
कैले आम्ला रिङ्दै घुम्दै कैले त कामैले
हाई - सिकारी अल्मलै पऱ्यो, लेख काट्यो चौकाले
हाई - माथि पऱ्यो बाहुन ठाना तल पऱ्यो आला
तेरी दिदी भागी गै-गै फर्काइ ल्याइदे साला
हाई - मासु मीठो कालिजको झोल, मीठो तित्राको
साईको दर्द म के चालपाऊँ कलेजी भित्रको
हाई - दिन भन्दा पनि दोब्बर सम्झन आउँच राती
राम्रा-राम्रा तरुनीका ब्यानभाकै जाती
हाई - लेखैका गुवाला दाजु ठेउलीभरी नून छ ।
म बोल्झा सरमै मान्चु साई बोल्पा हुन्च

(स्रोत : भक्त बहादुर पुन, बामरुक ७ रोल्पा)

**(ग) टप्पा गीत/बनगारी गीत**

सुल्या त बादीले पाऱ्यो, चिलम क्याले पाऱ्यो
तिर्खा त पानीले माऱ्यो, मायाँ केले माऱ्यो
क्वै लाउँचन दैचाम्ले टीको, क्वै लाउचन् गाजलु
घरबरलाई बैराक लाग्च, नबजाऊ मादनु

दाङ्को थारु के भै मोऱ्यो, कत्तिके शीतैले
काँ आइत्यौ नभन्नु साइले, म आइगे रितैले
नाखिरका उकालैमा, कर्खा जोरे गाइन
सुन जोख्ने तराजुमाथि मायाँ जोख्न पाइन
टोपी मैले हिलो लाइगो धोइदिने क्वै छैन
बैराकी यो मऱ्यो भने, रोइदिने क्वै छैन
सुनारैकी छोरी राम्री, सुनका गहनाले
जीउ त मेरो सुकिसक्यो मनका लहनाले
आज बैनी काँ गै भन्ते, गाई ग्वाला गैच र
बिहान बारुली लायो, भेट हुने रैच र

(स्रोत : चित्र बहादुर डाँगी हवामा ३ रोल्पा)

रात चर्ने रतुवाइ य दिनलाई भोकै छ
दन्त पापी हाँसी खेलु मन पापी सोकै छ
चोली सिइदेऊ मखमलको सेप्टी लाइदेऊ तुलको
एक त चोला चारै दिनको केइ भएन मनको
हाल बैनी डोका केरा एकादशी खाम्ला
मोहनमाला सधै लाम्ला जोवन कहाँ पाम्ला
लुगा धुने साबुन य मन धुने बचन
विलरी छुटेको दिन रुन्छ मन रनबन
सौतानेको बाँझो घरबार द्यौ-द्यौ हुन्च खानु
पालु भने चल्ला छैन माइती के ले मानु
तल पऱ्यो गैरी गाउँ माथि छरा खोला
साई हामीले लाको माया नबिर्सिनु होला
बाछीले धान खान लाइयो लेला बाछी लेला
कक्कर दिने पोइल गइए कक्कर कोले देला
गोल्भिराको अचार बनाऊ तीतो भो करेली
मुखले बोले बाइलो हुन्च झिम्काइदेऊ परेली
सुन्तला चुकिलो भैयो लेऊ बेलौती खान्चु
रुमाल देऊ र माया बान्चु बिदा देऊ र जान्चु

(स्रोत : चित्र बहादुर डाँगी हवामा, ३ रोल्पा)

हाँगी चल्यो बाँदरुले लेक चल्यो गुणाले
साइको हाम्रो भेट भयो राखेइको हुनाले
हात काटे बिसाउने रैछ चोया नरमैले
बोल्ने गलि क्यै आउँदैन साइका सरमैले
जा बैना जुमली पोइल बाटो सरासरी
रूपैले जितौले साइले माया बराबरी
काँशी जाने दोबाटैमा, रुख ढल्यो पैयाँको
पूजा लाउँछु, भगुवानको वर माग्छु मइयाको
लेख ठूलो मस्तै जारो बर्की लैजाने हो
जस्को लाग्छ भारी माया उस्कै गैजाने हो ।

(स्रोत : राम बहादुर डाँगी, हवामा, ३ रोल्पा)

**(घ) भ्याउरे भाकाका गीत**

लठ्ठे जोगी साइँली खरानी घसेको
लौरो माया चौकिदार बसेको
डाँडा पाखा साइँली लाल पाख्यो बयर
रुन्छ मन बैरागी भएर
नाच-नाच साइँली पाइतलै सारेर
भुइँको धुलो मैदानै पारेर
शिरै लाउने साइँली दशैंका जमरा
तिमी फूल म हूँला भमरा
पानी पऱ्यो साइँली खोलीको लेउ-लेउमा
लाग्च माया कलेजी छेउ छेउमा
हातै फुट्यो साइँली डम्फु खन्जनीले
नीद भोग आइन साइँकै सम्भनीले
लगाऊ मायाँ साइँली हितैको परानी
मन जलेर भैसक्यो खरनी
सरसर साइँली मदानीसर
यो घरको सम्भनै नगर
मेरो माया साइँली काँ होला काँ होला
दिनमा आउने सुर्जेलाई था होला

हेर्दा खेरी साइँली सर्बले तन्नेरी
बालक जस्तो गर्छौं नी अन्नेरी

(स्रोत : धना घर्ती, हरिगाउँ, ७ रोल्पा)

सल्लेरीमा सल्लैको खोटो छ निरमायाँ सलल
म मरे नि दैलैमा फेटो छ निरमायाँ सलल
खोलापारि म माया लाउँदैन निरमायाँ सलल
बर्षा लागे म आउँन पाउदैन निरमायाँ सलल
घर मेरो पातीले बारेको निरमायाँ सलल
कति रुनु कर्मैले हारेको निरमायाँ सलल
रातो माटो लिपेर भन गेरु निरमायाँ सलल
कर्मै खोटो रोएर के गरु निरमायाँ सलल
नाच-नाच पैजनै चालेर निरमायाँ सलल
भुइको धुलो शिरैमा फालेर निरमायाँ सलल

(स्रोत : ओम बहादुर सेन/बीर बहादुर कवर, लिवाङ ७ रोल्पा)

हाम्रो रोल्पा जिल्लामा अग्ला अग्ला पहाड छन्
पर्यटक रोल्पा आउदा क्या राम्रो भन्छन्
राप्ती अञ्चल भित्रै पर्ने रोल्पा जिल्ला पनि
(प्रकृतिले भरिपूर्ण सुन्रताको धनी)[२] हो
एक जुट भह उठौ सबै कोही पछि नपरी
(गौरव बचाऊ देशमै चिनाऔं हामी सधैभरी हो
हाम्रो रोल्पा जिल्लामा नदी र वनजङ्गल छन्
(पर्यटक रोल्पा आउँदा साह्रै रमाउँछन्)[२]
(पर्यटक रोल्पा आउँदा क्या राम्रो भन्छन्)[२]

(स्रोत : दिपक पुन, खुङग्री खलसिङ्गे रोल्पा)

साह्रै राम्री रहेछेउ तिमी तिमीलाई छोडदिन म
तिमीसँग जोड्छु नाता अरुसँग जोडदिन म,
पहिलो भेट मै सोधे म त का होला घर
(यति राम्री मायालुको के होला नाम थर)[२]
तिम्ले साथ दिन्छौ भने हरेक दुःख सहन्छु म
तिम्रै मनको ढुकढुकीमा सधैभरि हन्छु म

जुनीजुनी तिम्रै भएर बाँचेर रमाउला
(पिरतीको बेग्लै सुन्दर संसार बनाउला)[२]
जलजलामा म घुम्दै आए
(साह्रै राम्री मायालाई भेटाए)[३]

(स्रोत : दिपक पुन - खुङ्गी, रोल्पा)

पल्लो पट्टी हिमालचुली दुम्सी लर्‍याङ ल्याङ
उठ बुढी मकै भुट खाउला कर्‍याम कर्‍याम
छ्या बाबा कम्मर दुख्यो पोइ मोराले कुत्यो
कुटेको झोकै उफ्र तीन धान मकै भुत्यो
तीन धान मकै भुटेर नै उसको भुँडी फुट्यो
के को खोपी के को खोपी गुच्चा खेल्ने खोपी
तरौनीको कम्मरमा तन्नेरीको टोपी
एउटा गोरु झालेमाले एउटा गोरु फुर्के
तिम्रो बाको दारी जुङ्गा बन्चराले खुर्के
हिजो राती सपनी देखेको
आजै रहेछ भेट हुन लेखेको
मैले खाने हिमाल पानी आदि छ कि भरी
अध्याँरोमा आएछौं चेली काली छौं कि गोरी
काली छैन गोरी छैन झिल्के बाउ कि छोरी
धागो देउला पिङ्गी देउला बुन्देऊ जाले डोरी
मेरी आमा अभागिनी किन पाईथ्यौं छोरी
बाबाले दिम्भन्थे आमा मन नपरी
दैवदसा छुटाउने भेट गराउने हरि
हिड्दा डुल्दा पानी पर्‍यो नसुके कर्णाली
जति खानु उति मिठो धन्द माया जोरी
नानी तिमीलाईं आजै देखेको
तिम्रो रूपमा चन्द्रमा लेखेको

(स्रोत : राम बहादुर डाँगी - हवामा २ रोल्पा)

भेरी अञ्चल रापती, कर्णाली,
आफ्ना, आफ्ना, संस्कृति संगाली

आए रोल्पाली, हिमाल, पहाड मधेश तराई
अनेक भाषा छन थरिथरि
सियो धागोले उनेको फूल सरी
आए ................................ ।
मेची काली हिमाल ताराई
एउटै सन्तानका कोई छैनौं पराई ।
आए ................................... ।
आज भोलि रोएकी छिन जननी
एक जुट होउ पहाड मधेश नभनी
आए .................................... ।

(स्रोत : धना घर्ती/लोकेन्द्र महरा, हरिगाउँ ७ रोल्पा)

टाढा टाढा भएछौ नि है
मेरो घरमा आउदा जादा पस्नु है
दुःखीले के दिन्थ्यो र खै
खान दिउँला मकैसँग महि
को हो को हो भन्छ कोइली
सारै दुःख पाइयो नि पिरतिको चोटले्
म त हजुर गाउँको गोठाले
के भन्न खोज्दै छ तिम्रो ओठले
यो नजरले त्यो मन छोको छ
नजरैले खिचेको दिलमा एउटा फोटो छ
लिने भए जोवन चोखो छ
सुनमा पितल मिसाउने धोको छ ।

(स्रोत : खिम बहादुर कवर, लिवाङ ७ मेवाङ)

देशमा शान्ति आउन सकिन
रुदै भन्छिन नेपाल आमाले
नयाँ नेपाल बन्न सकेन
धेरै वगे शहिदका रगत
देशमा शान्ति हुन्छ कि अब त
देशमा शान्ति आउन सकेन

रुदै भन्छिन नेपाली आमाले
नयाँ नेपाल बन्न सकेन
भाइभाइमा झगडा गर्छन पो
यस्तो चालले चुनाव हुन्न पो
देशमा शान्ति आउन सकेन
रुदै भन्छिन नेपाल आमाले
नयाँ नेपाल बन्न सकेन
आजभोलि चुनावको चर्चा छ
राजनीतिमा झमेला भइरा छ
देशमा शान्ति आउन सकेन
रुदै भन्छिन नेपाल आमाले
नयाँ नेपाल बन्न सकिन

(स्रोत : लोकेन्द्र महरा, जेदबाङ ४ रोल्पा)

**(ङ) ठाडो भाकाका गीत**

साइँलैजी - काला लेक कैलशैमा भेट कैले हुन्त्यो र मालै हो बरै
साइँलैजी - सोचेजस्तो हुने भए मन किन रुन्त्यो र
साइँलैजी - राती चर्ने रतुवाइ य दिनलाई भोकै छ मालै हो बरै, होइन साँच्चै
साइँलैजी - दन्त पापी हाँसु-खेलु मन पापी शोकै छ मालै
साइँलैजी - आँखी नाम्रो परेबैको प्वाखै नाम्रो सारी मालै हो बरै
साइँलैजी - के को माया लगाम् भन्चौ पार्ने हौ जारी मालै
साइँलैजी - गाइको बाछी झाले माले भीर चर्च चर्दैन मालै हो रै, होइन साँच्चै
साइँलैजी - गाना गाउने मै हुम् कान्छी मन पर्च पर्दैन मालै
साइँलैजी - डाँरागाउँको सुनारैले सुन जोखेर तोला मालै हो बरै
साइँलैजी - ताराको पाइ परे पनि नबिर्सिनु होला मालै

(स्रोत : ओम बहादुर सेन, वीर बहादुर कवर, लिवाङ-७ रोल्पा)

हे साइँलैजी - गाइती जाने गुवालाले घाँस काट्यो छ पुला
हे साइँलैजी - यो मायाले भैन भने झन माया थपुँला मालै
हे साइँलैजी - गाई त मालै माल आए गाईको नाउँ तिलुकी
हे साइँलैजी - म मौरीको भेसै गरी गालीमा चिलू कि-मालै
हे साइँलैजी - धार्नी फलाम खारी-खारी सेर बिसौली धन

हे साइँलैजी - माया लाउने भन्चु मेलै के छ साइको मन-मालै
हे साइँलैजी - धुगुती घुराउन लाइगो खेतैको आलीमा
हे साइँलैजी - जुन फूल लाउँचु वैलाइजान्च नहुने पालैमा-मालै
हे साइँलैजी - पगरी झल्किन लाइगो माल्टी सुनार दाइको
हे साइँलैजी - विर्सेलु भन्दा नि हुन्न पापी मया लाइगो-मालै
हे साइँलैजी - हातमा बाला कानमा सुन, भोटेले लाउँदैन
हे साइँलैजी - निर्मायाको रैचौ तिमी, म मया पाउँदैन-मालै
हे साइँलैजी - कर्णाली घुमाउरो पऱ्यो, लौरी बगाउँदै
हे साइँलैजी - बैराकीको बाँझो मन बसी अघाउँदैन-मालै
हे साइँलैजी - गुवालाले मूर्ति लेख्यो, आँसीको विरभरी
हे साइँलैजी - म साईलाई बारुली लाउँला भोलिको दिनभरी-मालै

(स्रोत : धनराज वि.क. लिवाङ-७ रोल्पा)

केटा : ह......... जलजला शिरैमा पानी है पऱ्यो
सालैजो रापती चिसो भो
केटी : रालैजो रापती चिसो भो
केटा : ह......... छुटिदा दिलैमा लागेको घाउ त
सालैजो भेट हुँदा बिसो भो
केटी : सालैजो भेट हुँदा बिसो भो
केटा : ढाँटेको होइन साँच्चै बोलेको
सालैजो भेट हुँदा बिसो भो
संयुक्त : भा छ भेट ला को छ कस्तो
(झरी बादल हटेको दिन जस्तो)[२]
केटा : ह ... धेरैमा पछि भेट हुदा खेरी
सालैजो फाट्यो मनको बादल
मायाले बजाउ ताल मिलाई डम्फू
(सालैजो मै बजाउला मादल)[२]
ढाँटेको होइन साँच्चै बोलेको
सालैजो मै बजाउला मादल
संयुक्त : धेरै पछि भेट हुदाखेरी
(दिन झै ला छ औंसीको अँधेरी)[२]

(स्रोत : शब्द, लय, स्वर.... नन्द घर्ती, तुलसा मगर, खुमेल रोल्पा)

**(च) विविध भाकाका गीत**

दिदी बैनी भेट हुँदा घुमाऊँ काँसै स्वर साइँला
बाँचुन्जेल हाँसौ-खेलौं कति दिन पो हो र साइँला
तल्लो भेग भलले लग्यो सयमुरी खेत साइँला
चिनो पठाउँ काठमाडौंमा दिदी बैनी भेट साइँला
लिबाङ, धबाङ, थवाङ कति राम्रो जिल्ला साइँला
साई सति छौ कि म छु पछि बिचार मिल्ला साइँला
धेरै माइत नबस माया कोइल्लेगिदेला साइँला
कामी क्षेत्री, बाउन र मगरको जात साइँला
बोली बचन फरासिलो रूपै छ अचम्म साइँला
यस्तो मर्द छोरा पाउने कस्ता छन् बाउ-आमा साइँला

(स्रोत : पूर्णकला घर्ती, दिलमाया बुढा, उवा ५ रोल्पा)

**(आ) मयाँले भाकाका गीत**

रङ्गै गरौं रोल्पा बजार के छ र त लिनु मयाँले
मरे पनि सम्झन होला राखैं है त चिनो मयाँले
मनको धोका नगएर खलबल किन मयाँले
ज्योति छैन, जीवन छैन मर्ने बेला चिनो मयाँले
बल्ल-बल्ल भयो हाम्रो मौकाले पो भेट मयाँले
जीवन पापी गए पनि फर्काऊँ हाम्रो चेत मयाँले
चार दिशैमा हाँसी खेली मनको धोका गइन मयाँले
गइसकेको फर्काइ ल्याउँदा कोइलई स्वाउने छैन मयाँले
रोल्पालीको खेती किसान जो किन्नेले किन मयाँले
बसौं है त बुराबुरी परम्पराको चिनो मयाँले
जैले जान्च यो पराणी उइले डोका-डाला मयाँले

(स्रोत : यामकुमारी वि.क./नरमा वि.क. उवा ३ रोल्पा)

**(आ) फाङ्क/फाँक भाकाका गीत**

पुरुष : कान्छा खरानीका, जुन्किरीका लुगा मैला कान्छा खरानीका
यौटै परानीका, साई मरे म मरिजाम्ला यौटै परानीका
महिला : पारी पायो रूपा, भैसी मेरो तिलकीले पारी पायो रूपा

हिउँचुलीका टुप्पा, हिर आजै भागेर गैजाम् हिउँचुलीका टुप्पा
पुरुष : पीपलु छायाँले, धानबाली, च्युरानी भयो पीपलु छायाँले
म घुम्चु मायाँले, मौरी घुम्च रसका लागि म घुम्चु मायाँले
महिला : गाई मेरो तिलुकी, बाछी मेरो औले धौले गाई मेरो तिलुकी
गालीमा चिलूँ कि, मौरीको भेष गरी साइलई गालीमा चिलूँ कि
पुरुष : माथि बाउन ठाना, तल पऱ्यो आला ज्यूला माथि बाउन ठाना
बाला रसु खाना, म आएँ फूलबारी भित्र बाला रसु खाना
महिला : पीपलैको पात, ओर्किन-फर्किन लाइगो पीपलैको पात
हजुरैका सात, बैराकी होइजान्चु केर हजुरैका सात
पुरुष : बादलैको घेरो, सगरैका चारै कुना बादलैको घेरो
माया तेरी-मेरी, भन्नेलाई दे साई या माया तेरो मेरो
महिला : खोला कराञ्जीको, यो बाँसुरी काँ को रैच खोल कराञ्जीको
होला मरन्जीको, साइको मेरो लौरु माया होला मरन्जीको

(स्रोत : बम कुमारी बुढा मगर, कोर्चावाङ, ४ रोल्पा)

**(इ) स्यानीमाया भाकाका गीत**

कारिबाटी साई चुलठी तेल भिज्यो सिउँदैमा स्यानीमाया
मरी जाँदा के लग्नु छ भेट नाम्रो जिउँदैमा स्यानीमाया
सुन्तला चुकिलो भैयो लेऊ बेलौती खान्चु स्यानीमाया
रुमाल देऊ र मायाँ बान्चु बिदा देऊ र जान्चु स्यानीमाया
सगर लाग्यो गडकिन पानी लाग्यो चुन स्यानीमाया
जोबन लाग्यो लसकिन मन त लाग्यो रुन स्यानीमाया
कैल्यै तल कैल्यै माथि चर्के पिङको पिर्का स्यानीमाया
पानी खाई र मेटिदैन मायाजालको तिर्खा स्यानीमाया
दूध भन्दा कुराउनी मीठो भैंसी बगालेको स्यानीमाया
के कर्म लिए छु, मैले पानी पखालेको स्यानीमाया
हात पुग्दैन लौरी छै पहरैमा सुन छ स्यानीमाया
अर्कालाई बुझाउने मन आफैं किन रुन्च स्यानीमाया

(स्रोत : पूर्ण बहादुर डाँगी/श्याम डाँगी गैरीगाउँ, ३ रोल्पा)

हे बरै - काफल खानु कालो गेडी तेर्छ र डालीको
कति मलाई माया लाग्ने मोहनी चेलीको
हे बरै - धबाङ खोलो धोई धमिलो धोबीले धुनाले
नुन बिले झैं यो जिउ बिल्यो दिनको म रुनाले

हे बरै - लाए पछि सबलाई स्वाउने लाको दन्तै बिरी
भेट हुदाँ लाम् है माया काँ भेटम्ला फेरि
हे बरै - ग्वाला दाईले के घाँस काट्यो बाजैको पथरी
गिद गाइम् माया लाइम् ढल्काम् तो कोठारी
हे बरै - राङो ढल्यो मौला मौलै बगायो रकत
लालम् मयाा गालम् गिद भेट भाको बखत

(स्रोतः स्व. सर्जु थापा, गजुल रोल्पा)

## सन्दर्भ सामग्रीसूची


आचार्य, गोविन्द, **रापतीका गीत,** नेपाल : अतिरिक्त प्रकाशन, २०६० ।

आचार्य, गोविन्द, **राप्ती अञ्चलका लोकगीतको विश्लेषण,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रि. वि., २०६० ।

आचार्य, महेशकुमार, **रोल्पा जिल्लाका खाम मगरहरुको सामाजिक संरचना,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग त्रि. वि., २०५२ ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्य की भूमिका,** इलाहावाद : साहित्यभवन, प्रा. लि., इ. १९८४ ।

उपाध्याय, केशवप्रसाद, **पूर्विय साहित्य सिद्धान्त,** तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन, २०५५ ।

कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य,** काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२० ।

खत्री, टेकबहादुर, 'लोकसाहित्य लोकसंस्कृतिको आधार' तुलसी दिवस (संयोजक) **नेपाली संस्कृति संगोष्ठी,** काठमाडौं : ने. रा. प्र. प्र., २०३५ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं : एकता प्रकाशन, २०५७ ।

जोशी, सत्यमोहन, "लोकगीतका केही झल्का", **प्रगीत,** वर्ष ३, अङ्क २, पूर्णाङ्क १४, पृ. १४५, २०१२ ।

जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौं : ने. रा. प्र. प्र., २०३० ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., २०४१ ।

डाँगी, अम्बिकाप्रसाद, **रुकुमेली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., २०६२ ।

नेपाल, पूर्णप्रकाश 'यात्री', "नेपाली लोकगीत", (विचारमञ्च) **मधुपर्क,** वर्ष १५, अङ्क ८, पृ. ३३, २०३९ ।

पन्त, कालिभक्त, **नेपाली लोकगीतको आलोक,** काठमडौं : वीना प्रकाशन, २०२८ ।

पराजुली, कृष्णप्रसाद, "नेपाली लोकगीतको वर्गीकरण", **ओलन,** काठमाडौं : काभ्रेली परिवार, पृ. १६, २०५१ ।

......, ............ , **राम्रो रचना मीठो नेपाली,** बाइसौं संस्क., काठमाडौं : सहयोगी प्रेस प्रा. लि., २०५७ ।

पराजुली, मोतीलाल, "लोकगीतको संरचना", **कुञ्जिनी**, वर्ष ११, अङ्क ८, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि. वि., पृ. २१, २०६० ।

पराजुली, मोतीलाल र जीवेन्द्रदेव गिरी, **नेपाली लोकसाहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन, २०६८ ।

बुढा, अमरसिंह, **रोल्पा जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि., २०६४ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स, २०५८ ।

भारती, सरिता, **रोल्पा जिल्लाका साहित्यिक गीतविधिहरुको सर्वेक्षणात्मक अध्ययन,** नेपाली केन्द्रीय विभाग, त्रि. वि., २०६२ ।

शर्मा, वसन्तकुमार 'नेपाल', **नेपाली शब्दसागर,** काठमाडौं : भाभाः पुस्तक भण्डार, २०५८ ।

श्री ५ को सरकार, **मेचीदेखि महाकाली,** काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

सत्यन्द्र, **लोकसाहित्य विज्ञान,** आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी, ई.१९७१।